# *आलोपालो* उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
अनिता पुन
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७१

## शोधनिर्देशकको मन्तव्य

*"आलोपालो* उपन्यासको विधातात्त्विक अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह, दोस्रो वर्षकी छात्रा अनिता पुनले मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै मिहिनेतका साथ तयार पार्नु भएको यो शोधप्रतिवेदन आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

..................................

उपप्रा. डा. दुर्गाबहादुर घर्ती
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

मिति : २०७१/०१/१०

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागकी छात्रा अनिता पुनले स्नातकोत्तर (एम.ए.) तहमा नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि तयार पार्नु भएको "**आलोपालो** उपन्यासको विधातात्त्विक अध्ययन", नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. प्रा.डा. देवीप्रसाद गौतम ................................
(विभागीय प्रमुख)

२. उपप्रा. दुर्गाबहादुर घर्ती ................................
(शोध निर्देशक)

३. उपप्रा. ढाकाप्रसाद घिमिरे ................................
(बाह्य परीक्षक)

मितिः २०७१/०१/२८

# कृतज्ञताज्ञापन

"*आलोपालो* उपन्यासको विधातात्त्विक अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयाजनका लागि डा. दुर्गाबहादुर घर्तीको कुशल निर्देशनमा तयार गरेको हुँ । आफ्नो व्यस्तताको समयमा पनि यस शोधकार्यको तयारीका लागि आवश्यक सहयोग, सल्लाह एवम् सुझाउ प्रदान गरी कुशल निर्देशन गर्नु भएका आदरणीय गुरू डा. दुर्गाबहादुर घर्तीप्रति म सर्वप्रथम हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यका लागि अनुमति प्रदान गर्नुका साथै समयानुसार आवश्यक सल्लाह एवम् सुझाउ प्रदान गरी सहयोग गर्नु हुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई यस अवस्थामा ल्याइपुऱ्याउने पूजनीय माता पिताप्रति म हार्दिक भक्तिभाव व्यक्त गर्दछु । मेरो यस शोधकार्यमा हरबखत सहयोग गर्ने मेरी दिज्यू रूपा राना र उमा मगरप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै मेरो सफलताका लागि अनवरत रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण आदरणीय आफन्तहरूप्रति पनि म ऋणी छु । त्यस्तै मेरा मित्रहरू तथा अन्य सहयोगी महानुभावहरूप्रति पनि हार्दिक आभार प्रटक गर्दछु । अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेस गर्दछु ।


अनिता पुन
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर


मिति २०७१/०१/१०

# विषयसूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **परिच्छेद एक : शोधको परिचय** | | **१-३** |
| १.१ | विषय परिचय | १ |
| १.२ | शोधसमस्या | १ |
| १.३ | शोधकार्यको उद्देश्य | १ |
| १.४ | पूर्वकार्यको समीक्षा | १ |
| १.५ | शोधको औचित्य र महत्त्व | २ |
| १.६ | शोधकार्यको सीमाङ्कन | २ |
| १.७ | शोधविधि | ३ |
| | १.७.१ सामग्री सङ्कलन विधि | ३ |
| | १.७.२ अध्ययन तथा विश्लेषण विधि | ३ |
| १.८ | शोधपत्रको रूपरेखा | ३ |
| **दोस्रो परिच्छेद : शङ्कर कोइरालाको औपन्यासिक यात्रा** | | **४-१२** |
| २.१ | विषय प्रवेश | ४ |
| २.२ | शङ्कर कोइरालाको संक्षिप्त परिचय | ४ |
| २.३ | साहित्यिक लेखनको प्रेरणा र प्रारम्भिक लेखन | ५ |
| २.४ | शङ्कर कोइरालाको साहित्यिक व्यक्तित्व | ६ |
| | २.४.१ कथाकार व्यक्तित्व | ६ |
| | २.४.२ उपन्यासकार व्यक्तित्व | ७ |
| | २.४.३ नाटककार व्यक्तित्व | ८ |
| | २.४.४ निबन्धकार व्यक्तित्व | ८ |
| | २.४.५ कवि व्यक्तित्व | ९ |
| २.५ | संलग्नता, सम्मान तथा पुरस्कार | ९ |
| २.६ | शङ्कर कोइरालाको उपन्यास लेखन यात्रा | १० |
| | २.६.१ पहिलो चरण (२०१८ देखि २०३२ सम्म) | १० |
| | २.६.२ दोस्रो चरण (२०३३ देखि २०५४ सम्म) | ११ |
| २.७ | निष्कर्ष | १२ |

**तेस्रो परिच्छेद : विधातात्त्विक आधारमा *आलोपालो* उपन्यास** **१३-५८**

३.१ विषय प्रवेश १३

३.२ उपन्यासको विधातत्त्व १३

३.२.१ कथानक १४

३.२.२ पात्र १७

३.२.३ परिवेश २०

३.२.४ भाषा २१

३.२.५ शैली २१

३.२.६ उद्देश्य २२

३.२.७ दृष्टिविन्दु २२

३.३ *आलोपालो* उपन्यासको औपन्यासिक संरचना २४

३.३.१ कथानक २५

३.३.२ पात्र/चरित्रचित्रण ३७

३.३.३ परिवेश ४८

३.३.४ भाषाशैली ५१

३.३.५ उद्देश्य ५४

३.३.६ दृष्टिविन्दु ५५

३.४ निष्कर्ष ५७

**चौथो परिच्छेद : *आलोपालो* उपन्यासको प्रवृत्ति** **५९-६१**

४.१ विषय प्रवेश ५९

४.२ सामाजिक यथार्थवाद ५९

४.३ स्थानीयता र ग्रामीण परिवेशको चित्रण ६०

४.५ मनोवैज्ञानिकता ६०

४.६ सरलता ६१

४.७ निष्कर्ष ६१

**पाँचौ परिच्छेद : उपसंहार** **६२-६५**

**सन्दर्भ ग्रन्थसूची**

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

शङ्कर कोइराला नेपाली साहित्यमा विशेष गरी आख्यान विधाका प्रतिभा हुन् । कथा, उपन्यास, निबन्ध, कविता र नाटक लेखनमा उनको सक्रियता रहेको छ । अझ उपन्यास लेखनमा उनको प्रतिभाले सफलता प्राप्त गरेको छ । उनी नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराका उपन्यासकार हुन् । कोइरालाको *आलोपालो* उपन्यास सामाजिक विषयवस्तुमा आधारित रहेको छ । नवीन प्रकाशन वाराणसीले २०३४ सालमा प्रथम पटक प्रकाशित गरेको यस उपन्यासमा समाजमा बढ्दै गएको यौन विकृति र विसङ्गतिका रूपलाई देखाउन खोजिएको छ । यस उपन्यासको हालसम्म कृतिपरक अध्ययन नभएको सन्दर्भमा प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.२ शोधसमस्या

*आलोपालो* उपन्यासको कृतिपरक अध्ययन गर्नु प्रस्तुत शोधकार्य प्रमुख समस्या हो । प्रमुख समस्यासँग सम्बन्धित मुख्य मुख्य समस्याहरू निम्नलिखित रहेका छन् :

क) संरचनागत आधारमा *आलोपालो* उपन्यास के कस्तो छ ?

ख) प्रवृत्तिगत अधारमा *आलोपालो* उपन्यास के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

*आलोपालो* उपन्यासको कृतिपरक अध्ययन गर्नु प्रमुख उद्देश्य रहेको प्रस्तुत शोधकार्यका मुख्य मुख्य उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) संरचनागत आधारमा *आलोपालो* उपन्यासको अध्ययन गर्नु ।

ख) प्रवृत्तिगत आधारमा *आलोपालो* उपन्यासको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली उपन्यासका क्षेत्रमा सामाजिक यथार्थवादी धाराका उपन्यासकार शङ्कर कोइरालाको *आलोपालो* औपन्यासिक कृतिका बारेमा पूर्व अध्येताहरूले अभ्ययन गरेका छन् ।

ती अध्यताहरूले गरेका अध्ययन र सर्वेक्षणका क्रममा प्राप्त भएका सामग्रीहरूलाई कालक्रमिक रूपमा सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

घटराज भट्टराई (२०५१) ले *प्रतिभै प्रतिभा र नेपाली साहित्य*मा शङ्कर कोइरालको सङ्क्षिप्त परिचय दिँदै उनको उपन्यासकारिताको परिचय पनि दिएका छन् । प्रस्तुत अध्ययन सङ्क्षिप्त परिचयमा सीमित छ ।

केशरबहादुर खवास (२०५५) ले *उपन्यासकार शङ्कर कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व* शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा आलोपालो उपन्यासको पनि चर्चा गरेका छन् । त्यस क्रममा उनले यस उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास भनेका छन् । प्रस्तुत अध्ययन अत्यन्त सङ्क्षिप्त छ ।

राधाकृष्ण भट्टराई (२०६१) ले *खैरिनीघाट उपन्यासको कृतिपरक अध्ययन* शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा *आलोपालो* उपन्यासको पनि उल्लेख गरिएको छ । प्रस्तुत अध्ययनका नामोल्लेखमा मात्र सीमित छ ।

पवित्रा कोरङ्गी (२०७०) ले *एउटा पुरानो घर उपन्यासको कृतिपरक अध्ययन* शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा शङ्कर कोइरालाको परिचयका साथै उनको औपन्यासिक प्रवृत्तिको परिचय पनि दिएकी छिन् । उनले *आलोपालो* उपन्यासलाई सामाजिक यथार्थवादी एवम् आध्यात्मिक मिश्रण भएको कृतिको रूपमा विवेचना गरेकी छिन् । प्रस्तुत अध्ययन सङ्क्षिप्त छ ।

## १.५ शोधको औचित्य र महत्त्व

शङ्कर कोइरालाको *आलोपालो* उपन्यासमा हालसम्म शोधकार्य नभएको र त्यस अभावको परिपूर्तिका लागि यो शोधकार्य गरिएको छ । यही नै प्रस्तुत शोधर्काको औचित्य र महत्त्व हो । त्यसैगरी यस विषयमा जान्न चाहने शोधार्थी, शिक्षक एवम् सर्वसाधारण पाठकका लागि पनि यो उपयोगी सिद्ध हुनेछ । यस शोधकार्यको औचित्य र महत्त्व हो ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली उपन्यास परम्परामा शङ्कर कोइरालाको उपन्यास कृतिहरूमध्ये *आलोपालो* उपन्यासका अध्ययनमा मात्र सीमित रहेको छ । प्रस्तुत शोधकार्यको *आलोपालो* उपन्यासको

कृतिपरक अध्ययन भएकाले संरचनागत, भाषाशैलीगत र प्रवृत्तिगत आधारमा अध्ययन गर्नु यो नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यको लागि सामग्री सङ्कलन र विश्लेषण तल उल्लेख गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको तयारीका क्रममा सामग्री सङ्कलन पुस्तकालयीय विधिद्वारा गरिएको छ । त्यसैगरी विभिन्न विद्वान्हरूसँग भेटघाट गरी आवश्यक सल्लाह सुझाउ लिने काम पनि गरिएको छ ।

### १.७.२ अध्ययन तथा विश्लेषण विधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा सामग्रीहरूलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । उपन्यासको अध्ययनको सन्दर्भमा उपन्यासको सैद्धान्तिक अवधारणा र औपन्यासिक तत्त्वलाई आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | शङ्कर कोइरालाको औपन्यासिक यात्रा |
| तेस्रो परिच्छेद | : | विधातात्त्विक आधारमा *आलोपालो* उपन्यास |
| चौथो परिच्छेद | : | प्रवृत्तिगत आधारमा *आलोपालो* उपन्यास |
| पाँचौ परिच्छेद | : | उपसंहार |

सन्दर्भ सामग्री सूची

# दोस्रो परिच्छेद

# शङ्कर कोइरालाको औपन्यासिक यात्रा

## २.१ विषय प्रवेश

कुनै पनि साहित्यिक कृति कृतिकारको जीवनीगत सन्दर्भबाट नितान्त पृथक् हुन सक्दैन । कृतिमा लेखकको अनुभूति भाव र विचार प्रस्तुत भएको हुन्छ । त्यसैले कृतिका बारेमा राम्ररी बुझ्नका लागि कृतिकारको जीवनीगत सन्दर्भको अध्ययनले सघाउ पुऱ्याउँछ । यस परिच्छेदमा उपन्यासकार शङ्कर कोइरालाको सङ्क्षिप्त जीवनी, व्यक्तित्व, कृतित्व र उनको औपन्यासिक यात्राको परिचय प्रस्तुत गरिएको छ ।

## २.२ शङ्कर कोइरालाको सङ्क्षिप्त परिचय

पूर्व २ नं. दुम्जाका कोइराला परिवारका ईश्वरीप्रसाद र मित्रप्रियाबाट वि.सं. १९८७ कार्तिक २७ गते काठमाडौँमा जन्मिएका शङ्कर कोइरालाको न्वारानको नाम ढाकरप्रसाद कोइराला हो (खवास, २०५५: ८) । पछि उनले नाम बदली नेपाली साहित्यका क्षेत्रमा शङ्कर कोइराला र "आधाबाटे कान्छा" उपनामले पनि परिचित छन् । शङ्कर कोइरालाका पिता ईश्वरीप्रसाद कोइरालाले जागिर खाएर आफ्नो परिवारलाई सुखसँग राखेका थिए । त्यसैले शङ्कर कोइरालाको बाल्यकाल सुखमय रहेको देखिन्छ । शङ्कर कोइरालाको शिक्षारम्भ आफ्नै घरबाट भएको देखिन्छ । आफ्नै पिता ईश्वरीप्रसाद कोइरालालाई गुरू बनाई अक्षरम्भ गरेका कोइरालाले औपचारिक शिक्षा अगावै रूद्री, चण्डीको अध्ययन गरिसकेका हुन् (खवास, २०५५ : ८) ।

शङ्करप्रसाद कोइरालाको पिता ईश्वरीप्रसाद कोइरालाले छोराहरू ज्ञानी र पढून् भन्ने उद्देश्यले शङ्कर कोइरालालाई जुद्धोदय पब्लिक हाइस्कूल काठमाडौँमा कक्षा छमा भर्ना गराएका हुन् । शङ्कर कोइराला कक्षामा भर्ना भएपछि हरेक कक्षामा प्रथम हुँदै एस. एल. सी समेत प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन् । कोइरालाको कलेज जीवन त्यति राम्ररी बितेको पाइँदैन । घरायसी र अन्य विविध कारणले गर्दा कलेजको पढाइ रोक्दै र पढ्दै कोइराला साहित्य सिर्जनामा अभिमुख भएको देखिन्छ । परिवार चलाउन जागिर खानै पर्ने साथै उनीभित्रको उकुसमुकुस भावनालाई साहित्यको माध्यमबाट अभिव्यक्त गर्नु पर्ने जस्ता

कार्यमा बढी समय व्यतीत गरेर कोइरालाले आई.ए. सम्मको अध्ययन गरेर पढाइलाई केही वर्ष रोकेको देखिन्छ । परिवारलाई सानो जागिरको भरमा नचल्ने अति दुःख कष्ट सहनु पर्ने कुरालाई मनन गरी कोइरालाकी श्रीमतीले हरेक पटक बी. ए. पढ्नुहोस् जागिर बढाइ देलान् भन्ने अनुरोधले गर्दा थोरै समय बचाएर पढाइमा लगाई बी.ए. उत्तीर्ण गरी कोइरालाले औपन्यासिक शिक्षा स्थगित गरेको देखिन्छ । उनको विवाह वि.सं. २०१६ सालमा पकनाजोलको रङ्गनाथ भट्टराइकी छोरी इन्दिरासँग भएको थियो । उनीहरूको वैवाहिक सम्बन्ध धेरै टिक्न सकेन । विवाह गरेको ६ महिना पछि शङ्कर कोइरालालाई छोडेर पोइल गइन । त्यसपछि उनको दोस्रो विवाह बालाजु नेपालटारका मुखिया योगकान्तकी माहिली छोरी रमादेवीसँग भएको हो । रमादेवीका कोखबाट तीन छोराहरूको जन्म भएको छ (खवास, २०५५: ८) । शङ्कर कोइरालाले लामो समयसम्म जागिरे जीवन र साहित्य सिर्जनामा व्यतीत गरेका हुनाले तालिम तथा प्रशिक्षण कम मात्रमा देखिन्छ । साझा प्रकाशनमा जागिरे रहँदा जापानमा पुस्तक प्रकाशन सम्बन्धी प्रशिक्षण लिएको देखिन्छ । उर्दू, अरबी र अङ्ग्रेजी भाषा सम्बन्धी तालिम पनि पाएको देखिन्छ । उनी प्रशिक्षणका क्रममा इलाम, धनकुटा, दाङमा साहित्य गोष्ठीमा सहभागी भएको देखिन्छ । विशेष गरेर भ्रमणलाई ज्ञान आर्जनको माध्यम र शोख मान्ने कोइरालाले त्यति धेरै स्थानहरू घुमेको पाइँदैन । स्वदेशकै पूर्व पश्चिमका कतिपय ठाउँहरू र विदेशतिर पुस्तक प्रकाशनका सिलसिलामा जापान र समय समयमा काम विशेषका माध्यमबाट भारतका विभिन्न ठाउँहरूसम्म उनको भ्रमण सीमित रहेको देखिन्छ ।

नेपाली साहित्यका विविध विधामा साहित्य सिर्जना गर्ने अथक स्रष्टा शङ्कर कोइरालाको योगदान अविस्मरणीय रहेको छ । पुस्तकाकार कृतिबाहेक अनेकौं पत्रिकामा लेख रचना प्रकाशित गरी नेपाली भाषालाई मायाँ गर्ने व्यक्तित्व शङ्कर कोइरालाको देहावसान वि.सं. २०५४ साल साउन २६ गते आइतबार काठमाडौँको मैतीदेवीमा भएको हो ।

## २.३ साहित्यिक लेखनको प्रेरणा र प्रारम्भिक लेखन

साहित्यकार शङ्कर कोइरालाको मुख्य प्रेरणाको स्रोत स्वयम् उनका पिता नै थिए । आफ्नै नेपाली साहित्य र आफ्नो गाउँघरको सामाजिक साँस्कृतिक पक्ष ग्रामीण जनजीवनबाट प्रेरणा पाएको बताउने समाजप्रेमी कोइरालाको प्रेरणाको स्रोत पिताका अतिरिक्त काका र दाजु पनि देखिएका छन् । शङ्कर कोइरालाको लेखन तथा प्रकाशन

एकैचोटी भएको देखिन्छ । कोइरालाले पहिलो पटक नै विधार्थी जीवनमा १५/१६ वर्षको उमेरमा लेखन अभ्यासबिना कथा लेखनबाट साहित्यको क्षेत्रमा अग्रसर भएको देखिन्छ । प्रकाशनका दृष्टिले समेत पहिलो थालनी *बूढो* कथा नै हो । यसरी लेखन कलालाई अगाडि बढाउँदै कोइरालाले शारदा पत्रिकाको विभिन्न अङ्क र अन्य विभिन्न पत्रपत्रिकामा आफ्नो लेखनकलालाई देखाउँदै साहित्यको क्षेत्रमा बलियो रूपमा प्रवेश गरेको देखिन्छ । कोइरालाको पुस्तक प्रकाशनको दृष्टिले पहिलो प्रकाशन उपन्यास कृति *खैरिनी घाट* (२०१८) हो (खवास, २०५५: १३) ।

## २.४ शङ्कर कोइरालाका साहित्यिक व्यक्तित्व

शङ्कर कोइरालाको साहित्यिक व्यक्तित्व निम्न लिखित प्रकारबाट विभाजन गर्न सकिन्छ :

क) कथाकार व्यक्तित्व

ख) उपन्यासकार व्यक्तित्व

ग) नाटककार व्यक्तित्व

घ) निबन्धकार व्यक्तित्व

ङ) कवि व्यक्तित्व

### २.४.१ कथाकार व्यक्तित्व

शङ्कर कोइराला नेपाली सहित्यको क्षेत्रमा सर्वप्रथम *शारदा* पत्रिकामा प्रकाशित *बुढो* (२००३) नामक कथा लिएर देखा परेका हुन् । त्यसपछि *शारदा*को विभिन्न अङ्क र अन्य विभिन्न पत्र पत्रिका मार्फत आफ्ना सिर्जनात्मक कथाहरू लिएर अग्रसर भएको देखिन्छ । विद्यार्थी जीवनबाट नै साहित्यमा रूचि राख्ने कोइरालाको अभ्यास भनौँ या प्रकाशन दुवै तर्फबाट हेर्दा कोइरालाका दुईसय भन्दा बढी कथाहरू लेखिसकेको देखिन्छ । कोइरालाका चारवटा कथासङ्ग्रह प्रकाशन भइसकेका छन् । चार कथासङ्ग्रहरूमा *प्रेम र सपना* (२०१९), *आगो छ यो दिलभरि* (२०२५), *सूर्तिको पातमा झुण्डिएको जीवन* (२०४३), *हत्यारा शान्ति र सिर्जनाका* (२०५२), छन् । यसरी नेपाली साहित्यको क्षेत्रमा कथा लेखेर देखा परेका कोइरालाका सबै कथाहरूले सामाजिक परिवेश र त्यहाँको विषयवस्तुलाई टिपेको देखिन्छ ।

समाजमा देखा परेको विकृति र विसङ्गति वातावरणको खोजमा कोइरालाका कथाहरू लम्किएको देखिन्छ । ग्रामीण परिवेश र वस्तुस्थितिलाई यथार्थ रूपमा उतार्नुका साथै

उतारचढाउलाई समेत उनले व्यङ्ग्य गर्न पुगेका छन् । यसरी शङ्कर कोइरालाका कथाहरूमा समाजको चित्रण, रहनसहन, वातावरण, राजनैतिक विषयवस्तु लगायत प्रेमको झल्को समेत पाउन सकिन्छ । कथाकारिताका दृष्टिले शङ्कर कोइरालाको कथा व्यक्तित्त्व अनुशरणीय र मार्गदर्शनको रूपमा स्थापित भएको छ (खवास, २०५५: ३) ।

## २.४.२ उपन्यासकार व्यक्तित्व

नेपाली साहित्यको क्षेत्रमा कथा लेखनपछि उपन्यास लेखनतर्फ उन्मुख भएको देखिन्छ । लामो समयदेखि पत्रपत्रिका मार्फत देखिँदै आएका कोइरालाको *खैरिनीघाट* (२०१८) उपन्यास लेखी पुस्तककार कृति प्रकाशन गरेको देखिन्छ । प्रस्तुत उपन्यास दुम्जाको जनजीवन र स्थानीय चित्रणमा आधारित आञ्चलिकता उपन्यास नै शङ्कर कोइरालाको पहिलो पुस्तककार कृति हो । यसरी शङ्कर कोइरालाको कृतिहरू यस प्रकार छन् :

*खैरिनीघाट (२०१८), कौशीको फर्सी (२०२२), कलाकार (२०२४), दुई ड्राइभर (२०२४), नाठो (२०२४), दुर्दमनीय (२०२५), म पिउन अखबारको (२०२५), कलेज गर्ल (२०२७ ), दोसाँध (२०२७), नदुखेको कपाल (२०२७ ), नदी गीत गाउँछ (२०२८), हकवाला (२०२८), भट्टिपसल (२०२९ ), तरूनी छोरी (२०३० ), सन्तानको रहर (२०३०), एक अञ्जुली श्रद्धाञ्जली (२०३१), हेलम्बु मेरो गाउँ (२०३२), पिशाच डाक्टर (२०४०), एक हुल गाउँले (२०३९), श्रीमती हिरोइन (२०३३), आलोपालो (२०३४), रातभरि (२०३३), तीन पल्ट (२०३२), आँशुको खहरे (२०३५), म फेला पर्दिनँ (२०३५)* छन् ।

नेपाली उपन्यासको क्षेत्रमा सबैभन्दा धेरै उपन्यास लेखेर कोइराला नेपाली साहित्यमा नाम लेख्न समेत सफल भएका छन् । साथै नेपाली भाषामा प्रथम बाल उपन्यास लेखी अग्रणी भूमिका समेत निभाइसकेको देखिन्छ । कोइरालाका उपन्यासहरूले ग्रामीण परिवेशका विषयवस्तुलाई प्रमुख रूपमा आत्मसाथ गरेको देखिन्छ । यसरी सामाजिक परिवेशलाई उपन्यासले अङ्गीकार गर्नुका साथै कोइरालाका उपन्यासले राजनैतिक विषयवस्तु, प्रेम, द्वन्द्व, ऐतिहासिक विषयवस्तु, मनोवैज्ञानिक विषयवस्तु, यौन, बालमनोजगत् जस्ता विषयवस्तुको जमघट उपन्यासमा पाउन सकिन्छ । कोइरालाका उपन्यास प्रमुख रूपमा सामाजिक परिवेशमा पाइने कुराहरू ग्रामीण परिवेशको चित्रण रहनसहन प्रकृति चित्रण, अन्याय, अत्याचारको विरूद्धमा आवाज घन्काएका छन् । उनका उपन्यासमा वर्षौंदेखि

पिल्सिएका जनताहरूले सफा तथा स्वच्छ वातावरणको आभास लिन दौडधुप गरेको देखिन्छ भने गरिबहरूमाथि शोषण गर्ने समाजका ठुलाठालुलाई उपन्यासले कुनै न कुनै ठाउँमा विरोध गरेको देखिन्छ । उपन्यासमा प्रेमका विषयवस्तु राख्दै छाडा यौन चरित्र गर्ने राजनीतिको नाममा भ्रष्टाचार गर्ने व्यक्तिहरूमाथि कडा विरोध गरेको देखिन्छ । यसरी समाजका विभिन्न पक्षलाई हुने खालका सहज तथा यथार्थ ढङ्गले प्रस्तुत गर्दै अघि बढेका कोइरालाको उपन्यासकार व्यक्तित्व साहित्य लेखनको लागि उत्प्रेरक र मार्ग दर्शनको रूपमा रहेको देखिन्छ ।

### २.४.३ नाटककार व्यक्तित्व

नेपाली साहित्यको विविध क्षेत्रमा कलम चलाउने कोइरालाले नाटक विधामा समेत कलम चलाएको देखिन्छ । पत्र पत्रिकामा छुट्पुट रूपमा नाटक प्रकाशन गर्दै आएका कोइरालाको पुस्तककार कृतिको रूपमा *सेती* (२०२५) नाटक देखिन्छ । त्यस्तैगरी दोस्रो नाटक *पिठ्युँको भारी* (२०४४) प्रकाशन गरी जम्मा दुई वटा नाटक लेखेको देखिन्छ । उनका नाटकमा पुरानो भाषाको संमिश्रण र सामाजिक विषयवस्तु पाइन्छ । नाटक छोटा छोटा संवाद तथा पात्रहरूको स्वस्थ तरिकाले समिश्रण गरेको पाइन्छ । यसरी कोइरालाको नाटककार व्यक्तित्व साहित्य लेखनका लागि उत्प्रेरक भएको देखिन्छ ।

### २.४.४ निबन्धकार व्यक्तित्व

साहित्यका विविध क्षेत्रमा कलम चलाउने सिलसिलामा साहित्यकार शङ्कर कोइरालाले निबन्ध विधामा पनि कलम चलाएको देखिन्छ । उपन्यास र कथामा जस्तो लेखन क्षमता निबन्ध र कवितामा नदेखिए पनि आभ्यासिक रूपमा लेख्न खोजेको देखिन्छ । *शारदा* पत्रिका मार्फत (२०११) मा “कवि शिरोमणी लेखनाथ” नामक निबन्धबाट निबन्ध क्षेत्रमा देखिएका कोइरालाका *रूपरेखा* पत्रिकामा “ताजमहल” (२०२६) नामक निबन्ध पनि प्रकाशित छ । यसरी क्रमैसँगले विभिन्न पत्रपत्रिकामा गरेर विभिन्न समयमा निबन्ध लेख्दै साहित्यको क्षेत्रमा परिचित भएको देखिन्छ ।

### २.४.५ कवि व्यक्तित्व

साहित्यका विविध क्षेत्रमा कलम चलाउने सिलसिलामा साहित्यकार शङ्कर कोइरालाले कविता विधामा पनि कलम चलाएको देखिन्छ । कविता विधा पनि कोइरालाको ऐच्छिक विधाको देखिन्छ । कोइरालाका अन्य विधाका तुलानामा कविताको लेखन न्यून देखिन्छ । *शारदा* पत्रिका मार्फत २००७ सालमा कोइरालाको “लगन” कविता प्रकाशन भएदेखि डायरीमा भने प्रशस्त कविताहरू लेखेको भेटिन्छ । कविता विधामा धेरै कृति प्रकाशन नगरे पनि यिनै फुटकर कविताका माध्यमबाट नेपाली साहित्यमा कोइराला कविका रूपमा पनि प्रसिद्ध छन् (खवास, २०५५: १४) ।

## २.५ संलग्नता, सम्मान तथा पुरस्कार

शङ्कर कोइरालाले समय जागिरमा बिताउनु परेकोले उनको संस्थागत संलग्नता कमै देखिन्छ । आफु साहित्यकार भएकाले कृतिहरू प्रकाशन र छपाइ गर्नु पर्ने हुनाले उनको पुस्तक प्रकाशन गर्ने संस्थागत सम्बन्ध भएको देखिन्छ । आफ्ना पुस्तक छपाउने क्रममा साझा प्रकाशन, रत्न पुस्तक भण्डार, नवीन प्रकाशन वाराणसी, भानु प्रकाशन डिल्ली बजार, गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री केन्द्र आदि संस्थाहरूसँग संलग्नता भएको देखिन्छ । संस्थागत संलग्नताकै क्रममा बाबुबाजेहरू नेपाली काङ्ग्रेससँग सम्बन्ध राख्ने भएकाले कोइरालामा पनि सो राजनीतिक प्रभाव परेको देखिन्छ । काङ्ग्रेस पार्टीसँग उनको प्रत्यक्ष सम्बन्ध नदेखिए पनि आन्तरिक रूपबाट भने कांग्रेस पार्टीमा संलग्नता भएको देखिन्छ । साहित्यकार कोइरालाले जीवनको लामो अवधिसम्म साहित्यको सेवा गरी विभिन्न विधालाई पूर्णता दिएका छन् । उनले लेखेका कृतिहरू र सेवाका आधारमा खास पुरस्कार प्राप्त गरेका छैनन् । उनले यदाकदा सानो सम्मान र पुरस्कार पाए पनि ठूलो पुरस्कार र सम्मानबाट भने उनी बञ्चित देखिन्छन् । साधारण पुरस्कार र सम्मानको हकमा कोइरालाले स्मारिका प्रतिभा विशेषाङ्क १४ मा *अभिनन्दनपत्र,* शाही नेपाली सैनिक पत्रिका २०३८ सालको लेखनतर्फ प्रथम भएकोमा सम्मान र पुरस्कार पाएको देखिन्छ । प्रतिभा समूह वानेश्वरका तर्फबाट २०५१ मा *अभिनन्दनपत्र,* आह्वान समूह चाबहिलले २०५४ मा अभिनन्दनपत्र दिएको देखिन्छ । साथै रत्नश्री पत्रिका समूहले वर्षभरिका कथामा सर्वोत्कृष्ट कथाकारका रूपमा रत्नश्री पुरस्कार प्रदान गरेको देखिन्छ । यसरी साहित्यकार शङ्कर कोइराला ठूला ठूला

पुरस्कारबाट विभूषित नभए पनि सानातिना पुरस्कार र सम्मानबाट विभूषित भएका देखिन्छन् (खवास , २०५५: १४) ।

## २.६ शङ्कर कोइरालाको उपन्यास लेखन यात्रा

कुनै पनि साहित्यकारको साहित्यिक योगदानको विश्लेषण तथा मूल्याङ्कन गर्नुपर्दा लेखन प्रवृत्ति र प्रकाशन कृतिका आधारमा साहित्यिक यात्रालाई विभिन्न कालखण्डमा विभाजन गर्न आवश्यक हुन्छ । लगभग पाँचदशकको साहित्यिक यात्रा पूरा गरेका शङ्कर कोइरालाका औपन्यासिक लेखनलाई दुई चरणमा विभाजन गर्न सकिन्छ । ती यस प्रकार छन् :

पहिलो चरण : २०१८ देखि २०३२ सम्म

दोस्रो चरण : २०३३ देखि २०५४ सम्म

### २.६.१ पहिलो चरण (२०१८ देखि २०३२ सम्म)

शङ्कर कोइरालाको यस चरणमा *खैरिनीघाट* (२०१८) उपन्यास प्रकाशन भएबाट नै कोइरालाको औपचारिक यात्रा सुरूवात भएको देखिन्छ । यसरी प्रस्तुत उपन्यास नै चरण विभाजनको प्रमुख माध्यम बन्न पुगेको छ । कोइरालाको यस चरण २०१८ देखि २०३२ सालसम्मको समयावधि भित्र विभिन्न विधाका कृतिहरू प्रकाशन भएको पाइन्छ । कोइरालाको औपन्यासिक यात्राको चरणमा देखिएका विभिन्न उपन्यास मध्येको चर्चित उपन्यास कृति *खैरिनीघाट* हो । प्रस्तुत उपन्यास पुस्तकार कृतिको रूपमा लेखन कार्यको विधा हुनाले पहिलो पुस्तकार कृति हो । जुन उपन्यास कृतिले कोइरालालाई चर्चित गराएर आञ्चलिक परिवेश सिद्धहस्त गराएको छ । यस चरणको पहिलो खुड्किलो टेक्न सफल उपन्यास *खैरिनीघाट* पूर्व २ नम्बर रामेछाप अन्तर्गत पर्ने दुम्जाको जनजीवन र परिवेशलाई आधार बनाएर लेखिएको छ । प्रस्तुत आञ्चलिक उपन्यासले दुम्जाको लगभग सम्पूर्ण कुराहरूलाई जीवन्त रूपमा टिप्न सफल भएको छ ।

यस चरणमा शङ्कर कोइराला उपन्यास लेखनतर्फ अग्रसर भएका देखिन्छन् । उनका उपन्यास कृतिहरू यस प्रकार रहेका छन् :

*खैरिनीघाट* (२०१८), *कौसीको फसी* (२०२०), *दुई ड्राइभर* (२०२४), *कलाकार* (२०२४), *दुर्दमनीय* (२०२५), *म पिउन अखबारको* (२०२५), *आधाबाटे कान्छा* (२०२६),

*माझीकी स्वास्नी* (२०२६), कलेज गर्ल (२०२७), दोसाँध (२०२७), *नदुखेको कपाल* (२०२७), *नदी गीत गाउँछ* (२०२८), *हकवाला* (२०२८), *भट्टिपसल* (२०२९), *तरूनी छोरी* (२०३०), *एक अञ्जुली श्रद्धान्जली* (२०३१), *सन्तानको रहर* (२०३०) र *हेलम्बु मेरो गाउँ* (२०३२) हुन् ।

यी औपन्यासिक कृति रचनाहरूले सामाजिक परिवेशभित्र पर्ने बालबालिकाहरूको जीवनशैली, ग्रामीण जनताहरूको सुख दुःख, दैनिक जीवनचर्या, प्रेमलाप र राजनैतिक उतारचढावको समिश्रण पाइन्छ । यस चरणमा देखिएको *नदी गीत गाउँछ* नेपाली भाषामा प्रथम बाल उपन्यास हो । विशेष गरेर नेपालमा रहेका दिनहीन मगन्ते केटाकेटीहरूलाई केन्द्रबिन्दु बनाएर लेखिएको प्रस्तुत उपन्यास अन्य बालजगत्‌तर्फ रूचि भएका साहित्यकारहरूलाई समेत प्रेरणाको स्रोत भएको छ । त्यसैले औपन्यासिक यात्राको यस चरणको समयावधिलाई शङ्कर कोइरालको उर्वर समय मान्न सकिन्छ ।

## २.६.२ दोस्रो चरण (२०३३ देखि २०५४ सम्म)

शङ्कर कोइरालाका पहिलो चरण जति चर्चामा छ, त्यति नै यस चरणमा नदेखि पनि उनको सीप र सिर्जना भने उर्वर रूपमा अगाडि बढेको देखिन्छ । उनको औपन्यासिक यात्रामा सिर्जना भएको लेखनलाई हेर्दा यस चरण बहुआयामिक र संख्यात्मक रूपले धेरै माथि पुगेको देखिन्छ । यस चरणमा कोइराला हास्यव्यङ्ग्य क्षेत्रतर्फ अभिमुख भएका छन् । हास्यव्यङ्ग्य उपन्यास *श्रीमती हिरोइन* (२०३३) कोइरालाको नयाँ क्षेत्र हुनाले यसै उपन्यासको आगमन पछि दोस्रो चरण (२०३३ देखि २०५४) को समयावधिमा तय भएका प्रशस्त कृतिहरूमा समाज सुधार, सूचना र हास्यव्यङ्ग्यको मिश्रण पाइन्छ । पहिलो चरणको तुलनामा दोस्रो चरणमा केही परिवर्तन कृति रचनामा अप्रत्यासित बृद्धि भएको देखिन्छ । साथै यस चरणमा प्रकाशित उपन्यास कृतिहरू यस प्रकार रहेका छन् : *श्रीमती हिरोइन* (२०३३), *तीन पल्ट* (२०३३), *आलोपालो* (२०३४), *रातभरि* (२०३३), *म फेला पर्दिनँ* (२०३५), *एक हुल गाउँले* (२०३९), *आँशुको घुट्को* (२०४१), *अध्यारा हातहरू* (२०४१), *भुस्याहा* (२०४३), *सहायता* (२०४७), *वेवारिसे लेखक* (२०४५), *उच्चकांक्षा* (२०४६), *शीला* (२०४७), *उही शीला* (२०४८), *पुरानो घर* (२०४५), *फेरि शीला* (२०४९), *बन्द तगारो* (२०४९), *खैलाबैला* (२०४९), *जनतालाई भोकरोग र सकस* (२०५२) र *पिशाच डाक्टर* (२०४०) हुन् ।

## २.७ निष्कर्ष

साहित्यकार शङ्कर कोइरालाको जन्म वि.सं. १९८७ कार्तिक २७ गते काठमाडौँमा भएको हो । उनको साहित्ययात्राको उठान कथा लेखनबाट भएको छ । उनको पहिलो कथा *बुढो* कथा हो भने पहिलो उपन्यास *खैरिनीघाट* हो । उनले कथा, उपन्यास, नाटक, निबन्ध र कविता विधामा कलम चलाएका छन् । उनका उपन्यास सामाजिक यथार्थवादी प्रकारका छन् । उनका उपन्यासमा प्रमुख रूपमा सामाजिक परिवेशमा पाइने कुराहरूमा ग्रामीण परिवेश चित्रण रहनसहन, प्रकृति चित्रण, अन्याय अत्याचारको चित्रण गरिएको पाइन्छ । उनको देहावसन वि.स. २०५४ साउन २६ गते आइतबार काठमाडौँमा भएको हो ।

# तेस्रो परिच्छेद

# विधातात्त्विक आधारमा *आलोपालो* उपन्यास

## ३.१ विषय प्रवेश

उपन्यास साहित्यको नवीनतम विधा हो । यसको आफ्नै संरचनागत स्वरूप हुन्छ । संरचनागत तत्त्वहरूका भिन्नताका आधारमा साहित्यका विधाहरू छुट्टिन्छन् । उपन्यासलाई साहित्यका अन्य विधाबाट पृथक तुल्याउने तत्व पनि संरचनागत  तत्त्वहरू नै हुन् । त्यसैले यस परिच्छेदमा उपन्यासको विधातत्त्वको सङ्क्षिप्त परिचय दिँदै तिनै तत्त्वका आधारमा आलोपालो उपन्यासको अध्ययन गरिएको छ ।

## ३.२ उपन्यासको विधातत्त्व

उपन्यास आफैमा एउटा संरचना हो । उपन्यासको संरचना विभिन्न तत्त्वहरूको मेलद्वारा हन्छ । विभिन्न विद्वान्हरूले संरचनाका बारेमा आ आफ्नो विचारहरू प्रस्तुत गरेका छन् ।

मोहनराज शर्माले कथानक, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दुलाई कथाका प्रमुख उपकरण मानेका छन् (शर्मा, २०५५: ३८४) । त्यसैगरी कसैले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई मानेका छन् (प्रधान, २०५२: ७ ) । उपन्यासको संरचनाका लागि हडसनले कथानक, पात्र, संवाद, कार्यको समय र स्थान, शैली, उद्देश्य वा जीवनदर्शन गरी मुख्य रूपमा छवटा तत्त्व आवश्यक मान्दछन् (हडसन, १९९४: १३१) । नेपाली साहित्य कोशमा कथानक, चरित्रचित्रण, भाषाशैली, वातावरण र उद्देश्यलाई उपन्यासको मुख्य तत्त्व मानिएको छ (बराल तथा अन्य, सम्पा. २०५: १४२) । कथा र उपन्यासका संरचक घटक एउटै हुने भएकाले उपन्यासका तत्त्वहरूमा यी कुराहरू लागू हुन्छन् । यी विभिन्न विचारहरूलाई मनन गर्दै उपन्यासका तत्वहरूमा कथानक, पात्र, परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिविन्दुलाई उपन्यासका तत्त्व मान्न सकिन्छ ।

### ३.२.१ कथानक

सामान्य वा जटिल घटनाहरूको संयोजन उपन्यासको प्रमुख आधारभूत तत्त्व हो । कथावस्तुले घटनालाई एक अर्कोसँग उनेर उपन्यासको संरचनालाई सुसङ्गठित पार्दछ । अङ्ग्रेजी भाषाको प्लट शब्दको पर्यायवाची शब्दको रूपमा कथावस्तु अर्थात् कथानकलाई लिइएको पाइन्छ । कथानकलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्ध स्वरूप अथवा घटनाको सङ्गठन भन्न सकिन्छ । जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०५२: ७) । त्यस्तै स्रोत, गठन, पूर्णता, अवस्था, कौतूहल, द्वन्द्व, कथानक ढाँचा कालक्रमको विशिष्ट योजना नै कथानक हो (घर्ती, २०६८: ३८) । कथानक भनेको आख्यानात्मक कृतिमा पाठकलाई ध्यानाकर्षण गर्न तथा रूचि जन्माउन चयन गरिएको घटनावलीहरूको अन्तःसम्बन्ध हो । यसले उपन्यासको घटना, स्थिति, अवस्था वा प्रसङ्गहरूको योजनालाई बुझाउँछ (लुइटेल, २०६९: ४०) ।

पात्रहरूको गतिविधि र क्रियाकलापबाट उत्पन्न हुने कथावस्तुको संरचना तयार हुन्छ । स्रोत घटनाको आधार हो, यो प्रख्यात, काल्पनिक र मिश्रित हुन्छ । कथानकले आदि, मध्य र अन्त्यको कार्यकारण शृङ्खलामा पूर्णता प्राप्त गर्दछ । घटनाको चिनारी सङ्घर्ष, विकास, चरमोत्कर्ष र उपसंहारको आरोह अवरोहलाई कथानकको अवस्था भनिन्छ । कौतूहल भावी घटनाप्रति जिज्ञासा उत्पन्न गर्ने तत्त्व हो । व्यक्तिको विपरीत इच्छा, विचार वा धारणा बिच हुने द्वन्द्व आन्तरिक द्वन्द्व हो । र व्यक्ति व्यक्ति, व्यक्ति समाज र व्यक्ति प्रकृति बिच हुने द्वन्द्व बाह्य द्वन्द्व हो । घटनाको विकासको स्वरूपलाई कथानक ढाँचा भनिन्छ । एउटा विन्दुबाट सुरू भएर अर्को विन्दुमा टुङ्गिने रैखिक ढाँचा हो ।

जुन विन्दुबाट सुरू भएको त्यही विन्दुमा टुङ्गिने कथानक ढाँचालाई वृत्ताकारीय ढाँचा भनिन्छ । कालक्रम घटनाको समय प्रवाह हो । निरन्तर अघि बढ्दै गएर अन्त्य हुने कथानकलाई क्रमिक र पछाडितर्फ मोडिनेलाई व्यतिक्रमिक भनिन्छ । कथानकको प्रारम्भिक वा सुरूको अंशलाई आदि भाग भनिन्छ । यस भागको विकास चिनारी र संघर्षविकास गरी दुई अवस्थाबाट भएको हुन्छ ।

चिनारी : उपन्यासको प्रमुख पात्र, स्थान, घटना, तथा समयको परिचय गराएर सम्भावित समस्या र परिस्थितिको सङ्केत गरिएको भाग चिनारी भाग हो ।

संघर्षविकास : चिनारी पछि उपन्यासमा आकस्मिक घटना वा परिस्थितिको कारण नयाँ समस्या पैदा भएर सहयोगी परिस्थिति आदिको बिचमा हुने संघर्षको थालनीलाई संघर्षविकास भनिन्छ ।

आदि भागभन्दा पछि र अन्त्य भागभन्दा अघिको भागलाई मध्यभाग भनिन्छ । यस भागको विकास अनेक सङ्कटावस्थाहरू पार गर्दै चरमसम्म पुग्छ । पहिलो सङ्कटावस्था सकिने बित्तिकै अनेक हुदै जान्छन् । यस क्रममा अनेक समस्या आउनको साथै चारित्रिक परिवर्तन पनि देखा पर्दै जान्छ र सङ्कटास्थासँगै कथानक पनि विकसित हुँदै जान्छ ।

कथानकको अन्तिम सङ्कटावस्था वा चरम व्यवस्थापछिको बाँकी अंशलाई अन्त्य अवस्था भनिन्छ । यो कथानकको समापन भाग हो । यसको विकास दुई अवस्थामा हुन्छ । संघर्षह्वास र उपसंहार ।

संघर्षह्वास : उपन्यासमा छिन्नभिन्न भएर विस्तारित प्रसङ्गहरू एकत्रित हुने तथा द्वन्द्व शिथिल हुने अवस्थालाई संघर्षह्वास भनिन्छ । संघर्ष समाप्त हुने यस अवस्थापछि उपन्यासको कथानक समापनतिर जान्छ ।

उपसंहार : विस्तारित समस्याको पुरै समाधान भएर परिणाम वा फलप्राप्तिको स्थितिलाई उपसंहार भनिन्छ। उपसंहारमा समग्र उपन्यासकै निष्कर्ष प्रस्तुत गरिन्छ (लुइटेल, २०६६: ४२) ।

यसरी रहने आदिदेखि अन्त्यसम्मका घटनावलीहरूको संयोजनको अवस्थालाई कथानक ढाँचा पनि भनिन्छ । कथानक ढाँचा रैखिक र वृत्ताकारीय गरी दुई प्रकारका हुन्छन् । रैखिक ढाँचामा कथानक क्रमबद्ध रूपमा सीधा रेखामा अगाडि बढ्दै वर्तमानबाट भविष्यतिर यात्रा गर्दछ भने वृत्ताकारीय ढाँचामा कथानकका अङ्गहरू सरल रेखामा अगाडि नबढेर पूर्वदीप्तिका माध्यमबाट क्रमबद्धतामा विचलन हुने गर्दछ (बराल र एटम, २०६६: २५) । यसरी कथानकले उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ ।

वर्तमान समयमा उपन्यास रचना गर्दा उपन्यासकारहरूले शृङ्खलात्मक कथावस्तु नलिएर विशृङ्खलित वा अन्तिम फलप्राप्ति प्राप्त नभई टुङ्गिने खालको कथावस्तु लिएको

पनि पाइन्छ । समग्रमा उपन्यासको कथावस्तुलाई विभिन्न दृष्टिकोणबाट निम्नानुसार विभाजन गरिएको पाइन्छ ।

गठनका दृष्टिले कथानकलाई दुई भागमा विभाजन गरिएको पाइन्छ :

कार्य र कारणको शृङ्खलामा आबद्ध कथावस्तु नै विन्यस्त कथानक हो । अनिवार्य र अविभाज्य रूपमा रहेका घटनाहरूको सुनियोजित रूपलाई विन्यस्त कथानकको रूपमा लिन सकिन्छ । यसरी उपन्यासमा समावेश गरिएका सम्पूर्ण घटना, प्रसङ्ग र क्रियाकलापहरू मूल कथा र कथ्यसँग सार्थकरूपमा आबद्ध भएमा त्यो विन्यास कथावस्तु बन्दछ । मूल कथावस्तुलाई सहयोग गर्न नै यस्ता घटना र प्रसङ्गहरू उपन्यासमा आएको हुन्छ । उपन्यासमा प्रयुक्त अत्याधिक घटना, पात्र र प्रसङ्ग एक-अर्कोसँग असम्बन्धित भएमा त्यो शिथिल कथावस्तु बन्दछ । उपन्यासमा प्रयुक्त विभिन्न पात्र, घटना, सन्दर्भ वा क्रियाकलापहरू मूल कथासँग असम्बन्धित र मूल कथाको लागि अनुपयुक्त अनावश्यक भई तथा उपन्यासको गठन वा संरचनाको सुदृढीकरणको लागि खासै सहयोगी नबनेमा त्यस्तो कथानकलाई शिथिल मानिन्छ ।

कथातत्त्वका दृष्टिले कथानकलाई दुई भागमा विभाजन गरिएको पाइन्छ :

उपन्यासको सुरूदेखि अन्त्यसम्म प्रवाहित भइरहने मूल कथा प्रधान कथावस्तु हो । यही मूल कथा नै उपन्यासको आधारभूत कथावस्तु हो । यसको वरिपरि अन्य कथावस्तुहरू पनि रहन्छन् । प्रधान कथावस्तुमा केन्द्रित रहेर अन्य कथावस्तुहरू आएका हुन्छन् । उपन्यासले देखाउन खोजेको उद्देश्य वा मुख्य विषयवस्तु यही प्रधान कथावस्तुमा निर्भर रहेको हुन्छ । उपन्यासको बीच-बीचमा आउने र मूल कथासँग सम्बन्धित रहने छोटा-छोटा कथाहरूलाई उप-कथानक भनिन्छ । उपन्यासमा आएका यस्ता उपकथावस्तुले एकातिर मूल कथावस्तुलाई गतिशील बनाउँछन् भने अर्कातिर उपन्यासका मूल पात्रको चरित्रमा प्रकाश पार्न मद्दत पुर्‍याउँछन् । त्यसैले उपन्यासमा आएका उप-कथावस्तु उपन्यासको मूल कथावस्तु र मूल चरित्रका सहायक र साधकको रूपमा प्रस्तुत भएका हुन्छन् ।

प्रस्तुतिका दृष्टिले उपन्यासको कथावस्तुलाई निम्न चार भेदमा वर्गीकरण गर्न सकिन्छ । उपन्यासकारले कथावाचकको रूपमा तटस्थ रही उपन्यासका सम्पूर्ण घटना र कथाको वर्णन गरेमा त्यस्तो कथावस्तु कथात्मक कथावस्तु हुन्छ । यसमा उपन्यासकारले

सरसर्ती कथाको वर्णन गर्ने भएकोले यस्ता कथावस्तुलाई वर्णनात्मक कथावस्तु पनि भन्न सकिन्छ । यसमा उपन्यासकारले आफू तटस्थ रहेर कथावस्तुको वर्णन र विश्लेषण गरिरहेको हुन्छ । आत्मकथात्मक कथावस्तुको प्रस्तुतिमा उपन्यासका प्रमुख पात्रले आफ्नो जीवनकालमा घटेका घटनालाई वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले अभिव्यक्ति दिइरहेका हुन्छन् । ती प्रमुख पात्रको वर्णनमा उपन्यासमा घटित सम्पूर्ण घटना, पात्र र कथावस्तु केन्द्रित रहेका हुन्छन् । उपन्यासका पात्र आफै वर्णनकर्ता पनि भएकोले यसमा अन्य प्रस्तुतिमा भन्दा बढी स्वाभाविकता, विश्वसनीयता र मनोविश्लेषणको प्रयोग गर्ने आवश्यक परिस्थिति र परिवेशको सृजना हुन्छ ।

विभिन्न पात्र तथा कागजातहरूलाई परिच्छेदको रूपमा प्रयोग गरी उपन्यासका विभिन्न पात्रहरूले एकअर्कालाई प्रेषण गरेका पात्रहरूको माध्यमबाट कथानकको निर्माण गर्ने प्रक्रिया यस अन्तर्गत अपनाइन्छ । यसमा उपन्यासको एक पात्रले अर्को पात्रलाई पठाएका पत्रहरू परिच्छेदको रूपमा समावेश गरिएको हुन्छ ।

दैनन्दिनी प्रस्तुतिमा उपन्यासको कथावस्तु संरचना हुँदा पात्रहरूको जीवनमा घटेका घटनाहरूलाई दैनिकीको रूपमा प्रस्तुत गरिएको हुन्छ । अन्य प्रस्तुतिहरूमा भन्दा यसमा उपन्यासका चरित्रहरू कम हुन्छन् । पात्रहरूको जीवनका महत्त्वपूर्ण दिनहरूलाई दैनिकीको रूपमा प्रयोग गरेर उपन्यासको रचना गर्ने यो विधि बढी कठिन देखा पर्छ ।

यी बाहेक उपन्यासको कथावस्तुलाई घटनाप्रधान, चरिरत्रप्रधान, वातावरणप्रधान, त्यस्तै विषयका आधारमा साहसिक, रोमाञ्चकारी, ऐतिहासिक, सामाजिक, राजनीतिक, साँस्कृतिक, प्रेमविषयक आदि विभिन्न तरिकाले पनि विभाजन गर्न सकिन्छ ।

### ३.२.२ पात्र

उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भानिन्छ । कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ (बराल र एटम, २०६६: २७) । कथाको स्थापत्य कालमा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन् । जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचनाको कल्पना नै गर्न

सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार  द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले यो कथामा पात्र (चाहे मानव होस् अथा चाहे मानवेतर) भन्नासाथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ (श्रेष्ठ, २०६७: १०) ।  पात्रहरूको क्रमबद्ध चारित्रिक निर्माण नै उपन्यास रचनाको मूल समस्या हो । वर्तमानमा त मानव समाजलाई बुझ्ने तत्त्वको रूपमा चरित्र चित्रणले प्राथमिकता पाएको छ ( प्रधान, २०५२: ८) । उपन्यासमा विभिन्न थरीका पात्रहरू हुन्छन् । सामान्यतः सबै प्रकारका उपन्यासका पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वाभाव, जीवनचेतना, आसन्नता, आबद्धताका आधारमा हेर्न सकिन्छ । पात्रहरू लिङ्गका आधारमा  पुलिङ्ग र स्त्रिलिङ्ग, कार्यका आधारमा प्रमुख , सहायक र गौण प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल स्वाभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत आसन्नताका आधारमा नेपथ्य र मञ्चीय पात्र अनि आबद्धताका आधारमा बद्ध र मुक्त हुन्छन् (शर्मा, २०४८: १२४, १२५) । कियाकलाप अभिव्यक्ति चिन्तन, विचार आदिका आधारमा पात्रको विवेचना गर्न सकिन्छ ।  मानवीय तथा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ। उपन्यासमा चरित्रको भूमिका देखाउने ढङ्गलाई चरित्रचित्रण भनिन्छ । चरित्र जीवनको बाह्रय र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित संबद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिने स्वयं मनुष्य र उसको बृहत्रर सत्य हो । जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ । खण्ड रूपमा होस् वा अखण्डता मनुष्यलाई बुझ्न र उसको सामाजिक जीवन र वैयक्तिक अन्तःस्थितिको विश्लेषण गर्ने काम उपन्यासले गर्दछ । आ आफ्नो सामाजिक, वैयक्तिक र भौगोलिक विशेषताहरूले गर्दा मनुष्य जातिमा असंख्य विविधता छन् । यस्ता चारित्रिक विषमता र विविधताहरू मनुष्य स्वयं रोचक हुनाका कारण हुन् । अतः सामाजिक वैयक्तिक वा मानवीय आधारमा उनीहरूका वैविध्यको र विविधताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्रचित्रण हो । वर्तमानमा त मानव समाजलाई बुझ्ने प्रमुख तत्वको रूपमा चरित्रचित्रणले प्राथमिकता पाएको छ (प्रधान, २०५२: ८) । कथाको स्थापत्यकलामा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन् जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गबिना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवाश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र (चाहे मानव पात्र होस् अथवा चाहे मानवेत्तर) भन्ना साथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु अति आवश्यक छ

(श्रेष्ठ, २०६७: १०) । पात्रको संवाद तथा कार्यव्यापारलाई चरित्र चित्रण भनिन्छ । सामान्यत सबै प्रकारका पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धताका आधारमा हेर्नु पर्ने देखिन्छ ।

लिङ्ग, व्यक्ति वा पात्रको शारीरिक जात छुट्याउने आधार हो । यस आधारबाट हेर्दा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्गी नामकरणका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग वर्गमा विभाजन गर्न सकिन्छ । आख्यानात्मक कृति सबै पात्रले उत्तिकै महत्त्वपूर्ण कार्य गर्दैनन् । कार्यमूल्यको घटीबढीका आधारमा पात्रहरू प्रमुख, सहायक,र गौण गरी तीन वर्गमा हुन्छन् । उपन्यासमा प्रयुक्त मूल -कथासँग सम्बन्धि मूल पात्रहरूलाई प्रमुख पात्रको रूपमा लिन सकिन्छ । यस अन्तर्गत उपन्यासका नायक नायिका, प्रतिनायक प्रतिनायिका तथा मूलकथामा केन्द्रीय भूमिका भएका अन्य पात्रहरूलाई लिन सकिन्छ । उपन्यासमा बढी महत्त्वको कार्य गर्ने र सबैभन्दा बढी आउने पात्रलाई प्रमुख पात्र भनिन्छ । उपन्यासमा प्रमुख पात्रहरू बाहेक अन्य पात्रहरू जसले प्रमुख पात्रलाई सहयोग गर्ने गर्दछन् । ती पात्रहरू सहायक पात्र हुन् । मूल कथानकलाई गति प्रदान गर्न आएको सहायक कथा साथै छोटा छोटा प्रसङ्गमा यस्ता सहायक पात्रहरू आउँछन् । उपन्यासमा ज्यादै कम महत्त्व भएका अथवा खास भूमिका नभएका पात्र गौण पात्र हुन् । यस्ता पात्रहरू छोटा छोटा प्रसङ्ग र प्रसङ्गसँगै उनीहरूको भूमिका पनि समाप्त हुन्छ । पात्रका सकारात्मक र नकारात्मक व्यवहार एवम् प्रवृतिका आधारमा पात्रलाई विभाजन गर्न सकिन्छ । यस आधारमा पात्र अनुकूल र प्रतिकूल गरी जम्मा दुई प्रकारका हुन्छन् : सकरात्मक गुण भएको सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल पात्र हो । नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने नकरात्मक पात्र हो । आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरू कोही बदलिँदो स्थिति अनुसार बदलिने स्वाभावका हुन्छन् र कोही चाँहि बदलिँदो स्थितिमा पनि नबदलिने स्वाभावका हुन्छन् । यस आधारमा पनि पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा विभिन्न गतिविधिहरूमा सक्रिय भूमिका भएका र क्रियाशील पात्रहरूलाई गतिशील पात्र भनिन्छ । उपन्यासमा विभिन्न घटना र क्रियाकलापमा कुनै जीवन भूमिका नभएका र त्यस्ता घटना र क्रियाकलापले प्रत्यक्ष रूपमा कुनै असर नपार्ने अपरिवर्तनशील पात्रहरूलाई स्थिर पात्र अन्तर्गत राखिन्छ । यस्ता पात्रहरूलाई समस्त चरित्रको रूपमा लिने गरेको पनि पाइन्छ । आख्यानात्मक कृतिमा प्रयुक्त पात्रले आफ्नो मात्र वा अरूको जीवनको पनि प्रतिनिधित्व गर्ने चेतनाका आधारमा वर्गगत र व्यक्तिगत गरी दुई वर्गका पात्रहरू

हुन्छन् । व्यक्तिको वैयक्तिक भावना र संवेदनालाई आश्रय दिएर उसको अदम्य इच्छा र आकाङ्क्षा प्रतिबिम्बित हुने गरी व्यक्तिलाई प्रधानता दिएर उपन्यासको रचना गरिएमा उपन्यासका त्यस्ता पात्रलाई व्यक्तिगत पात्र भनिन्छ । वर्गगत भावनाको प्रधानता भएका र निश्चित वर्गीय सुख दुःख, कठिनाइ र समस्या आदिको अभिव्यक्ति दिने पात्रहरू वर्गीय पात्र हुन् । वर्गगत पात्र भएका उपन्यासहरूमा वर्गीय स्वार्थले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । आख्यानात्मक कृतिमा कोही वर्णन मात्र गरिएका पात्रहरू हुन्छन् भने कोही स्वयम् उपस्थित भई कार्य गर्ने पात्रहरू पनि हुन्छन् । कृतिको कथानकमा हुने पात्रको उपस्थित नै आसन्नता हो । यस आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्चिय पात्र गरी दुई प्रकारका हुन्छन् । नेपथ्य पात्र उपन्यासमा कार्यव्यापारमा प्रत्यक्ष रूपले संलग्न हुँदैन । कथयिता वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य पात्र हो । उपन्यासमा उपस्थित भएर कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चिय पात्र हो । उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आवद्धता भनिन्छ । कथानकमा बाँधिने र नबाँधिने आधारमा पनि पात्रहरू बद्ध र मुक्त गरी दुई वर्गका हुन्छन् । उपन्यासको विभिन्न सन्दर्भ र प्रसङ्गमा आवद्ध भएर वा बाँधिएर आउने पात्रलाई बद्ध पात्र भनिन्छ उपन्यासको प्रसङ्गमा नबाँधिएर स्वतन्त्र रूपमा पनि सार्थक हुने पात्रलाई मुक्त पात्र भनिन्छ । यसरी उपन्यासमा पात्रहरू लिङ्ग, कार्य, स्वभाव, चरित्र, आसन्नता, आबद्धता आदिको आधारमा पात्रहरू धेरै प्रकारका हुन्छन् । प्रत्येक उपन्यासमा सबै प्रकारका पात्रहरू अनिवार्य नभए पनि कुनै न कुनै प्रकारको पात्र अनिवार्य हुन्छ । त्यसैले यो उपन्यासको अनिवार्य तत्त्व हो ।

### ३.२.३ परिवेश

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरण अथवा घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ । यसले देशको सामाजिक, धार्मिक, राजनीतिक परिस्थितिलाई जनाउँछ, आचार विचार, रीतिथिति, चालचलनहरूलाई बुझाउँछ, समाजका असल खराब व्यवहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्दछ (प्रधान, २०५२: १०) । उपन्यासमा पात्रले कार्यव्यापार सम्पन्न गर्ने तथा घटना घट्ने स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । पात्रले कार्य गर्ने समय, स्थान, र वातावरण बुझाउने परिवेश अन्तर्गत समय विशेष वा स्थानविशेषको रीतिस्थिति, चालचलन आचार-व्यवहार, रहनसहन, वेशभुषा आदि पनि पर्दछन् (लुइटेल, २०६९: ५०) । कुनै कार्य हुनका

लागि उपर्युक्त मानिएको स्थल कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०५३: ५२) । परिवेश एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ । आख्यानात्मक कृतिमा पात्रहरूको कार्य गर्ने वा घटना घट्ने निश्चित स्थान र समयलाई देशकाल भनिन्छ । देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । परिवेश अन्तर्गत देशकाल र वातावरण पर्दछन् ।

उपन्यासमा कार्यव्यापार सम्पन्न गर्ने ठाउँलाई स्थान वा देश भनिन्छ । जुनसुकै उपन्यासमा पनि सामान्य वा विशिष्ट वा कुनै न कुनै रूपमा स्थान आएको हुन्छ ।

उपन्यासमा कार्यव्यापार सम्पन्न भएको काललाई समय भनिन्छ । उपन्यासमा कुनै स्थानको सन्दर्भ मिल्ने कुनै निश्चित समयवृत्तको जीवनगाथा प्रकट गरिएको हुन्छ (बराल र एटम, २०६६: ३३) । हरेक उपन्यासमा समय आएको हुन्छ । उपन्यासमा वर्णित सुखद वा दुखद परिस्थिति कार्यव्यापारबाट उत्पन्न हुने भावनाको परितृप्ति वातावरण हो । वातावरण, स्थान तथा समयभन्दा सूक्ष्म हुन्छ । वातावरण देशकालभन्दा सूक्ष्म हुने हुँदा यसको सम्बन्ध पात्रको भावनाको क्रियाकलापसँग हुन्छ । मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा भाव वातावरणलाई भाव पनि भनिन्छ ।

### ३.२.४ भाषा

समाजका मानिसहरूबिच विचार विनिमय गर्ने यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ । यही भाषाका माध्यमबाट नै साहित्यको सिर्जना हुने गर्दछ । भाषा भनेको विचारको तत्कालीक यथार्थ हो । उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने विधा भएकोले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य दुबै भाषाको प्रयोग आवश्यकता अनुसार हुने गर्दछ (बराल र एटम, २०६६: ३९) । भाषा कथ्य विषयलाई पाठकसामू प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने सामग्री हो यसले गर्दा कुनै पनि कृतिमा प्रयोग भएको भाषिक क्षमतालाई विभिन्न आधारमा हेर्न सकिन्छन् ।

### ३.२.५ शैली

कुनै पनि साहित्यिक कृति लेखिने तरिका वा लेखकले आफ्नो भाव वा विचारलाई पाठकसामु अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई शैली भनिन्छ । भाषा अभिव्यक्तिको माध्यम

हो भने शैली अभिव्यक्तिको तरिका हो (लुइटेल, २०६९: ५७) । उपन्यास साहित्यिक कृति भएकाले यसको संरचनामा साहित्यिक र भाषिक शैली हुन्छन् । साहित्यिक शैली विधागत उपकरणको प्रयोग र अभिव्यक्तिमा देखिन्छ भने भाषिक शैली भाषाको प्रयोग र त्यसको अभिव्यक्तिमा देखा पर्दछ । अतः रचनाको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०५९: ३) । यसरी भाषामा वर्णनात्मक, विवरणात्मक, संवादात्मक, पत्रात्मक, कवितात्मक आदि विभिन्न प्रकारको शैली देखिन पुग्छ । यसरी कृतिमा के कस्तो शैलीको प्रयोग भएको छ भनी हेर्न सकिन्छ ।

भाषाको न्यूनतम सार्थक एकाइको छनौटलाई शब्दचयन भनिन्छ । एउटै कुरा जनाउनका लागि पनि प्रयोक्ताले आफ्नो रूचि अनुसार भाषामा पाइने उस्तै विकल्पहरूको एउटा विशिष्ट छनौट गर्न सक्छ । यसले गर्दा ती प्रयुक्त शब्दहरूले भिन्नै अर्थ बोकेका पनि हुन सक्छन् । कृतिमा तत्सम्, आगन्तुक, झर्रा आदि के-कस्ता शब्दहरूको छनोट भएको छ भनी हेर्नु नै शाब्दिक चयन अन्तर्गत पर्दछ । कुनै पनि कृतिको रचना गर्दा के कस्ता शब्दहरूको चयनबाट गरिएको छ भनी हेरेर पनि भाषामा भएको सरलता र जटिलता छुट्याउन सकिन्छ ।

### ३.२.६ उद्देश्य

जुन प्रयोजनका लागि उपन्यास लेखिएको हुन्छ त्यही प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिन्छ । उद्देश्यबिना सिर्जना गरिएको कृति सार्थक हुँदैन । उपन्यासको उद्देश्य उपदेश दिनु, मनोरञ्जन गर्नु, आनन्द दिनु आदि हुन् । आधुनिक उपन्यास भने यथार्थको प्रकट गर्न लेखिन्छ (लुइटेल, २०६६: ५१) । जुन रूपले भए पनि उपन्यासमा उद्देश्य अनिवार्य हुने हुँदा यो उपन्यासको एउटा मुख्य तत्त्व हो ।

### ३.२.७ दृष्टिविन्दु

कुनै पनि आख्यानात्मक कृति भित्र कथावाचक कुन ठाउँमा बसेर कथा भनिरहेको छ भनी हेर्नुलाई दृष्टिविन्दु भनिन्छ । उपन्यासमा कथायिताले कथावाचनको लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसले कसरी कथा भनिएको छ र कसले कथा भनेको छ भन्ने कुरालाई बुझाउँछ (बराल र एटम, २०६६: ५१) । कतै कथायिताले आफू नै

औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्ण कुरा ओकल्ने छुट पाएको हुन्छ । यस आधारमा दृष्टिविन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरूष गरी दुई प्रकारका हुन्छन् ।

प्रथम पुरूष भएको आख्यानात्मक कृतिमा कथायिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि संलग्न गरेको हुन्छ । यसलाई आन्तरिक दृष्टिबिन्दु भनिन्छ । आख्यानमा पात्र प्रथम पुरूषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ (श्रेष्ठ, २०६०: १२) । यसमा कथयिताले चाहेको जुनसुकै कुरा म को रूपमा व्यक्त भएको हुन्छ । पात्रको कार्यको आधारमा यसलाई केन्द्रीय र परिधीय गरी दुई वर्गमा विभाजन गरिएको छ । केन्द्रीय दृष्टिविन्दुमा स्वयम् उपन्यासकार वा अरू कुनै पात्र म को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत गरिएको हुन्छ भने परिधीय दृष्टिविन्दुमा उपन्यासको कथायिता त्यसको पात्र त हुन्छ तर केन्द्रीय घटना र चरित्रहरू भन्दा अलिकति टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ । यसरी प्रथम पुरूष दृष्टिविन्दुमा मुख्य वा सहायक जुन भूमिका लिएर भए पनि कथायिता म पात्रका रूपमा उपस्थित हुन्छ ।

तृतीय पुरूष दृष्टिविन्दुमा कथाबाचक कृति भित्र नरहेर कृति बाहिर रहन्छ । उ, त्यो, तिनी, उनी वा कुनै पात्रको नामबाट कथा भनिएमा त्यो तृतीय पुरूष भएको आख्यानात्मक कृतिमा कथयिता सम्पूर्ण कुराको ज्ञाता हुन्छ  र घटनास्थलभन्दा बाहिर रहेर अरूको बारेमा टिप्पणी गर्दछ । उपन्यासमा कथायिताको अधिकारको बारेमा बाह्य दृष्टिविन्दुलाई सर्वज्ञ, सीमित र वस्तुगत गरी विभाजन गरिएको छ । उपन्यासमा पात्र र घटनाका कुरालाई सर्वज्ञ झैं बनेर जानकारी दिने दृष्टिविन्दु सर्वज्ञ दृष्टिविन्दु हो । यसमा समाख्यातालाई पात्रको भावना, विचार, अनुभूति, उद्देश्य र मूल्याङ्कन गर्ने अधिकार प्राप्त हुन्छ (लुइटेल, २०६९: ५३) । सर्वज्ञ दृष्टिविन्दु पनि हस्तक्षेपी र अहस्तक्षेपी वा निर्बैयक्तिक गरी दुई प्रकारका दृष्टिविन्दु हुन्छन् । उपन्यासमा लेखकले नाटकीय संवादको उपस्थिति गराएर आफू टाढा  बस्दछ ।

सीमित दृष्टिविन्दु भएको उपन्यासमा चाँहि समाख्याताले आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँदछ र सीमित पक्षबाट मात्रै कुनै कुराको चर्चा गर्दछ । यस्तो दृष्टिबिन्दुमा कथायिताले आफूपछि लागेको चरित्रले के देख्छ, के सुन्छ, त्यो सबै बताउँछ । वस्तुगत दृष्टिविन्दु भएको उपन्यासमा समाख्याता कुनै पनि पात्रको मनभित्र

प्रवेश नगरी आफ्ना सामु घटित घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्दछ । बस्तुगत दृष्टिविन्दुमा समाख्याता सहभागीको मानसिकताबाट टाढा रहन्छ ।

कुनै पनि वस्तुले पूर्ण प्राप्त गर्नका लागि विभिन्न संरचनात्मक घटकहरूको समायोजन गरे जस्तै उपन्यास निमार्णका लागि पनि विभिन्न संरचनात्मक घटकहरूको आवश्यकता पर्दछ, जसलाई उपन्यासका तत्त्व भनिन्छ । उपन्यासका तत्त्वहरू यति नै हुन् भनेर किटान गर्ने क्रममा विद्वान्हरूको मत एउटै हुन नसके तापनि कथानक, पात्र, परिवेश, भाषा शैली, उद्देश्य, र दृष्टिविन्दुलाई आएका छन् । यिनै तत्त्वहरूको कलात्मक र समन्वयात्मक मिश्रणबाट उपन्यासले आफ्नो पूर्ण संरचना प्राप्त गरेको हुन्छ । यिनै तत्त्वका आधारमा *आलोपालो* उपन्यासको अध्ययन गरिएको छ ।

## ३.३ *आलोपालो* उपन्यासको औपन्यासिक संरचना

शङ्कर कोइरालाद्वारा लिखित *आलोपालो* उपन्यास सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । विधातत्त्वका आधारमा *आलोपालो* उपन्यासको विश्लेषण यस उपन्यासमा समाजको ठुलाठालुले गरेको अन्याय अत्याचार, श्रमशोषण र यौन शोषण जस्ता विविध पक्षलाई प्रस्तुत गरिएको छ । विषय सामग्रीको प्रस्तुतीकरण जम्मा १५ परिच्छेद र ११८ पृष्ठमा गरिएको छ । यस उपन्यास कृति १४ परिच्छेदबाट १८ परिच्छेद छापिएको छ । यसका कुनै परिच्छेद ५ पृष्ठका कुनै १६ पृष्ठसम्मका छन् । यसरी हर्दा उपन्यासको पच्छिेदगत योजना सन्तुलित देखिँदैन ।

प्रत्येक साहित्यक कृतिको कुनै न कुनै नामकरण गरिएको हुन्छ । जसलाई शीर्षक भनिन्छ । कुनै पनि कृतिको संरचना विभिन्न अवयवहरूको संयोजनद्वारा भएको हुन्छ र समग्रमा सिङ्गो कृतिलाई चिनाउने काम शीर्षकले गर्दछ । शीर्षक र कृतिमा घनिष्ट अन्तर सम्बन्ध रहेको हुन्छ । शीर्षक कृतिको बाहिर रहेर कृतिको मूल उद्देश्यतिर संकेत गर्ने गर्दछ ।

प्रस्तुत उपन्यासमा घरधन्दा र गोठधन्दा गर्ने काम रत्ने र उसकी स्वास्नी शर्वतीले आलोपालो गर्दछन् । एउटै व्यक्तिले घरधन्दा र गोठधन्दा गर्दा थकित हुने भएकाले उनीहरूले एक आपसमा सहयोग र हेरविचारका लागि घरधन्दा र गोठधन्दा आलो पालो गर्दछन् । त्यसैले यस उपन्यासको शीर्षक *आलोपालो* हो भन्ने स्पस्ट हुन्छ ।

### ३.३.१ कथानक

*आलोपालो* उपन्यासको कथानकको आयम विस्तार पन्ध्र अनुच्छेदमा रहेको छ । प्रस्तुत उपन्यास परम्परागत शैलीमा परिच्छेदमा विभाजित रहेको छ । यस कृति छपाईमा चौध परिच्छेदबाट अठार परिच्छेद छापिएको छ ।  यस उपन्यासभित्र जम्मा छ सय चौध अनुच्छेद र एक सय अठार पृष्ठ रहेको छ ।  यस उपन्यासभित्र रहेका प्रत्येक परिच्छेदमा पृष्ठ सङख्या  र अनुच्छेदहरूको वितरण निम्नानुसार रहेका छन् :

| **परिच्छेद** | **जम्मा पृष्ठ** | **जम्मा अनुच्छेद** |
|---|---|---|
| १ | ८ | ४९ |
| २ | ५ | १४ |
| ३ | ६ | ३५ |
| ४ | ७ | ३८ |
| ५ | ७ | ३० |
| ६ | ६ | २५ |
| ७ | ८ | ३१ |
| ८ | ९ | २२ |
| ९ | ७ | २५ |
| १० | ८ | ६२ |
| ११ | ९ | ५४ |
| १२ | १० | ६२ |
| १३ | ७ | ४५ |
| १४ | १६ | ९० |
| १८ | ५ | ३२ |
| जम्मा | ११८ | ६१४ |

यस प्रकार परिच्छेद योजना पृष्ठ र अनुच्छेदहरूको वितरणका दृष्टिले सन्तुलित देखिदैंन । परिच्छेद दुईमा पाँच पृष्ठ देखिन्छ भने चौध परिच्छेदमा सोह्र पृष्ठ रहेको छ । र अरू  परिच्छेदहरूमा पृष्ठ सङ्ख्या र अनुच्छेदहरू पनि सन्तुलित देखिदैंन । आयामको दृष्टिले परिच्छेद विभाजन असन्तलित देखिन्छ । यस उपन्यासको परिच्छेद विभाजनको आधारलाई हेर्दा सर्वप्रथम यसको परिच्छेदगत प्रसङ्गलाई हेर्नु उचित देखिन्छ । यसबाट विभिन्न प्रसङ्गहरूको आरोह अवरोह र त्यसैले कथानक प्रवाहमा पार्ने प्रभावलाई बुझ्न सजिलो पर्दछ । यसका साथै यस अध्ययनबाट परिच्छेद विभाजनको औचित्य सम्बन्धी निष्कर्षमा पुग्न सजिलो पर्छ ।

पहिलो परिच्छेदमा कथानकले समेट्ने कथा शृङ्खलाको मध्य भाग रत्नेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । रत्ने र शर्वतीको मानसिक अवस्थाको प्रसङ्ग रहेको छ । रत्ने जलवीरे गाउँमा जन्मिएको हो र गाउँघरमा दाउरा घाँसपात गर्दा उसको शर्वतीसँग मायाप्रीति बस्दछ र उसकी प्रेमिकालाई गाउँका कुमार साहुले कान्छी श्रीमतीको दर्जामा लगिदिएपछि साहुसित बदला लिने नियतले शर्वतीलाई भगाएर सहरमा ल्याउँछ । सहरमा आएको केही दिनमा नै शर्वतीले " तिमी अब बूढा भइसक्यौ" भनेपछि रत्नेले "त्यसो भए जा न त सात पोइला, सहरमा के कम ? जोसित गएपनि केही भन्दिन" (कोइराला, २०३४: १)

भन्दछ । यी भनाइबाट रत्ने र शर्वतीको दाम्पत्य जीवनको यथार्थ बुझ्न सकिन्छ ।

दोस्रो परिच्छेदको प्रारम्भमा कथावस्तुका उठानका लागि महत्त्वपूर्ण रहेको छ । रत्नले शर्वतीलाई लिन गाउँ गएको र शर्वतीले रत्नेसित भाग्नका लागि आफ्नो गहना र पैसा पोको पारी पटुकामा बाँधेर तयारी अवस्थामा रहेकी छ । त्यसका साथै रत्ने खेताला नगएको हुनाले रत्नेका दाजु हीरेसँग कुमार साहुले नयाँ र पुरानो हिसाब चुक्ता गर्न कागजात हेर्नु पर्ने कुरा गर्नु, साहुको अन्याय, अत्याचार दमन र शोषण सहन नसकेर हीरेले घरखेत नै साहुलाई बेचेर मधेश जाने विचार गर्नु जस्ता प्रासाङ्गिक कथा जोडिन आएको देखिन्छ । यस परिच्छेदमा रत्ने र उसकी प्रेमिका शर्वती आफू खुशी गाउँबाट भाग्न सफल भएकोले कथावस्तुको आरम्भ यहीँबाट भएको मान्न सकिन्छ ।

तेस्रो परिच्छेदमा कथानकले गति लिएको छ । रत्ने र शर्वती गाउँबाट भागेर सहरमा कृष्णगोपाल काजीको घरमा धरधन्दा र गोठधन्दा गर्दै आएका छन् । शर्वतीले "रातदिन काम गरिरहन सकिन्छ ?" भन्ने प्रश्नको उत्तरमा रत्नेले "मैले नसकेको बेलामा तैले, तैले नसकेको बेलामा मैले पेट पोल्नु त परिहाल्यो"(कोइराला, २०३४: १५) भन्दछ । यस भनाइले सहरमा बाँच्नका लागि लोग्ने स्वास्नी दुबैले काम गर्नुपर्ने बाध्यता र विवशतालाई पस्केको पाइन्छ । उता गाउँमा रत्नेले शर्वतीलाई भगाउने हीरेले षडयन्त्र गरेको हुनुपर्छ भन्ने आरोप कुमार साहुले लगाएको देखिन्छ । त्यस बाहेक गाउँका साहु र किसानसँगको सम्बन्ध, सामाजिक अवस्था पर्यावरणीय परिचय तथा सहरको परिवेशमा गरिबीका कारण बाँच्नका लागि लोग्ने स्वास्नीले काम गर्नुपर्ने बाध्यता भएको देखिन्छ ।

चौंथो परिच्छेदमा पुगेर पहिलो महत्त्वपूर्ण घटना घटित भएको छ । प्रोफेसर कृष्णगोपाल काजीले राति घरधन्दा गर्दै गरेकी शर्वतीलाई बोलाएर लड्डु पेडा दिनुले पनि काजी शर्वतीप्रति आकर्षित भएको र भऱ्याङ्गमा रत्नेसित कजिनीले ढस्सा लाग्नुले रत्नेप्रति कजिनी आकर्षित भएकी देखिन्छ। रत्ने र शर्वतीले काजी र कजिनीको चरित्र र व्यवहारको मूल्याङ्कन गरी चरित्रहीन रहेका कुरा देखाएका छन् । यस परिच्छेदमा राति घरधन्दा गर्ने क्रममा रत्ने र शर्वती दुबै श्रमशोषण र यौनशोषणमा परेको पाइन्छ । शिक्षित परिवारका दम्पति कृष्णगोपाल र नानीमैयाले आफ्नो घरमा काम गर्ने नोकर नोकर्नीसँग अनैतिक सम्बन्ध राखेको देखिन्छ । यी मालिक मालिक्नी र नोकर नोकर्नी बीचको सम्बन्ध वा व्यवहारमाथि एकले अर्कोप्रति शङ्का गरे तापनि आ-आफ्नो गोप्य कुरा लुकाउन खोजेको देखिन्छ ।

पाँचौ परिच्छेदमा गाउँको परिवेशमा घटेका घटनाको वर्णन पाइन्छ । रत्नेका दाजु हीरे अकस्मात लड्नु , काने सार्कीले झारफुक गर्नु र झारफुक गरे पनि हीरेलाई बचाउन नसक्नुले गाउँमा अन्धविश्वास रहेको थाहा हुन्छ । हीरेको मृत्यु हुनु, काजक्रियाका लागि कुमार साहुले सय रूपैयाँ दिनु र हीरेकी श्रीमतीले मृत्यु संस्कारका कार्य गर्नु जस्ता घटना यस परिच्छेदमा रहेको छ । पछि साहुले ऋण चुक्ता गर्न नसके पछि साहुले हीरेको घरखेत अख्तियारी गर्दछ । यस परिच्छेदमा खासै उल्लेखनीय घटना देखिँदैंन ।

छैंटौ परिच्छेदमा रत्ने आफ्नो गाउँघर सम्झिएर झोक्राएर बस्नु, शर्वतीले आफ्नो कुरा थाहा पाएर झोक्राएको हो कि भनी शङ्का गरी उनीहरूको बीचमा सामान्य वार्तालाप देखिन्छ । गाउँमा सम्झिनुपर्ने कोही नभएको र शर्वतीले आफु गाउँ बिर्सिएको कुरा गर्नु अनि रत्नेले " बिर्सदा बिर्सदा तैंले त मलाई बिर्सिलिस्" (कोइराला, २०३४: ३५) भन्ने भनाइले सहरमा आएपछि कृष्णगोपालसँग सम्बन्ध बढाएको भन्ने बुझिन्छ । शर्वतीका दैनिक व्यवहारमा पनि परिवर्तन आएको छ। शर्वती र रत्नेले मायाप्रीतिका कुरा गर्नु, कृष्णमन्दिरमा सिन्दुर राखेर विवाह गर्ने विचार गरे तापनि विवाहपछि लोग्ने स्वास्नीबीच माया घट्छ कि भन्ने प्रसङ्ग आएको देखिन्छ । किनकि कृष्णगोपाल काजी र नानीमैयाँ कजिनीका पारिवारिक सम्बन्धलाई देखाउन खोजिएको छ । यस परिच्छेदमा शर्वतीले साडी लगाउनु, कजिनीले जडाउरी दिएको भन्नु र त्यो साडी कजिनीले कहिले नलगाएको भन्दै रत्नेले काजीले नै दिएको हुनुपर्छ भनी शङ्का गर्दछ ।

सातौँ परिच्छेदमा कृष्णगोपाल त्रि.वि.वि. कलेजका मनोविज्ञानको प्राध्यापक हुनुका साथै उसको बिहे नानीमैयासित भएको देखिन्छ । नानीमैयालाई स्वास्नीका रूपमा नहेर्नु, स्वास्नीमान्छेका  रूपमा हेर्नु मनोविज्ञान विषय अध्यापन गराउँदा विवाह नै पर्याप्त कुरा होइन भनेको पाइन्छ । कृष्णगोपाल आफु पनि नैतिकतामा नबाँधिएको र नानीमैयाप्रति शङ्का नगरी उदार भएको कारणले नानीमैयाँ पनि नैतिकतामा बाँधिएकी छैन । यी लोग्ने स्वास्नीबिच आत्मीय  सम्बन्ध नहुनु, र आफ्ना आवश्यकता पूरा गर्न रत्ने र शर्वतीलाई प्रयोग गरेको देखिन्छ । शर्वती बिरामी हुनु, कृष्णगोपालले डाक्टर बोलाउने कुरा गर्नु, कजिनीले आफु बिरामी पर्दा ख्याल नगरेका कुरा गर्नु आदि सामान्य वार्तालाप भएको पाइन्छ । यस परिच्छेदमा काजी र कजिनी चरित्रहीन देखिएका छन् ।

आठौँ परिच्छेदमा कथानकलाई गति दिने खालको कुनै प्रसङ्गको उठान भएको छैन । हीरेका मृत्युपश्चात उसकी श्रीमती लठेप्री (निदरी) असहाय बनेकी छ । साहुले दिएको ऋण चुक्ता गर्न नसकेपछि घरखेत साहुलाई छोडेर माइत गएकी छ । यस परिच्छेदमा "बलियाले जे गऱ्यो त्यही नीति  बन्छ" (कोइराला, २०३४: ४९) भने झै कुमार साहुले गरिवलाई ऋण पनि दिनु र उसको घरखेत पनि अख्तियार गर्दछ । गाउँमा जति दुःख गरे पनि बिहान बेलुका छाक टार्न गाह्रो भएका कारण रत्नेका साथी नाराने र किस्ने सहर आएका छन्  । त्यसैले गाउँका चन्द्रे र शिवे घरबारी बाँझै राखेर मधेसतिर झर्दछन् । सहरमा रत्नेको भेट नाराने र किस्नेसित भएको छ । उनीहरूबाट रत्नेले दाजु हीरेको मृत्यु भएको र भाउजूले साहुको ऋण तिर्न नसकेर घरखेत छोडी माइत गएको खबर पाउँदछ ।

नवौँ परिच्छेदमा कथानकलाई गति दिने खालको प्रसङ्ग उठान भएको छ । कजिनीले रत्नेलाई राति अबेरसम्म कुर्नु, रत्ने नजानु र रत्ने भोलिपल्ट घरधन्दा गर्न जाँदा कजिनीलाई अबदेखि यस्तो काम कुरो गर्न भएन भनेर सचेत गराउँछ । शर्वतीले गर्वावस्थाका लक्षणहरू पेट हुँडल्नु, वाक्वाकी लागेको देखेपछि रत्नेले पनि मालिक्नीलाई वाक्वाकी लागेको देखेँ भन्नुले मालिक मालिक्नी र नोकर नोकर्नीबीचको अनैतिक सम्बन्ध अगाडि बढेको पाइन्छ । शर्वती दुई जीउकी भएपछि काजीलाई सबै कुरा बताएकी छ ।  काजीले रत्नेलाई लिएर अस्पताल जानु र उसलाई नै श्रीमान हो भनी देखाउनु भनेर मालिक कृष्णगोपाल आफ्नो अनैतिक बोझबाट पन्छिन खोज्दछ ।

दसौँ परिच्छेदमा कथानकले अझ गति लिएको छ । शर्वतीले अस्पताल जान्छु भन्नु, " तिमीलाई के थाहा आइमाईको बेथा ? नदेखाई नहुने भाको छ" (कोइराला, २०३४: ६४), भने पछि रत्नेले रिसाए पनि माया देखाउँदै ज्यानै जाने व्यथा भए पनि तैले भन्न नहुने भनेर कुरा बुझ्न खोज्दछ । यस पछि काजीको अनैतिक सम्बन्धबाट गर्व रहेको कुरा कजिनीलाई सुनाउन गएको देखिन्छ । तर काजीले यी तरूना तरूनी नोकर नोकर्नी राख्न चाहन्न भन्दै यिनीहरूले समाजमा नराम्रो र लाज मर्नु पार्छन् भनी कजिनीसँग भन्दछ । कजिनीले केही निउ नभई दानापानी खोस्नु हुँदैन, मनोविज्ञानको प्रोफेसर भएर यति कुरा बुझ्न नसक्ने भन्दै नानीमैया र काजीबीच वार्तालाप भएको देखिन्छ । रत्ने र शर्वती बीच पनि एक अर्कालाई दोषारोपण गरेको देखिन्छ ।

एघारौं परिच्छेदमा रत्नेका गाउँले साथी नाराने र किस्ने भेट्न आउनु, उनीहरूसित कुराकानी गर्दै होटेलमा चिया खाइ बिदा गरी डेरामा फर्किएको अवस्था रहेको छ । डेरामा आउँदा काजीले खोजेको भन्नु, काम गर्न मन छैन भने हिसाब किताब बुझाइदिन्छु भन्नु र कजिनीले पनि शर्वतीलाई खोजेका कुरा गर्नुले पनि रत्ने र शर्वतीलाई घरदेखि निकाल्न खोजेको कुरा बुझिन्छ ।  यस परिच्छेदमा काजीले त्यो महिनाको तलब पूरा दिएर बिदा गर्नु र शर्वती पनि अस्पतालबाट आइपुगेको अवस्था छ । अनि रत्नेले शर्वतीसित काजी कजिनीले घरदेखि निकालेको कुरा सुनाएको छ । यसपछि शर्वतीले काजी र कजिनीलाई भेट्न जाँदा काजीको लोग्ने स्वास्नी बीच भनाभन भएको देखिन्छ । "के कालो गए गोरो आउँछ ।" काली गए गोरी पनि आउँछे ।" (कोइराला, २०३४: ८१) भन्ने भनाइले सहरमा यौनको विकृतिलाई देखाउन खोजिएको छ ।

बाह्रौं परिच्छेदमा शर्वतीले रत्नेलाई बिदा दिनु भएछ भन्दै काजीलाई आफ्नो दुई जीउ देखाउँदै दानापानीको बन्दोबस्त गरी राख्छु भनेको होइन ?, मलाई कसरी निकाल्नु हुन्छ ? भन्दै आक्रोश व्यक्त गर्दछे । तर काजीले केही बोल्न सकेको देखिदैन । कजिनीले के भन्छे यो बौलाही मोरी भन्दै घच्याउँदै निक्लिएर जा भनेपछि अझ संवाद चर्किएको छ । शर्वतीले म तिम्री सौता हुँ ! कसरी निकाल्छौ ? म समाजमा कराउँछु भन्दछे । यस परिच्छेदमा सहरका ठुलाठालु भनाउँदाले काम गर्न नसकेर नोकर नोकर्नी राख्ने र तिनीहरूको श्रमशोषण र यौन शोषण गर्न पछि नपर्ने प्रवृत्ति रहेको देखिन्छ । त्यस्तै समाजमा जतिसुकै शिक्षित र ठुला व्यक्ति भए पनि गरिबीका कारण रत्ने र शर्वती जस्ता

धेरै चरित्रहरू श्रम शोषित र यौन शोषितमा परेका हुन सक्छन भन्ने बुझिन्छ। अन्तमा रत्ने र शर्वतीलाई काजीले घरदेखि निकालिदिएको देखिन्छ  किन कि कृष्णगोपाल एउटा प्रोफेसर जस्तो व्यक्तिले नोकर्नीसित अनैतिक कार्य गरेका कारण शर्वती दुई जीउकी भएकीले समाजमा इज्जत जाने डरले रत्ने र शर्वतीको विचल्ली बनाएको छ।

तेह्रौं परिच्छेदमा रत्ने र शर्वतीले काजीका घरबाट निक्लिएर सहरको गल्लीमा भौँतारिदै डेरा र कामको खोजी गर्दछन्। तिनीहरूको भेट एकजना युवकसँग हुन्छ। रत्नेले त्यस युवकलाई कोठा भाडामा पाइन्छ कि भन्ने प्रश्न गर्नु, त्यस युवकले आफ्नो घर धरहरा नजिक देखाउँदै एउटा कोठाको भाडा महिनाको रू ४०।- भन्दछ। रत्ने र शर्वतीले त्यस कोठा भाडा लिएर बस्दछन्। त्यसपछि भने रत्ने कामको खोजी गर्दै हिँड्दा एकजना गाउँले दाइसँग भेट हुन्छ। त्यस गाउँलेको बिन्तीपत्र सुब्बा साहेबले हेर्ने कुरा गर्नु, त्यो सुब्बा साहेबको धरहरा नजिक पाँचतले घर भएको र ऊ अर्को बङ्गालामा बस्छ भन्ने थाहा पाउँछ र रत्नेले पिउन जागिरको आशा गरेको देखिन्छ।

चौंधौ परिच्छेदमा गरिबीका कारण काम र मामको खोजी गर्नु पर्ने बाध्यता देखिन्छ। रत्नेले जागिर नपाउँनु, जागिर खोज्दा खोज्दै एक महिना, दुई महिना गर्दै दिन बित्दै गएको हुन्छ। उनीहरूसँग भएको पैसा पनि सकिन्छ। सहरमा आफ्नो मान्छे नभएपछि जागिर पाइँदैन भन्दै नारानेले आफ्नो साहुसँग काम मागेर रत्नेलाई लगाइ दिन्छ। रत्नेले बल्लतल्ल काम पाउनु, त्यही डेरमा बस्दा शर्वतीको तिलहरी हराउनु, अनि शर्वतीले कन्तुर हुनु तिलहरी नहुनु त कन्तुरको साँचो मिलाएर चोरेको हुनुपर्छ भन्दै रत्नेलाई शङ्का गरेको देखिन्छ। रत्नेले आफूले नलिएको भन्दै दक्षिणतिर फर्केर दक्षिणकालीको कसम खाएको छ। यस अवस्थामा शर्वतीले रत्नेसित बस्न चाहेकी छैन किनकि रत्नेले गहना लुटेर माग्ने र चरित्रहीन बनाउन सहर ल्याएको भन्ने बुझेको पाइन्छ। केदारमानको घरमा काम गर्न लोग्ने स्वास्नीलाई खाइपाइ महिनाको पचास रूपैयाँ दिने भएपछि रत्नेले पहिला नै घरभाडा बुझाएकोले बाँकी दिनको पैसा फिर्ता माग्न घरवेटी अर्चनासँग भेट्न जान्छ। तर अर्चनाले त्यस महिनाको घरभाडा नदिएको कुरा गर्दा घरधनी र रत्नेका बीचमा सामान्य वार्तालाप भएको देखिन्छ।

अठारौँ परिच्छेदमा सहरमा गरिव मान्छेलाई हेप्ने र ठग्ने मान्छिेहरू बस्दा रहेछन् भन्दै रत्ने र शर्वती बीच सामान्य कुराकानी भएको देखिन्छ। उनीहरू कोठाभाडा तिर्न

नसकेर केदारमानसँग नै माग्ने विचारले रत्ने हिँडेको देखिन्छ । सडकमा अफिस छुटेर कर्मचारीका हुलले आवत जावत गर्न कठिन रहेको देखिन्छ । रत्ने आफ्नो सोचाइमा मग्न भएर सडक पार गर्दा अचानक अर्को तर्फबाट आएको मोटरले ठक्कर दिएर लड्नपुग्नु, त्यो मोटर सुब्बा तीर्थलालको हुनु, त्यस मोटरमा राखेर रत्नेलाई अस्पताल लैजान नखोज्नु र ट्याक्सीमा राखेर अस्पताल पुऱ्याउनु, रत्ने राति अबेरसम्म नआएपछि शर्वती चिन्तित हुनु, र मृत्यु हुनु भोलिपल्ट नै रत्नेको मृत्युको खबर सबैले पढ्नु तर उसकी स्वास्नीले थाहा नपाउनु, रत्ने डेरामा नफर्किएपछि घरबेटीले लोग्नेमान्छे बेइमानी हुन्छन् तिमीलाई छोडेर गएको हुनुपर्छ भनेर पोल लगाइदिनु जस्ता घटनाको उल्लेख छ । घरबेटीले अर्को दिन आएर "अब डेरा छोडेर जा निक्ली । सधैँ ढोका थुनेर बसेकी छ छ । ढोका खोल" (कोइराला, २०३४: ११८) भन्ने प्रसङ्ग पनि भेटिन्छ । यसरी घरवेटीको कुरा सुन्नु र रत्ने नआएपछि शर्वतीले त्यही डेरामा नै विष सेवन गरी मृत्यु वरण गरेकी छ ।

परिच्छेदगत प्रसङ्गलाई हेर्दा पहिलो परिच्छेदले रत्ने र शर्वतीका बीचमा मानसिक तनाव देखिन्छ । दोस्रो परिच्छेदमा कथानक आरम्भ भएको छ । तेस्रो परिच्छेदमा रत्ने र शर्वती सहरमा कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्दै आएको देखिन्छ । यस परिच्छेदमा शर्वतीले सधैँ काम गरिरहन सकिन्छ ? भन्ने वाक्यले उपन्यासको शीर्षकलाई प्रष्ट पार्न खोजिएको देखिन्छ । किनकि रत्ने आफू नसकेको बेलामा श्रीमतीले काम गर्नु र श्रीमतीले नसकेको बेलामा आफुले काम गर्ने भनाइले काम आलोपालो गर्नु पर्छ भन्ने प्रसङ्गलाई प्रस्तुत गरिएको छ । चौँथो परिच्छेदमा महत्त्वपूर्ण घटना घटेको पाइन्छ । राति घरधन्दा गर्दै गरेकी शर्वतीलाई कृष्णगोपाल काजीले बोलाएर लड्डु दिनुका कारण नोकर्नीप्रति आकर्षित भएको र भऱ्याङ्ग उक्लिदा कजिनीले रत्नेलाई ढस्सा दिनुले कजिनी रत्नेप्रति आकर्षित भएको देखिन्छ । यस परिच्छेदमा राति घर धन्दा गर्ने क्रममा रत्ने र शर्वती दुबै मालिक मालिक्नीबाट यौनशोषणमा परेको देखिन्छ । पाँचौ परिच्छेदमा गाउँको परिवेश आएको छ । हीरेले साहुको ऋण चुक्ता गर्न नसकेको, अकस्मात हीरेको मृत्यु भएको घटना रहेको छ छैटौं परिच्छेदमा सहरमा आएपछि रत्नेका लोग्ने स्वास्नीबीच व्यवहारमा पनि परिवर्तन देखिनुको साथै मानसिक तनाब पनि देखिन्छ । सातौं परिच्छेदमा काजी र कजिनी नैतिकताले नबाधिएका र आफ्नो आवश्यकता नोकर नोकर्नीबाट पुरा गरेको प्रसङ्ग रहेको छ । आठौ परिच्छेदमा कथानकले गति लिएको छैन । नवौं परिच्छेदमा नानीमैयाले रत्नेलाई राति अबेरसम्म कुर्नु र शर्वतीलाई गर्वावस्थाका लक्षण देखिएको प्रसङ्ग रहेको छ ।

दशौं परिच्छेदमा कथानकको विकास भएको छ । शर्वतीले अस्पताल जाने कुरो गर्नु र कृष्णगोपालले तरूना तरूनी नोकर नोकर्नी नराख्ने कुरा गरेको पाइन्छ । एघारौं परिच्छेदमा कृष्णगोपालले समाजमा बेइज्जत हुने डरले रत्ने र शर्वतीलाई घरबाट निकाली दिने प्रसङ्ग आएको छ । बाह्रौ परिच्छेदमा शर्वतीले काजीलाई दुई जीउ देखाउँदै घरबाट निकालेको विषयमा आक्रोश व्यक्त गरेकी छ । तेह्रौं परिच्छेदमा रत्ने र शर्वती काजीको घरबाट निक्लेर डेराको खोजी गर्दै सडकमा भौतारिदै हिँडेको अवस्था रहेको छ । चौधौं परिच्छेदमा सहरको एक घरमा डेरा बस्दै गर्दा शर्वतीको तिलहरी हराएपछि रत्ने र शर्वती मानसिक तनावमा देखिन्छन् । अन्तिम अठारौं परिच्छेदमा कामको खोजीमा हिँडेको रत्नेलाई सडकमा मोटरले ठक्कर दिएर मृत्यु भएको छ । शर्वतीले रत्नेको मृत्युको खवर नपाउनु, घरबेटीले निक्लिएर जा भनेपछि त्यही डेरामा मुसा मार्ने विष सेवन गरेर शर्वतीले मृत्युवरण गरेको कथा छ ।

परिच्छेदगत अध्ययन गर्दा हरेक परिच्छेदमा घटनाका प्रसङ्ग फरक फरक देखिनु, सहरमा घरधन्दा र गोठधन्दा रत्ने र शर्वतीले आलोपालो गर्नु र मृत्यु पनि अगाडि पछाडि भएकोले यस उपन्यासको शीर्षक *आलोपालो* औचित्यपूर्ण देखिन्छ । परिच्छेदहरू कुनै न कुनै रूपमा औपन्यासिक संरचनासँग अन्वित हुन पुगेकोले परिच्छेद योजना औचित्यपूर्ण देखिन्छ ।

यसप्रकार प्रस्तुत उपन्यासको कथानकमा घटनाहरूको बाहुल्यता पाइँदैन । यस उपन्यासमा कथावस्तुका रूपमा जलवीरे गाउँको समाजका कथा व्यथालाई प्रस्तुत गरिएको छ । गाउँसमाजमा साहु, ठुलाठालुबाट अन्याय, अत्याचार र शोषणमा पिल्सिएका गरिब जनताहरूको दिनचर्यालाई प्रस्तुत गराइको छ । त्यही गाउँको रत्नेले साहुको अन्याय, थिचोमिचो सहन नसकेर जीवकोपार्जनका लागि सहरमा कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्दा रत्नेका लोग्नेस्वास्नीले श्रमशोषण र यौनशोषणमा परेको कथा यस उपन्यासमा समेटिएको छ । रत्ने र उसकी स्वास्नी शर्वतीले जीवकोपार्जनका लागि मालिकका घरमा काम गर्दा भोग्नु परेका बाध्यता र विवशतालाई सहरिया समाजका घटनाहरूले यथार्थ झलक प्रस्तुत गरेको छ । उपन्यासकारले देखेका भोगेका घटनाहरूलाई नै यस उपन्यासमा कथा वस्तुका रूपमा समेटेका छन् । छरिएका घटनाहरूलाई रत्नेका जीवनमा घटेका घटनाहरूले जोड्ने काम गरेको छ ।

*आलोपालो* पुराण, इतिहास अथवा दन्त्य कथाजस्ता प्रख्यात विषयवस्तुमा आधारित नभएर विशुद्ध रूपमा उपन्यासकारको कल्पनामा आधारित सामाजिक विषयवस्तुलाई समेटिएको छ । गाउँले सोझा सिधा र गरिब भएकोले गाउँसमाज र सहरिया समाजमा भोग्नु परेका तीता यथार्थलाई यस उपन्यासमा प्रस्तुत गरेको पाइन्छ । प्रस्तुत उपन्यासको घटना यथार्थ प्रकारको छ । यसको कथानक स्थुलबाट सुक्ष्मतातर्फ उन्मुख भएको पाइन्छ । पात्रहरूको मूल प्रवृत्ति, अचेतन मनको स्वरूप, मानसिक सङ्घर्ष र त्यसबाट उत्पन्न कुण्ठा, यौनविकृति, विसङ्गति र सामाजिक जटिलताहरूको उद्घाटन यस उपन्यासले गरेको छ ।

गठनका दृष्टिले यस उपन्यासको कथानक जटिल प्रकारको रहेको छ । रत्ने र शर्वतीको कथा सँगसँगै र अन्योन्याश्रित रूपमा प्रवाहित भएका छन् । रत्ने र शर्वती सम्बन्धित भाग मुख्य कथानकका रूपमा देखा पर्दछ । कृष्णगोपाल काजी नानीमैया कजिनीका र गाउँको कुमार साहु र हीरेको परिवारसँग सम्बन्धित घटना गौण कथानकको रूपमा देखा पर्दछ । यसलाई प्रासङ्गिक कथानक भन्न सकिन्छ ।

जलवीरे गाउँमा दाउरा घाँसपात गर्दा रत्ने र शर्वतीबिच मायाप्रीति बसेको देखिन्छ । रत्ने गरिब भएको कारणले उसकी प्रेमिका शर्वतीलाई गाउँकै कुमार साहुले कान्छी श्रीमतीको दर्जामा राख्नु, र रत्नेले कुमार साहुसँग बदला लिने नियतले उसकी प्रेमिकालाई भगाएर काठमाडौं सहरमा कृष्णगोपाल काजीको घरमा बसेका देखिन्छन् । यी दुबैले घरधन्दा र गोठधन्दा गर्ने कार्य आलोपालो गरेको पाइन्छ । कृष्णगोपाल र उनको श्रीमती नानीमैया वैवाहिक सम्बन्धमा बाधिए तापनि नैतिकतामा बाँधिन नसक्नुले लोग्ने स्वास्नीमा आत्मियताको सम्बन्ध बलियो देखिदैन । त्यसैले रत्ने र शर्वतीले घरधन्दा र गोठधन्दा गर्दा मालिक र मालिक्नीबाट यौन शोषणमा परेको देखिन्छ ।

प्रोफेसर कृष्णगोपाल काजी मनोविज्ञानका प्राध्यापक भएर पनि अरूको मनको भाव बुझ्न नसकेको देखिन्छ । आफ्नी स्वास्नीलाई स्वास्नीका रूपमा नहेरी र स्वस्नीमान्छेका रूपमा हेर्नु, विवाह नै पर्याप्त कुरा होइन भन्नुले यिनको विचारमा यौन सम्पर्कलाई सामान्य दृष्टिले हेरेको पाइन्छ । कृष्णगोपालको अनैतिक कार्यबाट शर्वती दुई जीउकी भएपछि कृष्णगोपाल र नानीमैयाँले सामाजिक इज्जत र प्रतिष्ठा जान्छ भन्ने डरले घरबाट निकाली दिएको पाइन्छ । शिक्षित परिवारबाट यौन शोषणमा पर्नु र गरिब भएकै कारण रत्ने र शर्वतीले कुनै कुराको पनि प्रतिकार गर्न सकेका छैनन् ।

रत्ने र शर्वती कृष्णगोपालको घरबाट निक्लिएर सहरमा डेरा र काम खोज्दै हिँडेका देखिन्छन् । डेरा पाए पछि काम खोज्दै हिँडेका बेलामा सडकमा मोटरले ठक्कर दिएर रत्नेको मृत्यु हुन्छ । उता उसकी श्रीमतीले रत्नेका मृत्युको खबर पाउन सकेकी छैन । रत्ने डेरामा नर्फर्किएपछि शर्वती चिन्तित हुनु, घरबेटीले भाडा माग्नु र पैसा नभएका कारण त्यही डेरामा शर्वतीले मुसा मार्ने विष सेवन गरी मृत्युवरण गरेको देखिन्छ ।

यी लोग्नेस्वस्नीले सहरमा काम र मामको खोजीमा भोग्नु परेको बाध्यता र विवशतामा भ्रूेलिंदै अन्तमा मृत्यु पनि अघि र पछि वा आलोपालो गरेको देखिन्छ । रत्ने र शर्वतीका कथा अगाडि बढ्नुले  मूलतः *आलोपालो* उपन्यास रत्ने र शर्वतीमा केन्द्रित रहेको छ । यी लोग्ने स्वस्नीका कथाको संयोजन स्वाभाविक बन्न पुगेको छ ।

*आलोपालो* उपन्यासमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको पाइदैन । पूर्वस्मृतिको प्रयोगले गर्दा यस उपन्यासमा कथानक व्यत्तिक्रमिक भए पनि आदि, मध्य र अन्त्यको अवस्थिति भने पाउन सकिन्छ । कार्यकारणको शृङ्खला पहिल्याउँदै यसको क्रमिकताको विश्लेषण गर्न सकिन्छ । कथानकलाई परिच्छेदगत रूपमा हेर्दा दोस्रो परिच्छेददेखि चौथौं परिच्छेदसम्म आदि भाग, नवौं परिच्छेददेखि बाह्रौं परिच्छेदसम्म मध्य भाग र तेह्रौ परिच्छेददेखि अठारौं परिच्छेदसम्मलाई अन्त्य भाग मान्न सकिन्छ ।

आदि भागमा प्रमुख पात्रहरू र तिनको अवस्थाको परिचय रहेको छ । यस उपन्यासको प्रमुख पात्र रत्नेकी प्रेमिका शर्वतीलाई गाउँका कुमार साहुले कान्छी श्रीमतीका रूपमा विहे गरेको हुन्छ । साहुसँग बदला लिने नियतले आफ्नी प्रेमिका शर्वतीलाई गाउँबाट भगाएर सहरमा कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्ने काम गरेको पाइन्छ । घरधन्दा र गोठधन्दा कहिले रत्नेले  त कहिले शर्वतीले गरेका छन् । घरधन्दा  गर्ने पालोमा शर्वतीलाई कृष्णगोपाल काजीले लड्डु पेडा दिनुले शर्वतीप्रति आकर्षित भएको छ । त्यस्तै रत्नेसित नानीमैया आकर्षित भएकी छ । हरेक दिन घरधन्दा गर्दा रत्ने र शर्वती श्रमशोषण र यौन शोषणमा परेका छन् । कृष्णगोपाल र नानीमैया वैवाहिक सम्बन्धमा बाँधिए तापनि नैतिकतामा बाँधिन नसक्नुले पारिवारिक सम्बन्ध त्यति राम्रो देखिदैन । त्यसैले आफ्नो आवश्यकता नोकर नोकर्नीबाट पुरा गरेको देखिन्छ । यहाँ सम्मको भागलाई कथानकको आीद भाग मान्न सकिन्छ । त्यसैगरी अब तिमी बुढा भैसक्यौ भन्नु, आफ्नो पूर्वकथा रत्नेलाई सुनाउन र मालिकका लागि सौन्दर्य बढाउन खोज्नु, रत्नेले शर्वतीको व्यवहारमा परिवर्तन

आएको देख्नु, र  शर्वती दुई जीउकी भएको काजीले थाहा पाएर रत्नेलाई लिएर अस्पताल जानु, उसलाई नै तिम्रो श्रीमान् भन्नु भन्ने सम्मको भागलाई मध्य भाग मान्न सकिन्छ । शर्वतीले अस्पताल जान्छु भन्नु, रत्नेले के भएको छ भनेर प्रश्न गर्दा भन्न नखोज्नु, काजी र कजिनीले शर्वती  दुई जीउकी थाहा पाएपछि आफ्नो बेइज्जत हुने डरले घरबाट निकालिदिनु र सहरमा काम खोज्दै हिँड्दा सडकमा मोटरले ठक्कर दिएपछि रत्नेको मृत्यु हुनु, रत्नेको मृत्युको खबर नपाएकी उसकी श्रीमती शर्वतीले मुसा मार्ने विष सेवन गरी मृत्यु भएको सम्मको भागलाई अन्त्य भाग मान्न सकिन्छ । उपन्यासको कथानक व्यतिक्रमिक भए पनि कार्यकारण शृङ्खला मिलेको छ । आङ्गिक पूर्णता प्राप्त गरेको छ । यस उपन्यासको कथानकको कार्यावस्थालाई पाँच खण्डमा विभाजन गरेर हेर्न सकिन्छ । दोस्रो परिच्छेदमा रत्नेकी प्रेमिका कुमार साहुले बिहे गरेपछि साहुसित बदला लिने नियतले साहुकी श्रीमती फेरि गाउँबाट भगाएर सहर आएको अवस्था छ । तेस्रो परिच्छेदमा सहरमा पेट पाल्नका लागि लोग्ने स्वास्नीले काम गर्नु पर्ने बाध्यता देखिएको छ । चौथो परिच्छेदमा पात्र पात्रको अवस्था र पात्र  पात्र बिचको सम्बन्ध रहेको पाउन सकिन्छ । यस परिच्छेदमा कृष्णगोपाल काजी र नानीमैया कजिनी नोकर नोकर्नीप्रति आकर्षित हुनु र काजी र कजिनीले आफ्नो यौन आवश्यकता नोकर नोकर्नीबाट पूरा गर्नु यस उपन्यासको महत्त्वपूर्ण घटना हो । यसरी दोस्रो परिच्छेदलाई प्रथम सङ्कटावस्था भनिन्छ । जसबाट अरू घटनाहरू विकसित हुँदै जान्छन् । पहिलो तथा तेस्रो परिच्छेददेखि तेह्रौ परिच्छेदसम्म सङ्घर्ष विकास हो । चौँथो परिच्छेदको पूर्वार्द्ध चरम उत्कर्ष हो र चौधौ परिच्छेदको उत्तरार्द्ध देखि अठारौ परिच्छेदसम्म सङ्घर्षह्रास र उपसंहार भाग हो ।

*आलोपालो* उपन्यासमा कथानकलाई रोचक र आकर्षक बनाउन बिचबिचमा कौतुहलको सिर्जना गरिएको हुन्छ । कौतुहलले नै उपन्यास पढ्न र पुरा गर्न उत्प्रेरणा प्राप्त गर्दछ । कौतुहलको दृष्टिले यस उपन्यासको कथावस्तु सशक्त देखिन्छ । पूर्वस्मृति पद्धतिमा अगाडि घटिसकेको घटनातर्फ पाठकलाई आकर्षित गर्दै लैजानु उपन्यासको कथावस्तुमा पाइने विशेषता हो । उपन्यासमा प्रारम्भिक परिच्छेदमा शर्वतीले रत्नेलाई अब तिमी बुढा भैसक्यौ भनेर असन्तुष्टि व्यक्त गरेपछि उनीहरूबिच के कस्तो सम्बन्ध थियो  र के कस्ता घटनाहरू घट्न गएका थिए भन्ने जिज्ञासा जगाउन सफल रहेको देखिन्छ । यसमा आगामी घटना र कार्य शृङ्खलाप्रति पाठकको चासो बढ्दै गएको छ ।

कृष्णगोपाल मनोविज्ञानका प्राध्यापक हुनु र शिक्षित नानीमैयासित विवाह गरे पनि आफ्नी श्रीमतीका मनोभाव किन बुभ्न नसकेको होला ? शर्वती बिरामी भएको भन्ने तर रत्नेले प्रश्न गर्दा भन्न नखोज्नु, काजी र कजिनीले रत्ने र शर्वतीलाई घरबाट निकालिदिए पछि कसरी, कहाँ, के गर्लान् ? के होला ? भनेर उनीहरूका बारेमा थाहा नहुँदासम्म प्रश्नहरू आउने देखिन्छन् । यस्ता जिज्ञासा पाठकका मनमा अन्त्य सम्म नै रहन्छ । यस प्रकार उपन्यासको कथानक कौतुहलका दृष्टिले सशक्त रहेको छ ।

*आलोपालो* उपन्यासमा कथानक द्वन्द्वको दृष्टिले उत्कृष्ट किसिमको देखिन्छ । प्रस्तुत उपन्यासको कथावस्तुमा आन्तरिक र बाह्य दुबै प्रकारका द्वन्द्व कुशलतापूर्वक चित्रण गरिएको छ । आन्तरिक द्वन्द्व तथा उपाहम् र अहम् बिचको द्वन्द्व र बाह्य अन्तर्गत व्यक्ति व्यक्ति समाज बिचको द्वन्द्वलाई लिन सकिन्छ ।

प्रस्तुत उपन्यासमा कृष्णगोपाल काजी मनोविज्ञानका अध्यापकले अध्यापन गराउँदा फ्रायड र एडलरको कोटेशन प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा आन्तरिक द्वन्द्व भन्दा बाह्य द्वन्द्व सशक्त वा महत्त्वपूर्ण देखिन्छ । रत्नेले साहुको श्रीमती भगाउनु नै साहुसित बदला लिने नियत वा विचार हो । यसैले यस उपन्यासको प्रथम द्वन्द्व भन्न सकिन्छ । रत्ने र शर्वती सहरमा आएर कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्दै बसेका यी लोग्ने स्वास्नी बिचका संवादमा शर्वतीले तिमी अब बुढा भैसक्यौ भनेपछि मानसिक तनाव सुरू हुन्छ । रत्नेले आफ्नी श्रीमती मालिकसित लागेको थाहा पाए पश्चात आफूलाई किन चुप छ ? किन प्रतिशोधको भाव पैदा हुदैन ? किन बुद्धि मन्द भएको ? कहिले शर्वतीलाई बेसरी कुट्ने विचार गर्नु त कहिले मालिक कृष्णगोपाललाई कुट्ने विचार गर्नु र कहिले आफैँ मर्ने कुरा सोच्नुले पनि आन्तरिक द्वन्द्व सबल देखिन्छ । जलवीरे गाउँमा कृषि बैङ्क स्थापना भएपछि कुमार साहुले आफ्नो ऋणको रकम फस्ने चिन्ताले मानसिक द्वन्द्वमा परेको देखिन्छ । मालिक र नोकरबिच सानो स्वरमा रिस पोखापोख गर्नु, मालिकले तरूना तरूनी नोकर नोकर्नी राख्न चाहन्न यिनीहरूले समाजमा लाजमर्दो पार्ने छन् भनेपछि द्वन्द्वको गतिले विकास गरेको देखिन्छ । शर्वती दुई जीउकी भएपछि मालिक मालिक्नीले घरदेखि निकालिदिन्छन् अनि शर्वतीले दुई जीउ देखाउँदै लौ मलाई जा भन्नुहोस त ! सारा टोल छिमेकमा कराइदिन्छु भन्दै विद्रोह वा आक्रोस व्यक्त गरेकी छ । यस्ता घटनाहरूले बाह्य द्वन्द्वलाई अगाडि बढाएको छ । अन्त्यमा कृष्णगोपाल काजीका घरबाट निक्लिएपछि काठमाडौं सहरका

गल्लीमा डेरा र काम खोज्दै हिँड्दा सडकमा मोटरले ठक्कर दिएर रत्नेको मृत्यु भएको छ यता रत्नेको केही खबर नपाएकी शर्वतीको बसेकै  डेरामा विष सेवन गरी आत्महत्या गरेकी छ । यसकारण यस उपन्यासमा रत्नेको सडक दुर्घटना भएको हुनाले व्यक्ति र प्रकृति बीचको द्वन्द्व पनि बाह्त्य द्वन्द्व हो । रत्नेको मृत्यु र शर्वतीको मृत्यु पनि अघि पछि हुनु, उनीहरूले काम पनि पालो पालो गरेको हुनाले यस उपन्यासको शीर्षक द्वन्द्वका दृष्टिले पनि सफल मान्न सकिन्छ । त्यस्तै प्रकारले उपन्यासका अन्य पात्रहरूमा पनि अन्तर्द्वन्द्व र बाहय द्वन्द्व भएको देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा प्रस्तुत उपन्यासको कथावस्तु स्रोतका दृष्टिले पुराण,इतिहास आदिमा आधारित नभएर उपन्यासकारको कल्पनाका आधारित उत्पाद्य देखिन्छ । यसमा कार्यकारण शृङ्खलाको निर्माण गर्दा सामजिक पक्ष, विसङ्गतिवादी, अस्तित्ववादी पक्षहरू आएका छन् । कथावस्तुमा रत्ने र शर्वतीजस्ता प्रमुख पात्रसँग सम्बन्धित भएर विभाजित भएकोले जटिल खालको बन्न पुगेको छ । पूर्वस्मृति शैलीमा लेखिएको कथावस्तु व्यतिक्रमिक ढाँचा भएको देखिन्छ ।

प्रस्तुत उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको पुर्णता र क्रमिक विकासात्मक अवस्थाहरू पाउन सकिन्छ । कौतुहल र द्वन्द्वका दृष्टिले पनि कथावस्तु उत्कृष्ट देखिन्छ ।

### ३.३.२ पात्र/चरित्रचित्रण

आधुनिक उपन्यासमा चरित्रचित्रणको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । उपन्यासमा पाइने व्यक्तिलाई पात्र भनिन्छ । कतिपय नैतिक र अभिवृतीय गुणहरूले युक्त पात्रहरूलाई चरित्र भनिन्छ  र व्यक्तिलाई देखाउने ढङ्गलाई चरित्र चित्रण भनिन्छ (शर्मा, २०४९: १४) । त्यस्तै उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानवीय वा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । कृतिमा प्रत्येक चरित्रको रङ र बिम्ब फरक किसिमले गरिने हुन्छ । सामान्यतयाः पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ ( बराल र एटम, २०६६: २७) । आधुनिक उपन्यासमा प्रायः जसो मानवीय पात्रहरूको प्रयोग गरिएको हुन्छ  । तर मानवेतर पात्रको प्रयोग पनि नपाइने भने होइन । उपन्यासमा प्रयुक्त सबै पात्रका आ आफ्ना चारित्रिक विशेषता हुन्छन् । तिनै चारित्रिक विशेषताहरूका आधारमा चरित्रको विश्लेषण गर्नुपर्ने हुन्छ । *आलोपालो* उपन्यासमा प्रयुक्त विभिन्न पात्रहरूलाई

विभिन्न आधारमा वर्गीकरण गर्दै प्रमुखपात्रहरूको चारित्रिक विशेषताहरूको विश्लेषण गर्नु उपयुक्त देखिन्छ । यस उपन्यासमा विभिन्न प्रकारका चरित्रहरू आएका छन् । विभिन्न आधारमा तल तिनको वर्गीकरण गरिएको छ :

प्रस्तुत उपन्यासलाई लिङ्गको आधारमा स्त्री र पुरूष गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । पुरूष पात्र अन्तर्गत : रत्ने, हीरे, कुमार साहु, कृष्णगोपाल, बट्टारे, नाराने, किस्ने, खड्का बुढा, हर्कध्वज मुखिया,चन्द्रकान्त, प्रभुनाथ विचारी, बलवीर, गीताङ्गे हलि, काने सार्की, सेते बुढा, साना बुढा, नगेन्द्र गोपाल, शिवे ,चन्द्रे विक, तीर्थलाल, कृष्णलाल, केटो, केशरमान, केदार बहादुर, डाक्टर आदि पर्दछन् । स्त्री  पात्रहरूमा शर्वती, नानीमैया, शोभा, अर्चना, जसोदा, मुखियाकी बुहारी, पंर्धेनीहरू, पुण्टी, निदरी, बिसाली, सानाबाकी कान्छी बुढी, विसनदेवी, नोकर्नी, घँसिनी आदि रहेका छन् ।

प्रस्तुत उपन्यास कार्यका आधारमा चरित्रहरूको वर्गीकरण विभिन्न प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । ती सबैको भूमिका समान प्रकारका छैनन् । पात्रहरूले निर्वाह गरेका कार्यहरूको आधारमा पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ । स्वतन्त्र र केन्द्रीय भूमिका भएका पात्रहरूलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । यस आधारमा हेर्दा रत्ने र शर्वती प्रमुख पात्रका रूपमा देखापर्दछन् ।

प्रस्तुत उपन्यासको सम्पूर्ण कथावस्तु रत्ने र शर्वतीको केन्द्रीयतामा सञ्चालित छ । वास्तवमा भन्ने हो भने यस उपन्यासमा रत्नेको जीवनका कथा व्यथालाई प्रस्तुत गरिएको छ । सामाजिक र आर्थिक कमजोरीका कारण धनीमानी वा ठुलाठालुबाट श्रमशोषण र यौनशोषणमा पिल्सिन बाध्य भएको चरित्रको प्रतिनिधित्व रत्ने  र शर्वतीका चरित्रले देखाएको छ । यसर्थ यिनीहरूलाई प्रमुख तथा केन्द्रीय चरित्रको रूपमा लिन सकिन्छ ।  यस उपन्यासमा रत्ने र शर्वतीका भूमिका प्रारम्भदेखि अन्त्यसम्म रहेको छ । त्यसकारण रत्ने र शर्वती बद्ध पात्र हुन् । यस  औपन्यासिक कृतिमा मुख्य घटना घटाउन कृष्णगोपाल काजी र उनकी श्रीमती नानीमैयाका चरित्रले सहयोग गरेको छ ।  त्यसकारण यिनीहरू सहायक पात्रहरूको स्थानमा उपस्थित देखिन्छन् । रत्नेका दाजु हीरे र भाउजु लठेप्री निदरीका भूमिकाले उनीहरूको चारित्रिक विशेषता देखाएका छन् ।  प्रस्तुत उपन्यासका पात्रहरूमा कृष्णगोपाल काजी र नानीमैया कजिनीका बिचको पारिवारिक सम्बन्ध राम्रो देखिदैन । यिनीहरूले आफ्नो घरमा काम गर्ने नोकर नोकर्नीबाट श्रमशोषण र यौनशोषण  गरेको

देखिन्छ । औपन्यासिक घटना सञ्चालनका दृष्टिले कृष्णगोपाल काजी र नानीमैया कजिनीको भूमिका पनि उल्लेखनीय रहेको छ । कृष्णगोपाल काजीका कारणले उपन्यासको कथावस्तुमा गति आएको छ  उसको आफ्नै चारित्रिक विशेषता अनुसार भूमिका निर्वाह गर्न कुमार देखा परेको छ । उसको पनि आफ्नै चारित्रिक विशेषता अनुसार गाउँका सोझा सिधा जनतालाई थिचोमिचो, अन्याय, अत्याचार दमन र शोषण गर्ने भूमिकामा उभ्याइएको छ ।

यस उपन्यासमा रत्ने र शर्वतीका सम्बन्धको आधारमा अरू पात्रहरूको क्रियाकलापद्वारा घटना घट्दै विकसित रूप लिएको पाइन्छ । रत्नेकी प्रेमिका शर्वतीलाई कुमार साहुले कान्छी श्रीमतीका दर्जामा राखेपछि रत्नेले साहुकी श्रीमती शर्वतीलाई भगाएर सहरमा ल्याउनुसँगै कथानकले गति लिएको पाइन्छ । अन्य पात्रहरूमा कुमार साहु, हीरे र निदरीलाई  पनि सहायक पात्रका रूपमा लिन सकिन्छ । कुनै परिच्छेदमा जलवीरे गाउँका पात्रहरूको मात्रै भूमिका रहेको छ । कुनै परिच्छेदमा सहरिया समाजको पात्रहरूको भूमिका रहेको छ । ती बाहेक ज्यादै कम भूमिका भएका र प्रसङ्गवश आएका पात्रका रूपमा देखा परेका छन् ।

प्रस्तुत उपन्यासमा पात्रका नाम पुनरावृत्तिका दृष्टिले सबै भन्दा बढी रत्ने र शर्वतीको नाम पुनरावृति भएको छ । त्यसपछि कृष्णगोपाल, नानीमैया, हीरे, निदरी, कुमार साहु पुनरावृत्ति हुने नामहरू हुन् । यसरी प्रमुख पात्रका रूपमा रत्ने र प्रमुख नारीपात्रका रूपमा शर्वती आएका छन् । प्रमुख खलपात्रका रूपमा कृष्णगोपाल काजी, नानीमैया कजिनी र कुमार साहु देखिन्छन् । परम्परागत रूपमा वर्गीकरण गर्दा रत्नेलाई नायक, शर्वतीलाई नायिका र कृष्णगोपाल र नानीमैया प्रतिनायक नायिकाका रूपमा वर्गीकृत गर्न सकिन्छ ।

प्रस्तुत उपन्यास प्रवृत्तिगत आधारमा चरित्रहरूको प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । अनुकूल पात्रहरूका केन्द्रविन्दुमा रत्ने र शर्वतीलाई लिन सकिन्छ भने प्रतिकूल पात्रहरूको केन्द्रविन्दुमा कृष्णगोपाल काजी र नानीमैया कजिनी, कुमार साहुलाई लिन सकिन्छ । अन्य सहायक  र गौण पात्रहरू यिनै दुई विपरीत ध्रुव मध्ये कस्तो सहयोग पुऱ्याएका छन् । त्यसैका आधारमा विभाजित गर्न सकिन्छ । यस दृष्टिले हेर्दा अनुकूल पात्र अन्तर्गत रत्ने, शर्वती, हीरे, निदरी आदि पात्रहरू उल्लेखनीय छन् । प्रतिकूल पात्रहरूमा कृष्णगोपाल, नानीमैया, डाक्टर, अर्चना, कुमार साहु आदि पर्दछन् ।

सहरका एक शिक्षित परिवारमा कृष्णगोपाल र नानीमैयाको चरित्र र व्यवहारलाई प्रतिकूल प्रवृतिका आधारमा चित्रण गरिएको छ । कृष्णगोपाल त्रि.वि.वि. का मनोविज्ञान प्राध्यापक भए पनि आफ्नी श्रीमतीलाई श्रीमतीका रूपमा नहेर्नु र उनलाई स्वास्नी मान्छेका रूपमा हेर्नुले पारिवारिक सम्बन्ध त्यति बलियो देखिदैँन । यी दुबै वैवाहिक सम्बन्धमा बाँधिए तापनि नैतिकतामा बाँधिन सकेका छैनन् । त्यसकारण नैतिकतामा बाँधिन नसक्नु सबै भन्दा ठुलो दोष हो । यही कुटिल प्रवृति र आचरणले गर्दा कृष्णगोपाल र नानीमैयाले आफ्नो यौन आवश्यकताका लागि रत्ने र शर्वतीलाई प्रयोग गरेका छन् । प्रोफेसर कृष्णगोपालले कलेजमा अध्यापन गराउँदा फ्रायड र एडलरको कोटेशन भन्दै विद्यार्थीहरूलाई मनोविज्ञानको ज्ञान दिने क्रममा भनेका छन् – “विवाहको मुख्य उद्देश्य चरित्र, मन, मनोभावहरूको विकासमा सहायता गर्नु हो, जुत्ता भेट्टाए अव त म बाटोमा दौड्न सक्छु भन्ने कुरो झैँ विवाह नै पर्याप्त कुरो होइन (कोइराला, २०३४: ४१) भन्ने उनको भनाइले यौनको विषयलाई सामान्य दृष्टिकोणबाट हेरेको देखिन्छ । त्यसैले कृष्णगोपाल र उनकी श्रीमती नानीमैया प्रतिकूल पात्रहरूको केन्द्रविन्दु पनि हो । यिनीहरूले आफ्नो घरमा काम गर्ने नोकर नोकर्नीलाई यौन शोषण र श्रमशोषण  गर्नु, जब नोकर्नी शर्वती कृष्णगोपालको अनैतिक सम्बन्धका कारण दुई जीउकी हुन्छे । यो कुरा कृष्णगोपालको परिवारमा थाहा भएपछि उनीहरूले तरूना तरूनी नोकर नोकर्नी नराख्ने भन्दै घरबाट निकालिदिन्छन् । कृष्णगोपाल र नानीमैयाले आफ्नो स्वार्थका लागि नोकर नोकर्नीलाई प्रयोग गरी समाजमा बेइज्जत हुने डरले घरबाट निकाल्नुले उनीहरू प्रतिकूल पात्रका रूपमा देखिएका छन् ।

अनुकूल पात्रहरूको केन्द्रविन्दुमा रत्ने र शर्वतीलाई लिन सकिन्छ । यी दुई बिच हुर्किएको प्रीतिको फूल फक्रिन नपाउँदै गरिवीको कारण कुमार साहुले शर्वतीलाई कान्छी श्रीमतीको रूपमा विहे गर्छ । आफ्नी प्रेमिकालाई फेरि साहुको घरबाट भगाएर सहर ल्याउँछ । सहरमा पनि मालिक र मालिक्नीबाट यौनशोषण र श्रमशोषणमा पर्नु, मालिकको अनैतिक कार्यबाट शर्वती दुई जीउकी भएको अवस्थामा घरबाट निकाली दिदाँ कुनै किसिमको प्रतिकार गर्न नसक्नु, गरिब भएकै कारण अन्याय, अत्याचार सहनु पर्ने बाध्यता र विवशतामा झेलिनु परेको छ । यस उपन्यासमा प्रतिकूल प्रवृत्तिका पात्रहरू सक्षम र सबल देखिए तापनि अनुकूल प्रवृतिका पात्रहरू केही हदसम्म सफल भएका छन् ।

प्रस्तुत उपन्यासमा पात्रहरूलाई स्वभावका आधारमा यसरी वर्गीकरण गर्न सकिन्छ । यस उपन्यासका पात्रहरू केही बदलिदौं परिस्थिति अनुसार बदलिने स्वभावका र कोही बदलिदौं स्थिति अनुसार पनि गतिशील वर्गमा र उपन्यासको प्रारम्भदेखि अन्त्य सम्म स्वाभावमा परिवर्तन नआउने पात्रहरू गतिहीन वर्गमा पर्दछन् । यस उपन्यासको पात्रहरूलाई स्वभावका आधारमा वर्गीकरण गर्दा गतिशील पात्रहरूमा रत्ने, शर्वती, कृष्णगोपाल, नानीमैया, कुमार साहु, नाराने, किस्नेलाई लिन सकिन्छ भने हीरे, निदरी, जसोदा, साथै अन्य पात्रहरूलाई गतिहीन अर्थात स्थिर पात्रका रूपमा देखा पर्दछन् । अन्य अति कम भूमिका भएका गौण पात्रहरू स्वभावका दृष्टिले खास चर्चामा योग्य देखिदैंनन् ।

*आलोपालो* उपन्यासका केन्द्रीय चरित्र रत्ने र शर्वती भएकाले तिनको गतिविधिमा उपन्यासको कथावस्तु गतिशील बन्न पुगेको छ । रत्ने र शर्वतीका चारित्रिक विकासका दृष्टिले गाउँदेखि सहरसम्म घटेका घटनाहरूलाई गतिशील बनाएको छ । सहरमा कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्दा यौनशोषणमा परेको देखिन्छ । कृष्णगोपाल र शर्वतीका अनैतिक सम्बन्धबाट शर्वती दुई जीउकी भएपछि कृष्णगोपालले घरबाट निकालि दिने सम्मको अवधिलाई पूर्वाद्ध र कृष्णगोपालको घरबाट निक्लिएपछिको अवधिलाई उत्तराद्ध भन्नु उपयुक्त देखिन्छ । पूर्वाद्धमा रत्ने र शर्वतीले सहरमा एउटाले काम गरेर दुईजना पालिन गाह्रो भएको महसुश गरी घर धन्दा र गोठधन्दा आलो पालो गदै जानु र रत्नेले घरधन्दा गर्ने पालोमा नानीमैया कजिनी आकर्षित हुदैं जानुले कथावस्तुमा गतिशील भएको मान्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा पात्रहरूलाई जीवनचेतनाका दृष्टिले वर्गगत र व्यक्तिगत गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । कुनै वर्ग विशेषको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गगत र नितान्त फरक व्यक्तिको प्रतिनिधित्व गर्ने पात्रलाई व्यक्तिगत अन्तर्गत राख्न सकिन्छ । यस उपन्यासका पात्रहरू व्यक्तिगत भन्दा वर्गगत खालका बढी छन् । रत्ने र शर्वतीका चरित्रले समाजमा आर्थिक स्थिति कमजोर भएका कारण जीवन भरि नै काम र मामको खोजमा जीवन व्यथित गरेको पाइन्छ । गरिब भएकै कारण गाउँमा साहुको अन्याय, अत्याचार, दमन र शोषणमा पिल्सिएका हीरे, निदरी जस्ता धेरै पात्रहरूले भूमिका खेलेका छन् । यस्ता अन्य पात्रहरूले सहरमा साहुको भारी बोक्ने, घरधन्दा गर्ने आदि काम गरी जीवनयापन गरेको देखिन्छ । यसरी रत्ने र शर्वतीका जीवनकथाले जीउनका लागि संघर्ष गर्ने व्यक्ति विशेषको

नभएर वर्गीय विशेषको हुन पुगेको छ । रत्ने र शर्वतका चरित्रले गाउँदेखि काम र मामको खोजमा सहर आएका भरिया, कुल्ली, नोकर, नोकर्नी आदि कामदारको प्रतिनिधित्व हुने वर्गीय संघर्षलाई प्रस्तुत गरेको छ ।

*आलोपालो* उपन्यास मूलतः सामाजिक उपन्यास हो । यस उपन्यासका पात्रहरूलाई उच्च वर्गीय र निम्न वर्गीय मानिसहरूको आचरण, प्रवृत्तिले समाजमा के कस्तो प्रभाव पार्छन् भन्ने कुरा देखाइएको छ । अन्य सामाजिक उपन्यासमा झैं यस उपन्यासले समाजलाई मूल केन्द्रविन्दु बनाएको छ । यसका प्रमुख पात्रहरूको मूल प्रवृत्तिको उद्घाटन गर्ने रूपमा देखा पर्दछ । रत्ने, शर्वती, कृष्णगोपाल काजी र उनकी श्रीमतीका माध्यमबाट जीवनका प्रवृत्तिहरूको बाह्य द्वन्द्व र आन्तरिक द्वन्द्वको कथा प्रस्तुत गरे पनि बाह्य द्वन्द्वको कथा सशक्त रहेको छ । उपन्यासका पात्रहरूलाई गाउँमा साहु र गरिब मानिसका बिचको क्रियाकलापमा भिन्नता देखाउनु, सहरमा पनि मालिक र नोकर बिचको सम्बन्धलाई पात्रका माध्यमबाट वर्गीय आचरण, वर्गीय मान्यता र वर्गीय द्वन्द्व देखाइएको छ ।

प्रस्तुत उपन्यासमा पात्रहरूलाई आसन्नताको आधारमा वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा पात्रहरूको प्रस्तुतीकरण दुई किसिमले गरिएको हुन्छ । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद गर्ने मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ । यस दृष्टिले *आलोपालो* उपन्यासका पात्रहरू मञ्चीय र नेपथ्य किसिमका रहेका छन् ।

आसन्नताका आधारमा हेर्दा यस उपन्यासका पात्रहरू रत्ने र शर्वती, हीरे, निदरी, कृष्णगोपाल, नानीमैया, कुमार साहु, नाराने, किस्ने, जसोदा मञ्चीय पात्र हुन् । रत्ने र शर्वतीको पूर्वघटनामा आएको र हीरे बिरामी हुँदा आएका पात्रहरू हर्कध्वज मुखिया, चन्द्रे, शिवे, विशाली, विसनदेवी, पुण्टी, शोभा, केदारमान, केटो, युवक, अर्चना, मुखियाकी बुहारी, पधेर्नी, चन्द्रकान्त, सानाबुढा, सानाबा की बुढी, प्रभुनाथ, गिताङ्गे, काने सार्की, सेतेबुढा, नगेन्द्र गोपाल, डाक्टर निदरीका बाउ आमा आदि नेपथ्य पात्र हुन् ।

प्रस्तुत उपन्यासमा आबद्धताको आधारमा उपन्यासका पात्रहरूलाई मुक्त र बद्ध गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । उपन्यासको कथानकसँग सम्बन्ध जोडिएकालाई आबद्धता भनिन्छ । बिचमा देखिने र बिचमा हराउने पात्र मुक्त पात्र हुन् । मुक्त पात्र स्वतन्त्र

भएर सार्थक हुन्छ भने बद्धपात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ । मुक्त पात्रलाई कथानकले त्यक्ति स्थान नदिएको हुँदा तिनलाई झिक्दा खासै हलचल हुँदैन । *आलोपालो* उपन्यासका पात्रहरूलाई यस आधारमा वर्गीकरण गर्न सकिन्छ । आवद्धताको आधारमा उक्त उपन्यासका पात्रहरूलाई हेर्दा रत्ने, शर्वती, कृष्णगोपाल, नानीमैया र कुमार साहुलाई बद्ध पात्र र अन्य पात्रलाई मुक्त पात्र मान्न सकिन्छ । रत्ने र शर्वती उपन्यासको केन्द्रविन्दुमा रहेका छन् । *आलोपालो* उपन्यास उनीहरूकै जीवनमा घटाइएका घटनाहरूको संयोजन हो । रत्नेकी प्रेमिका शर्वतीलाई गाउँमा कुमार साहुले बिहे गरेको फेरि साहुकी श्रीमती उसकी प्रेमिका भगाउनु, रत्नेका परिवार कुमार साहुका ऋणी हुनुले कुमार साहु पनि बद्ध पात्रको स्थानमा उभिएको छ । रत्ने र शर्वती सहरमा कृष्णगोपालका घरमा घरधन्दा र गोठधन्दा आलो पालो गर्नु, घरधन्दा आलोपालो गर्ने क्रममा शर्वतीसित कृष्णगोपालले अनैतिक सम्बन्ध राख्नु र रत्नेसित कृष्णगोपालकी श्रीमती नानीमैयाले अनैतिक सम्बन्ध राख्ने प्रवृतिले यी दुबै बद्ध पात्र मान्न सकिन्छ । यी मध्ये एकलाई हटाई दिँदा कृतिको संरचना भत्किन सक्छ । अन्य पात्रहरू मुक्त पात्र हुन् ।

क) प्रमुख पात्रहरूको चरित्रचित्रण

**अ) रत्ने**

रत्ने जलवीरे गाउँको अल्लारे ठिटो यस उपन्यासको प्रमुख पात्र हो । गाउँमा दाउरा घाँसपात गर्दा उसले गाउँकै ठिटी शर्वतीसँग मायाप्रीति लगाएको छ । उसको प्रेमिका शर्वतीलाई गाउँको कुमार साहुले कान्छी श्रीमतीका दर्जामा विहे गर्छ । उसले साहुसित बदला लिने नियतले फेरि साहुकी कान्छी श्रीमती शर्वतीलाई भगाई काठमाडौं सहरमा ल्याइ कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गरि बसेको छ । उसले र उसकी श्रीमती शर्वतीले घरधन्दा आलोपालो गर्ने गर्छन् । उसको घरधन्दा गर्ने पालोमा कृष्णगोपालकी श्रीमती नानीमैया आकर्षित भई अनैतिक सम्बन्ध राखेको देखिन्छ । उसले आफ्नी श्रीमती शर्वती मालिकसँग अनैतिक सम्बन्ध राखेको थाहा पाएर आफूलाई किन चुप छ ? किन बुद्धि मन्द भएको होला भन्दै कहिले शर्वतीलाई बेसरी कुट्ने विचार गर्छ, घरि मुसा मार्ने विष खाएर मर्ने विचार गर्छ । मालिकले घरबाट निकाली दिँदा पनि कुनै कुराले प्रतिकार सम्म गर्न सक्दैन । उसकी श्रीमती दुई जीउकी हुँदा तनाबग्रस्त भए पनि न त शर्वतीलाई केही नै भन्न सक्छ न त मालिक मालिक्नीलाई नै केही भन्न सक्छ । ऊ गरिब भएकै कारण

आफुलाई कमजोर र निरीह ठान्ने चरित्रको रूपमा देखिएको छ । उसले कृष्णगोपालको घरबाट निक्लिएपछि सहरका गल्लीहरूमा काम र मामको खोजीमा भौतारिँदै हिँडेको छ । डेरामा बस्दै गर्दा उसकी श्रीमतीले तिलहरी हराएकोमा उसलाई शङ्का गर्दा उसले आफु निर्दोष छु भनेर दक्षिणकाली भाकेको  छ । उसको जीवनमा जे जस्ता घटना घट्न गए पनि अन्त्यमा जागिर वा काम खोज्ने शिलसिलामा सडक दुर्घटनामा परि मृत्यु भएको छ । त्यसकारण रत्ने यस उपन्यासमा धनी वा ठुलाठालुले जे गर्दा पनि हुने र गरिब दुःखीले अन्याय अत्याचार सहनुपर्ने बाध्यता र विवशतामा बाँचेको देखिन्छ । सहरको समाज आदर्श र स्वस्थ नभएर यौन शोषण र श्रमशोषण भएको देखिन्छ ।

**आ) शर्वती**

*आलोपालो* उपन्यासको प्रमुख नारीपात्र हो । शर्वती राम्री र सोझी गाउँकी केटीले गाउँकै केटो रत्नेबिच माया प्रीति लगाएकी छ । तर गरिबीका कारण गाउँको कुमार साहुले कान्छी श्रीमतीका रूपमा बिहे गरेको छ । विहे गरे पनि आफ्नी प्रेमी रत्नेलाई तिमी सहरमा काम पाएपछि लिन आउँनु भनेकी छ । रत्नेले सहरमा काम पाए पछि साहुकी कान्छी श्रीमती शर्वतीलाई लिन गाउँ फर्किएको हुन्छ ।  शर्वतीले साहुको घर छोडी आफ्नो प्रेमी रत्नेसित भागेर काठमाडौं आएकी छ । सहरमा कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्ने काम आलोपालो गर्छन् । शर्वती यौवन र सुन्दर भएकीले कृष्णगोपालको लोभी आँखा लाग्छ । राति घरधन्दा गर्ने पालोमा शर्वती र कृष्णगोपाल बिच अनैतिक सम्बन्ध रहेको छ । उसको लोग्नेले केही शङ्का गरे पनि केही भन्न सक्तिन । शर्वतीले आफ्नो गोप्य कुरा थाहा भयो कि भनेर चिन्तित देखिन्छे । रत्नेलाई माया गरे पनि मालिकका लागि सौन्दर्य बढाउन खोजेकी छ । त्यसैले आफ्नो लोग्नेलाई तिमी अब बुढा भैसक्यौ भनी कमजोर देखाएकी छ । शर्वती कृष्णगोपालको अनैतिक कार्यबाट दुई जीउकी भएकी छ । दुई जीउकी भए पछि कृष्णगोपालले तरूना तरूनी नोकर नोकर्नी नराख्ने भनेर घरबाट निकालिदिन्छ । यतिखेर शर्वतीले कृष्णगोपाललाई यसरी भनेकी छ "मलाई दानापानी बन्दोबस्त गरी राख्छु भनेको होइन ? मलाई कसरी निकाल्नुहुन्छ ? म समाजमा कराइदिन्छु" भन्दै विद्रोह गरेकी छ । तर गरिब हुनु अर्काको घरमा नोकर्नी भएर काम गर्नु, घरधन्दा गर्दा यौनशोषणमा परेका शर्वतीका चरित्रले प्रस्तुत गरेको छ । यस पछि शर्वती र उसको लोग्ने आफ्नो सामान लिएर सहरमा अर्को घरमा डेरा गरी बसेका छन् । उसको लोग्ने काम खोज्न जानु, अवेर सम्म

डेरामा नफर्किनु र घरबेटीले तिमीलाई छोडेर गइसक्यो भन्दै दिनहुँ घरभाडा मागेपछि शर्वतीसित भाडा तिर्ने पैसा नहुनु र आफ्नो लोग्ने डेरामा नफर्किएपछि उसले मुसा मार्ने विष सेवन गरी त्यही सहरको डेरामा देह त्याग गर्ने चरित्र शर्वतीको माध्यमबाट देखाइएको छ । यस चरित्रले वर्गीय आचरणलाई प्रस्तुत गरेको छ ।

**ख) सहायक पात्रहरू**

कृष्णगोपाल, नानीमैया, कुमार साहु, हीरे, निदरी, कस्ने र नाराने सहायक पात्र हुन् । तिनको विवेचना तल गरिएको छ ।

**अ) कृष्णगोपाल**

कृष्णगोपाल सहरमा जन्मे हुर्केको र उच्च शिक्षा अध्ययन गरेको छ । कृष्णगोपाल मनोविज्ञानको प्राध्यापक हो । उसको विवाह शिक्षित नानीमैयासँग भएको छ । कृष्णगोपालले मनोविज्ञान अध्ययन गरी कलेजमा पनि मनोविज्ञान अध्यापन गराउँछन् । उसले आफ्नी श्रीमतीलाई स्वास्नीका रूपमा नहेरेर स्वास्नी मान्छेका रूपमा हेरेको पाइन्छ । उसको चरित्रले आफू पनि नैतिकतामा बाँधिएको छैन भने आफ्नी श्रीमतीप्रति पनि शङ्का नगरी उदार बन्न पुगेको देखिन्छ । कृष्णगोपालले आफ्नो घरमा काम गर्ने नोकर्नी शर्वतीसँग अनैतिक सम्बन्ध राखेको छ । उसको अनैतिक सम्बन्धका कारण नोकर्नी शर्वती दुई जीउकी भएकी छ । यसपछि कृष्णगोपालले समाजमा लाज र बेइज्जत हुने डरले घरबाट रत्ने र शर्वतीलाई निकालिदिएको छ । यस उपन्यासमा कृष्णगोपालको चरित्रले शिक्षित र प्रोफेसर जस्तो व्यक्तिलाई चरित्रहीनका रूपमा प्रस्तुत गरेको छ । सहरिया समाजमा ठुलाठालूहरूको व्यवहार स्वार्थी, दया माया नभएको, छाडा प्रवृत्ति भएको चरित्र कृष्णगोपालका माध्यमबाट देखाइएको छ ।

**आ) नानीमैया**

नानीमैया यस उपन्यासमा शिक्षित नारी र प्रोफेसर कृष्णगोपालकी श्रीमतीका रूपमा देखिएकी छे । लोग्ने स्वास्नी बिच राम्रो सम्बन्ध नभएकी र पतिधर्ममा नबाँधिएकी नारी पात्र हो । आफ्नो लोग्नेका कोठामा पस्दा बहाना गर्ने तर आफ्नो घरमा काम गर्ने नोकर रत्नेसित अनैतिक सम्बन्ध राख्ने असत् चरित्रका रूपमा देखा परेकी छ ।

### इ) कुमार साहु

जलवीरे गाउँमा धनी वा ठुलाठालु व्यक्तिको रूपमा कुमार साहुको चरित्रले प्रस्तुत गरेको छ । उसले आफ्नो गाउँमा गरिब दुःखीहरूलाई आर्थिक सहयोग गरेको छ । ऋण दिएर साउँ र व्याज नतिर्नेहरूलाई व्याजको स्याज जोड्न पछि पर्दैन । त्यसैगरी यस उपन्यासको प्रमुख पात्र रत्नेका दाजु हीरेलाई ऋण दिने उच्च वर्गीय चरित्र हो । ऋण चुक्ता गर्न नपाउँदै हीरेको अकस्मात मृत्यु भएको छ । त्यसपछि हीरेको घरखेत अख्तियारी गर्ने असत् पात्र हो । उसले यस उपन्यासको प्रमुख पात्र रत्नेकी प्रेमिका शर्वतीलाई कान्छी श्रीमती बनाएर बसेको छ । उसको चरित्रले गाउँ समाजमा गरिबमाथि अन्याय, अत्याचार, शोषण, दमन गरेर हैकम चलाएको देखिन्छ । उसको जेठी श्रीमतीको नाम जसोदा हो । उसले श्रीमतीलाई कुटेर दुर्व्यवहार गरेको छ । उसले गाउँसमाजमा मान, इज्जत, बढाउनका लागि नयाँ अभियान चलाउन दिने र आफूलाई नै गाउँको सर्वेसर्वा ठोनेको छ । यस उपन्यासका कुमार साहुको चरित्रले धनी र गरीबका बिचमा भएका भेदभावलाई देखाएको छ ।

### ई) हीरे

यस उपन्यासको प्रमुख पात्र रत्नेको दाजु हो । ऊ जलवीरे गाउँको गरिब परिवारमा जन्मेको छ । उसको परिवारमा बाबुआमा नभएको भाई रत्ने र उसकी श्रीमती लठेप्री निदरी रहेका छन् । उसको भाई रत्ने अल्लारे भएर हिँड्दा सम्झाउने र काममा लगाउने गरेको छ । खेतिपाती लगाउँदा कुमार साहुसित ऋण लिएको छ । गाउँमा साहुको मेलापात खेतालो जाने, आफ्नो पनि खेती उकासेर जीवन चलाएको छ । भाई रत्नेले कुमार साहुको कान्छी श्रीमती शर्वतीलाई भगाउँदा हीरेकै षडयन्त्र हुनुपर्छ भन्ने आरोप लागेको चरित्र हो । हीरेले लिएको ऋण चुक्ता गर्न घरखेतले पुग्दैन भनी कुमार साहुले भनेको छ । साहुको ऋणको चिन्ताले अकस्मात बिरामी भएर हीरेको मृत्यु भएको छ । हीरेको चरित्रले साहुबाट ऋण लिए पछि साउँ व्याज तिर्न नसक्नु व्याज माथि व्याज थपिँदै जानु, अन्त्यमा साहुले घरखेत अख्तियारी गर्ने चिन्ताले अकस्मात बिरामी भएर ज्यान गुमाएको हुनाले गरिबवर्गको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो ।

### उ) लठेप्री -निदरी

यस उपन्यासमा लठेप्री हीरेकी श्रीमती हो । निदरीका बाआमाले दुई मुरी माटोको खेत दान दिएर हीरेसित विवाह भएको छ । निदरी शारीरिक बनोटले अलि कमजोर देखिए पनि  मनको धेरै बाठी भएकी चरित्र हो । आफ्नो श्रीमान हीरे अकस्मात बिरामी पर्दा धेरै चिन्तित भएकी छ । हीरेलाई  उपचारका  लागि झारफुक गर्न काने सार्की बोलाउने हुनाले अन्धविश्वासमा आस्था रहेको देखिन्छ । उसको श्रीमान हीरेलाई बचाउन असफल भएकी छ । भोलिपल्ट नै हीरेको मृत्यु भएको खबर गाउँभरि नै फैलिन्छ । त्यही कुमार साहुले हीरेका काजक्रियाका लागि सय रूपैँया दिएको पाइन्छ । यसरी निदरीले आफ्नो श्रीमान्को काजक्रिया सम्पन्न गरेको देखिन्छ । हीरेको मृत्यु पश्चात निदरी एकली भएकी छ । उसको साथीको लागि बहिनी बिसाली आएकी छ भने निदरीका  बुबाआमाले ज्वाँई मरेको थाहा पाए पछि एक वर्षसम्म छोरीको घरमा आउन नहुने र निदरी पनि एक वर्षसम्म माइत जान नहुने चलन भएकाले निदरीका चरित्रले सामाजिक, साँस्कृतिक र संस्कारलाई देखाउन खोजिएको छ । अन्त्यमा निदरीले बहिनी बिसालीसँग साहुको अत्याचारी र पोइको इमान्दारीले गर्दा दुःख पाएको कुरा गर्नु, कुमार साहुले "गएको मान्छे कोही आउँदैन । क्यै पीर नमान्नु निदरी । अँ मद्दत गर्नु पर्‍यो भने निर्धक्क भन् । लाज मान्न पर्दैन"(कोइराला, २०३४: ३०) भन्दा लठेप्री भए पनि साहुको कुरा राम्ररी बुझ्केकी छे । उसको लोग्नेले लिएको ऋण र लोग्नेको काजक्रियाका लागि लिएको ऋण गरी जम्मा एक सय पचास भएको कुरा गर्दा साहुले तेरो पोई र मेरो लेनदेन तँलाई के थाहा भन्दा गरिब भए पनि अन्याय अत्याचार सहनु हुँदैन भन्ने निदरीको चरित्रले स्पष्ट पारेको  छ । निदरीले साहुको ऋण चुक्ता गर्न नसकेपछि घर खेत साहुले अख्तियारी गरेको छ भने ऊ आफ्नो भाँडाकुँडा लत्ताकपडा बोकेर माइत गएकी छ ।

### ऊ) नाराने र किस्ने

यी दुवै रत्नेका गाउँले साथी हुन् । गाउँघरमा जति दुःख गरेपनि साँझबिहान  छाक टार्न धौ धौ भएपछि काठमाडौं सहरमा आएका छन् । यिनीहरूले सहरमा साहुको भारी बोक्ने, एक ठाउँको सामान अर्को ठाउँमा पुर्‍याउने काम गरी जीविकोपार्जन गरेको देखिन्छ । सधैं एक एक वटा बोरा र नाम्लो बोकेर भरियाको हुलमा उभिएका हुन्छन् । यी दुबै चरित्रले सहरमा भारी बोक्ने श्रमिकको दैनिक दिनचर्यालाई प्रस्तुत गरेको पाइन्छ ।

**अन्य पात्र**

*आलोपालो* उपन्यासमा घटनालाई जोड्दै अगाडि बढाउने चरित्रहरू बिसाली , सेतेबुढा, कानेसार्की, जसोदा, बलवीर, चन्द्रकान्त, हर्कध्वज, प्रभुनाथ, चन्द्रे, शिवे, पुण्टी, भट्टिवाल्नी, घँसिनीहरू, साना बा की बुढी, मुखियाकी बुहारी, निदरीका बा-आमा, पँधेर्नीहरू, नोकरहरू, गोरू, गाउँलेहरू अर्चना, युवक, शोभा, केटो, तीर्थलाल सुब्बा, डाक्टर केशरमान, केदार बहादुर, भक्त कुमार, आदि रहेका छन् । निष्कर्षमा भन्नुपर्दा *आलोपालो* उपन्यास गाउँ समाज र सहरिया समाजमा प्रकृति अनुकूलको चरित्रचित्रणका दृष्टिले पनि उत्कृष्ट देखिन्छ । यस उपन्यास दुई प्रमुख पात्र रत्ने र शर्वतीले चारित्रिक विशेषता देखाएका छन् । त्यस्तै सहरिया समाजमा घटेका र घट्न सक्ने घटनालई कृष्णगोपाल र नानीमैयाका चारित्रिक विशेषताले विश्लेषण गरेका छन् । अन्य पात्रहरूले जलवीरे गाउँसमाजमा ठुलाठालुले गरेका अन्याय, अत्याचार, दमन, र शोषणमा पिल्सिन परेको बाध्यता र विवशताका कथा व्यथाको वर्णन द्वारा चिनिएका छन् । सहरिया समाजमा देखिएका अन्य पात्रहरूले घटना वर्णन गर्दा चिनिन अएका छन् । यस उपन्यासका उल्लेखनीय सबै पात्रहरू गाउँसमाजका र सहरिया समाजबाट लिएको पाइन्छ । यस उपन्यासका पात्रहरू आन्तरिक परिस्थिति भन्दा बाह्य परिस्थिति र कारणबाट परिचालित भएका देखिन्छन् । पात्रहरूको क्रियाकलापलाई कार्यकारण शृङ्खलाद्वारा स्वाभाविक बनाइएको छ ।

### ३.३.३ परिवेश

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरण अथवा घटनाहरू घटित हुने वस्तु जगत्लाई परिवेश भनिन्छ ।

प्रस्तुत उपन्यासको मुख्य कार्यव्यापार भएको स्थल जलवीरे गाउँ, काठमाडौं सहरको कृष्णगोपालको घर हो । जलवीरे गाउँ नजिकै वनखोला पारी डाँडागाउँ वरपर पर्ने बनजङ्गल, गाउँघर आदिमा उपन्यासका पात्रहरूले कार्य गरेका छन् । पात्रहरू द्वारा वर्णित हुने स्थानहरूमा काठमाडौंको सहरिया समाज, कृष्णगोपालको घरआँगन, पसलहरू, कीर्तिपुर असन, इन्द्रचोक, बागबजार, घण्टाघर, सहिदगेट, रत्नपार्क, धरहरा आदि पर्दछन् । जसमा उपन्यासका पात्रहरूले कार्यव्यापार सम्पन्न गरेका छन् । प्रसङ्गवश नाम आउने स्थानहरूमा कृष्ण मन्दिर, सहिदगेट, शङ्कर होटेल, बनेपा आदि पर्दछन् । उपन्यासको

पहिलो महत्त्वपूर्ण कार्य रत्ने र शर्वतीबिच माया प्रीति हुनु हो । त्यो माया प्रीति लगाएको ठाउँ जलवीरे गाउँको नजिकै डाँडागाउँ वरपर पर्ने वनजङ्गलमा घाँसपात गर्दा भएको छ । रत्ने र शर्वतीको पूर्वकथासँग सम्बन्धित स्थान काठमाडौं हो । काठमाडौं सहरमा कृष्णगोपालको घरधन्दा गर्दै बसेका हुन्छन् । यस उपन्यासको घटनाक्रमलाई हेर्दै जाँदा स्पष्ट फेला पार्न सकिन्छ । उपन्यासमा पहिलो घटना रत्नेकी प्रेमिका शर्वतीलाई कुमार साहुले विहे गरेपछि रत्नेले साहुकी कान्छी श्रीमती शर्वतीलाई भगाएर काठमाडौं ल्याएको छ । काठमाडौंमा आएर कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्ने काम रत्ने र शर्वतीले आलो पालो गर्नु, राति घरधन्दा आलो पालो गर्ने क्रममा मालिकले शर्वतीसँग अनैतिक सम्बन्ध राख्नु र मालिक्नीले रत्नेसँग अनैतिक सम्बन्ध राखेको पाइन्छ । मालिक र शर्वर्तीका बिच भएको अनैतिक सम्बन्ध कार्यका परिणाम शर्वती दुई जीउकी हुनु, शर्वती भारी जीउकी भएपछि मालिकलाई थाहा दिएको पाइन्छ । मालिकले अस्पताल जाने कुरा गर्नु, रत्नेलाई लिएर जानु उसैलाई नै पोई देखाउनु भन्ने भनाइले कृष्णगोपाल आफ्नो अनैतिक कार्यको बोझबाट पन्छिन खोजेको छ । शर्वती एक्लै अस्पताल जानु, रत्ने आफ्नो गाउँले साथी नाराने र किस्ने भेट्न आएका हुनाले बाहिर होटेलमा चिया खान निस्कन्छन् । केही समयपछि रत्ने डेरामा फर्किएको हुन्छ । मालिकले रत्नेलाई खोजेको कुरा गर्नु काम गर्न मन छैन भने भन भन्नु, त्यो महिनाको तलब दिएर घरबाट निकाल्ने कुरा गरेको छ । कृष्णगोपालले शर्वती दुई जीउकी भए पछि समाजमा लाजमर्दो पार्ने र बेइज्जत हुने डरले आफ्नी श्रीमतीलाई तरूना तरूनी नोकर नोकर्नी नराख्ने कुरा गरेको पाइन्छ । शर्वती अस्पतालबाट फर्किएपछि रत्नेले कृष्णगोपाल काजीलाई रिसाउँदै दानापानी बन्दोबस्त गरेर राख्छु भनेको होइन भन्दै आफ्नो दुई जीउ देखाउँदै म समाजमा कराउँछु भनी आक्रोश व्यक्त गरेकी छ । तर कजिनीले के भन्दै छे यो बौलाही भन्दै निक्लिएर जा भनी घच्याउँदै निकालिदिन्छे । यसरी सहरमा काम गर्ने नोकर नोकर्नीलाई श्रमशोषण र यौनशोषण गरी कृष्णगोपाल काजी र नानीमैया कजिनीले समाजमा इज्जत र प्रतिष्ठाका लागि घरबाट निकालेर बिचल्ली पारेको देखिन्छ । कृष्णगोपालको घरबाट निक्लिएर एउटा होटेलमा खाना खाई रत्नपार्कमा पुगेका देखिन्छन् । त्यहाँबाट सहरका गल्लीमा डेरा र काम खोज्दै भौतारिएका छन् । त्यसपछि एक युवकका घरमा डेरा लिएर बस्नु, काम खाज्दै हिंड्दा सडकमा मोटरले ठक्कर दिएर रत्नेको मृत्यु भएको छ भने, उसकी श्रीमतीले रत्नेको खबर

नपाउनु, घरवेटीले डेराभाडा माग्नु, पैसा छैन भने निक्लिएर जा भन्नु आदि मानसिक यातना वा तनावका कारण शर्वतीले डेरामा  नै मुसा मार्ने विष खाएर आत्महत्या गरेकी छ ।

यस उपन्यासमा सहरको सामाजिक वातावरणलाई हेर्दा हुने खानेले जे गर्दा पनि हुने र हुँदा खानेलाई एउटा फुटेको काँचलाई जस्तै फ्याँकेको देखिन्छ । त्यसैले  सहरिया समाजका शिक्षित व्यक्ति कृष्णगोपालको चरित्रले सहरमा धनी व्यक्तिको मात्र इज्जत हुने गरिबको इज्जतलाई खुट्टामुनि कुल्चिएर हिँडेको देखिन्छ । सहरमा गरिबीका कारणले अर्काको घरमा काम गनुपर्ने र बाध्यतामा यौन शोषित भएको रत्ने र शर्वतीको चरित्रले देखाएको छ ।

उपन्यासमा गाउँको पात्रहरूमा कुमार साहुले सोझा सिधा गाउँलेहरूलाई अन्याय अत्याचार र थिचोमिचो गरेको देखिन्छ । गाउँ समाज अन्धविश्वासमा रूमलिएको हुनाले हीरे बिरामी पर्दा उसकी श्रीमतीले झारफुकका लागि कानेसार्कीलाई बोलाएको देखिन्छ । तर हीरेलाइ बचाउन सकेको देखिदैंन । हीरेको मृत्युपछि कुमार साहुले नै काजक्रियाका लागि आर्थिक सहयोग गरेको छ । हीरेको श्रीमती निदरीले हीरेको काजक्रिया सम्पन्न गर्नु, निदरीका बाआमाले ज्वाई मरेको खबर पाए पनि एक वर्षसम्म छोरीको घरमा जानु नहुने र निदरी पनि एक वर्षसम्म माइत जान नहुने चलन रहेको देखिन्छ । यस उपन्यासमा सामाजिक अवस्था, रीतिरिवाज, साँस्कृतिक पक्षलाई पनि चित्रण गरेका छ । वातावरणको प्रयोगमा स्थानिय रङ्ग दिन खोजेको पात्रको आचरण र व्यवहारले त्यसको उद्घाटन गरेको छ ।

प्रस्तुत उपन्यासमा आन्तरिक वातावरण भन्दा बाह्य वातावरणको उद्घाटनमा केन्द्रित छ । समाजका अँध्यारा पक्षहरूलाई देखाउने प्रयास गरिएको छ गाउँमा साहु र ऋणीहरूको अन्तर सम्बन्ध रहेको छ वा साहुले आर्थिक सहयोग गरेको देखाइएको छ । सहरमा गाउँदेखि काम र मामको खोजिमा आएका सोझासिधा मानिसलाई श्रमशोपाण र यौन शोषण गरेको देखाएको छ । उपन्यासकारले सहरमा यौनको छाडा प्रवृत्तिलाई विकृतिका रूपमा प्रष्ट देखाउन खोजेका छन् ।

निष्कर्षमा भन्नुपर्दा प्रस्तुत उपन्यासमा परिवेश लेखकको विशेष रूचि देखिन्छ । कथावस्तुलाई नभई नहुने सम्मको स्थान, वर्णन र पात्रहरूको चारित्रिक विशेषताहरू उद्घाटन गर्न र उनीहरूले व्यक्त गर्न लाग्ने समयको प्रयोग भएको पाइन्छ । बाह्य

वातावरण अन्तर्गत सामाजिक अवस्था, रीतिरिवाज, चालचलन, साँस्कृतिक पक्षलाई प्रस्तुत गरिएको छ । गाउँ या सहरमा ठूलाठालुहरूले सोझासिधा जनताहरू माथि गरेको शोषणको प्रकाशनबाट समाजको न्यायिक वातावरण धमिलिएको छ । जलवीरे गाउँ दुर्गम भएका कारण पैदल हिड्नुपर्ने, भारी बोक्नु, खेतबारी जोत्नु, पानी पँधेरो गर्नु पर्ने आफ्नै प्रकारका विवशताहरू छन् । त्यस्तै सहरमा आएर जीवनयापन गर्दा भोग्नु परेका बाध्यता र विवशताहरूलाई काठमाडौं सहरको परिवेशले चित्रण गर्नु नै यसको प्रमुख लक्ष्य हो । उक्त लक्ष्य प्राप्तिका लागि उचित कथानक र पात्र सुहाउँदो गरी चित्रण गरिएको यस उपन्यासको परिवेश सफल रहेको छ । प्रस्तुत उपन्यास सामाजिक भएको हुनाले ग्रामीण समाज र सहरिया समाजको परिवेशलाई सचित्र उताएिको छ ।

### ३.३.४ भाषाशैली

अभिव्यक्तिको माध्यम भाषा हो भने त्यसको प्रयोग गर्ने तरिका शैली हो । भाषाको माध्यमबाट नै साहित्यका विविध विधाहरूले अभिव्यक्ति पाएका हुन्छन् । साहित्यका विविध विधाहरू मध्ये उपन्यास विधामा गद्य भाषाको माध्यमबाट जीवन जगत्को चित्रण गरिएको हुन्छ । भाषाले उपन्यासका सबै तत्त्वहरूलाई सङ्गठित गर्दछ भने शैली भाषाका माध्यमले गरिने अभिव्यक्ति निजी तयारी हो ।

प्रस्तुत उपन्यासको भाषा सरल र यथार्थ रहेको छ । जलवीरे गाउँमा बोलिने स्थानीय भाषाको प्रयोग गरिएको छ । नेपाली भाषा पनि रङ्ग दिएर बोलिएको छ । खासगरी सामाजिक उपन्यास लेख्ने कोइरालाको भाषा सरल र शैली वर्णनात्मक रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यो उपन्यास यथार्थता झल्काउने संवादात्मक शैली र प्रकृति परिवेशको चित्रणमा काव्यात्मक भाषा शैलीको स्थानीय बोलीचाली प्रयोग गर्दै उखान टुक्काको प्रयोग गरिएको छ । यस उपन्यासको शिक्षित र बौद्धिक पात्रको भूमिका भएको हुनाले सोही अनुरूपको भाषा र शैली प्रयोग भएको छ । संस्कृत, तत्सम शब्द, आगन्तुक शब्द र तत्भव शब्द भएकाले भाषा सामान्य पाठकका लागि त्यति बोधगम्य बन्न सकेको देखिदैन ।

प्रस्तुत उपन्यासमा समाजले अश्लील मान्ने खालको भाषाको प्रयोग भएको छ । शैलीलाई मिठासपूर्ण र बढी यथार्थ बनाउन सम्वादात्मक शैली र प्रकृति परिवेशको

चित्रणमा काव्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ । यसरी बिच बिचमा प्रस्तुत गरिएका अश्लील शब्दहरूलाई पात्रका संवादबाट हेर्न सकिन्छ ।

"त्यसो भए जा तँ निक्ली । म एक्लै बस्छु ।

कुनचाँहि नाठोसित बस्नु हो । अझ बढ्ता कुरा गर्छेस् ?"

लौ मलाई निकाल त । म गंडी, फुंडी होइन शर्वती र शोभाजस्ती ।"

" किन कराएकी "(पृ.६५)

जा तँ काजीको रखौटी ! रण्डी ! तँ कत्ति कि हँ ? लाज छैन भन्नलाई । तँ सित मेरो जीन्दगानी चल्छ ?"( पृ.७१)

यसरी कथ्य भाषाका साथै तल्लो स्तरको भाषाको प्रयोगले उपन्यासको भाषा अतियथार्थवादी बनेको छ । पात्रको नाङ्गो चित्रणका क्रममा आएका भाषाले उपन्यासलाई समाजमा अश्लिल प्रकारको बनाएको छ । उपन्यासमा प्रयोग भएका अश्लिल शब्दहरू यस प्रकार छन् :

रखौटी, रण्डी, फुँडी गुंडी, नाठो, नाठी, बेस्से, बेसारे, सुँगुरको लीँड , फुँडो, सुगुँर्नी राँडी, मोरो, स्वाडे, खिचा, राच्छेस्नी, रावन्नी, छुसी, गुण्डो, आदि शब्दहरू प्रयोग गरिएको छ ।

उपन्यासमा प्रशस्त मात्रामा उखान टुक्काहरूको प्रयोग भएको छ र यहाँ केही प्रयुक्त उखान टुक्काहरूलाई उदाहरणको रूपमा अगाडि सारिएको छ । जस्तै : भोटे कुकुर जस्तै टोक्न आएको, तँ पिटे जस्तो गर म रोएजस्तो गर्छु, गएको मान्छे कोही आउँदैन, औंसी पूर्णेले हुने, आगोमा हालेको नुन झै, मर्नु न बाँच्नु, नाक राख्नु र नाक काट्नु, जुत्ता भट्टाएँ अब त म बाटोमा दौड्न सक्छु । जुनेली रात कि अँधेरी रात वर्कत छैन, कुकुर जति पनि रिस नहुन, मर्नु जाती, लुत्ते ककुर झै, बलियोले जे गऱ्यो त्यही नीति बन्छ, फोक्सोको कीटाणु झैं, होश व्यूझिएँ झै, पापीलाई ईश्वरले दण्ड दिए झै, मुखले ठीक्क कामले दिक्क, आफ्नो घुँडामा बञ्चरो हान्ने, आइ लाग्ने बाघलाई जाइ लाग्ने, जे कर्ममा लेखिएको छ त्यै हुन्छ, जाँ जालास आरी कर्कलाका घारी, बाहिर बोक्रो, भित्र खोत्रलो, कति काला आए कति गोरा आए, ज्यालामा नमिलेको डुम, उसको हातको माखो हुनु, मान्छे जति ठुला हुन्छन् उति

सानो मन, कालो गए गोरो आउँछ आदि छन् । यस्ता उखान टुक्काहरूको प्रयोगले उपन्यासको भाषामा निकै मिठास आएको छ ।

प्रस्तुत उपन्यासका प्रयुक्त भाषालाई निम्नलिखित आधारमा हेरिएको छ ।

*आलोपालो* उपन्यासमा उपन्यासकारले विविध प्रकारका शब्दचयनहरूको प्रयोग गरेका छन् । यस उपन्यासमा संस्कृत, तत्सम शब्द, अनुकरणात्मक शब्दहरू , आगन्तुक शब्दहरू धेरै प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयोग भएको तत्सम शब्दहरू यस प्रकारका छन् :

विषय, प्रश्न, उत्तर, अधिकार, प्रत्येक, शान्ति, विनम्रता, दिवश, समय, काल स्थान, अनुभव, आश्रय, आश्चर्य, महत्वकांक्षी, मरणान्त, वचन, शास्त्र, पुरूषोचित्त, अभियान, सर्वेसर्वा, दुष्ट,शिष्ट, इष्ट, आचार, संहिता, अमृत, भाव, अंश, ऐन, विष, आदर्श, पीठ, दृष्टता, असूल, उग्र, उपाय, अपशोच, चिन्तित, पारितृप्ति, सामागम, जगत्, विलाप, लत्त, सर्वनाश, निवृत आदि रहेका छन् । त्यस्तैगरी उपन्यासमा अनुकरणात्मक र द्विरूक्त शब्दहरू यस प्रकारका छन् । जस्तैः

खारखुर, ख्वाँक्ख्वाँक, हाकाहाकी, हाकाहाकी, थिलोथिलो, तरक्क, ढलिमलि, टुलुटुलु, स्याँस्याँ, खरख्वाई, ढुकढुक, साँच्चीसाँच्ची, जसोतसो, बल्लबल्ल, हेर्दाहेर्दा, धुमधुम्ती, भुसुक्क, च्यार्र, बाजाबाज, बिर्सदाविर्सदा, छेडछाड, मनमनै, खोपाखोपी, छ्यामछुम, ठाकठुक, भाँडाकुडा, धनीमानी, घरघर, वडावडा, गाउँगाउँ, सम्झीसम्झी, धौधौ, धमाधम, ट्याक ट्याक, पोखपोख, काटाकाटा, सुँक्सुक्कँ, साफसाफ, ट्याङ, लहैलहै, हिक्कहिक्क जस्ता अनुकरणात्मक शब्दहरू पनि प्रशस्त मात्रामा प्रयोग भएको छ । त्यस्तै गरी यस उपन्यासमा झर्रा शब्दहरू प्रयोग गरिएका छन् जस्तै :

ओठ लेब्राउनु, ट्वाल्ल, उछित्तो, मनिका, गा'का, पञ्च हो, काँ, मुन्टो, भनिराकी, देखिराकी, नगांका, भैमा, पैलेकी, खोपाबाट, मट्तेल, तिमेरू, तैंसित, कोनि, काठी, देख्ता, अर्धेलो, पाखे आदि । यस उपन्यासमा अङ्ग्रेजी शब्दहरू यस प्रकार छन् :

अफिस, पोर्टफोलियो, ट्रे, प्लेट, रेडियो, कलेज, साइकोलोजी, एम.ए, प्रोफेसर, एडलर, डक्टर, थेसिस, फील रिसर्च, लेक्चर, कोटेशन, फायड, बजेट, बैंक, सर, स्टुडेण्ट,

सेक्स, कपी, प्याकेज, बासकेट, ट्याक्सी, होटेल, रजिस्टेसन, फोटो, स्टोभ, ग्राजुयट, मिनीस्कर्ट, फोन, स्टोभ, सोर्स, बस आदि छन् । यस्ता विविध प्रकारका शब्दहरूको प्रयोगले उपन्यासको भाषामा मिठास थपेको छ । भाषालाई अर्थपूर्ण पनि बनाएको छ । यस उपन्यासको पात्रबिच साङ्केतिक, भाषा प्रयोग गरिएको छ ।

*आलोपालो* उपन्यासका कोही पात्र शिक्षित र बौद्धिक भएकाले भाषा पनि उच्च किसिमको छ भने कोही पात्र निम्न स्तरका भएको कारण  भाषा पनि निम्नस्तरको प्रयोग गरिएको छ । यस दृष्टिले हेर्दा उपन्यासमा भाषा पात्र अनुकूल देखिन्छ ।  उखान टुक्काको प्रयोगले भाषा सरल र आकर्षक बनेको छ ।

### ३.३.५ उद्देश्य

उद्देश्य विना कुनै पनि साहित्यको रचना हुँदैन । उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन समस्याहरूको यथातथ्य वर्णन मात्र नभएर तिनीहरूको माध्यमबाट जीवन जगत्प्रतिको कुनै विशिष्ट दृष्टिकोणलाई प्रकट गरिएको हुन्छ ।

*आलोपालो* उपन्यास सामाजिक यथार्थको धरातलमा उभिएको एउटा सशक्त सामाजिक उपन्यास हो । गाउँ समाजमा साहुले गरेका अन्याय, अत्याचारलाई देखाउनु र काठमाडौं  सहरिया  समाजमा देखिएका यौनको विकृति रूपलाई देखाउनु यस उपन्यासको प्रमुख उद्देश्य हो । सहरमा  घरधन्दा  नोकर नोकर्नीले आलोपालो गर्नु, नोकरको पालोमा मालिक्नीले अनैतिक सम्बन्ध राखेको र नोकर्नीको पालोमा मालिकले अनैतिक सम्बन्ध राखेको देखिन्छ । घरधन्दा आलोपालो गर्नु र अनैतिक सम्बन्ध पनि आलोपालो गरेको देखाउन खोज्नु यस उपन्यासको उदेश्य हो ।

प्रस्तुत उपन्यासमा जलवीर गाउँसमाजका मानिसहरूको पारिवारिक जीवन गाथालाई उनीहरूको जीवनका सापेक्षतामा प्रस्तुत गरिएको छ ।  ग्रामीण समाजमा कुमार साहुले आर्थिक सहयोग गर्नुका साथै अन्याय, अत्याचार, श्रमशोषण, दमन गरी हैकम चलाएको छ । त्यस्तै गरी गरीबीले निचोरिएको सोझासिधा मानिसहरू  साहुको अत्याचारी सहन बाध्य भई जीवनयापन गरेको देखिन्छ । यस उपन्यासमा जलवीरे गाउँसमाजको यथार्थ चित्रण गर्नु अर्को उद्देश्य हो । यस उपन्यासका पात्र रत्नेले गाउँकै शर्वतीसित माया

प्रीति लगाएको छ । उसको प्रेमिकालाई  कुमार साहुले कान्छी श्रीमतीका रूपमा विहे गरेको छ । रत्नेले साहुसित बदला लिने नियतले साहुकी कान्छी श्रीमती शर्वतीलाई भगाएर काठमाडौं सहरमा ल्याउँछ ।

सहरमा कृष्णगोपालको घरमा घरधन्दा र गोठधन्दा गर्दै बसेका यी लोग्नेस्वास्नीले राति घरधन्दा आलोपालो गरेका छन् । रत्नेको घरधन्दा गर्ने  पालोमा मालिक्नी नानीमैयाले अनैतिक सम्बन्ध राखेकी छ भने शर्वतीको घरधन्दा गर्ने पालोमा मालिक कृष्णगोपालले अनैतिक सम्बन्ध राखेको देखिन्छ । यसरी यस उपन्यासमा घरधन्दा आलोपालो गर्नु र अनैतिक सम्बन्ध पनि आलोपालो भएको देखाउनु सहरिया समाजमा देखिएको  यौन विकृति र सामाजिक विसङ्गतिलाई प्रस्तुत गर्नु हो । त्यस कारण यो उपन्यासको प्रमुख लक्ष्य सहरिया समाजको अवस्था र प्रोफेसर जस्ता शिक्षित व्यक्ति भए पनि स्वार्थी यौन सन्तुष्टिका लागि  अनैतिक सम्बन्ध राख्ने, इज्जत र प्रतिष्ठाका  लागि जे पनि गर्न सक्ने सहरिया मानिसका प्रवृत्ति देखाउन खोजिएको छ । अर्को उद्देश्य सहरमा सामाजिक विकृति र विसङ्गतिले सामाजिक परिवेश धमिलिएको देखाउन खोजिएको छ ।

यस उपन्यसमा वर्णित सम्पूर्ण घटनाहरू सम्बद्ध वातावरणले उपन्यासकारको उक्त उद्देश्य प्राप्तिका लागि सफलता प्राप्त गरेको छ ।

### ३.४.६ दृष्टिविन्दु

उपन्यासमा सर्जकले कथानक, पात्र, परिवेश, आदिको वर्णन गर्नका लागि रोजेको कथनभूमि वा स्थान नै दृष्टिविन्दु हो ।*आलोपालो* उपन्यासमा बाह्य अर्थात तृतीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । यो उपन्यासमा उपन्यासकारले उपन्यास बाहिर बसेर चरित्र, दृश्य, घटनाको टिप्पणी गरेका छन् । यसरी उपन्यासका कथयिता उपन्यास भन्दा बाहिर बसेर कथा प्रस्तुत गरेकाले रत्ने, शर्वती, कृष्णगोपाल, नानीमैया जस्ता पात्रहरूमा पनि तृतीय वा बाह्य दृष्टिविन्दु रहेको छ ।

प्रस्तुत उपन्यासको कथा प्रस्तुत गर्ने क्रममा कथायिताले सकेसम्म पात्रहरूको बढी संवाद उपस्थित गराएको देखिन्छ । यसले गर्दा उपन्यासमा तृतीय पुरूष दृष्टिविन्दु प्रयोग भएको छ । कथयिताले पात्र र घटनालाई सर्वज्ञ झैं वर्णन एवम् टिप्पणी गर्दै सम्पूर्ण कुरालाई आफ्नै नियन्त्रणमा लिएका छन् । जसले गर्दा सर्वज्ञ दृष्टिविन्दु प्रयोग भएको छ ।

सर्वज्ञ दृष्टिविन्दु अन्तर्गत भने हस्तक्षेपी र निर्वैयक्तिक गरी दुई प्रकारका दृष्टिविन्दुको प्रयोग भएको छ । कतै कतै कथयिताले चरित्र र घटनाका बारेमा वर्णन गरेकाले हस्तक्षेपी दृष्टिविन्दुको प्रयोग भएको छ ।

हस्तक्षेपी दृष्टिविन्दु भएको उदाहरण

उसले कजिनीलाई हेर्‍यो फेरी काजीलाई । दुबै एकमत झै देखिन्थे । उनीहरूको दृष्टिमा उसले अर्घेलो जस्तो अनुभव गर्‍यो किन अर्घेलो हुने ? उसलाई अकस्मात केही भन्न मन लाग्यो तर काजीले उसलाई हातमा नोट गनेर दियो "एक दुई तिन" भन्दै दस दसका तीन नोट ।

"म अैले जाने हजुर ?" उसले भन्यो ।

"कैले जान्छस् त ?"

ब "शर्वती आए पछि जौला ।" उसले ठाडो जवाफ दियो । " (पृ.७८)

त्यस्तै अर्को उदाहरण :

के अब आफ्नो नातागोता चिनेको मान्छे भित्र हुनुपर्छ । अनि उसले जागीर गराउँछ ।" त्यो व्यक्तिले भन्यो । बस आउना साथ बस चढेर गइहाल्यो । (पृ.९७)

उपन्यासमा उपन्यासकारले पात्रहरू बिचमा नाटकीय संवादको उपस्थिति गराएर आफू टाढा बसेकाले निर्वैयक्तिक दृष्टिविन्दुको प्रयोग पनि भएको पाइन्छ ।

उदाहरणः रत्ने "के भनेर आइस् त पोइल ?" "तेरै पोई तन्नेरी बलियो थियो । गाउँको साहु !"

शर्वती : "तिम्रो सेखी झार्न आएकी ।"

रत्ने : "त्यसो भए जा न त सात पोइल । सहरमा के कम ?जो सित गए पनि म क्यै भन्दिन ।"

शर्वती : "हुन्छ । किन नजानु ?" "हो त ?"

रत्ने : "हो " (पृ. १)

यसरी उपन्यासमा तृतीय पुरूष दृष्टिविन्दु अन्तर्गत पर्ने सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ । उपन्यासमा सम्पूर्ण घटना, सारवस्तु, संवाद आदि सिर्जना गरेर कथायिताले बताएका छन् । संवादको आधिक्यले गर्दा चरित्रहरूमा लेखकको हस्तक्षेप कम भई तिनको स्वतन्त्र विकासमा सहयोग पुगेको छ ।

## ३.४ निष्कर्ष

*आलोपालो* उपन्यास शङ्कर कोइरालाद्धारा लिखित सामाजिक उपन्यास हो । वि.सं. २०३४ मा नवीन प्रकाशन वाराणसीबाट प्रथम पटक प्रकाशित भएको उपन्यास हो । वि.सं.२०३४ को पञ्चायती शासनकालको सेरोफेरोमा जलवीरे ग्रामीण समाज र काठमाडौं सहरिया  समाजको विषयवस्तु लिएर यस उपन्यासको रचना गरिएको छ। यस उपन्यासमा जलवीरे गाउँसमाजको ठूलो व्यक्ति कुमार साहुले गाउँका सोभ्रा सिधा मानिसहरूलाई ऋण सहयोग पनि गर्नु, ऋण चुक्ता गर्न नसक्नेको घरखेत अख्तियार गरेको पाइन्छ ।  आफ्नो खेतबारी उकास्न तिनै निम्न वर्गका मानिसहरूलाई हप्की दप्की गरी आफूलाई नै सर्वेसर्वा ठान्ने प्रवृत्ति कुमार साहुको चरित्रले प्रस्तुत गरेको छ। सोही गाउँको सोभ्रा सिधा मानिसले हात मुख जोड्ने क्रममा काठमाडौंमा आएका छन् । ती मानिसहरू घर मालिक र मालिक्नीबाट श्रमशोपाण र यौन शोषणमा परेको देखिन्छ।

यसरी समाजमा देखा परेका यौन विकृति र विसङ्गतिहरूको पृष्ठभूमिमा यो उपन्यास संरचित भएको छ । यसमा सामाजिक यथार्थ विषयवस्तु रहेको छ । यस उपन्यासमा गाउँले जनजीवन र  सहरिया  जनजीवनका रहनसहन, रीतिरिवाज, संस्कृति आदिको चर्चा गरिएको छ । यस उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला योजनावद्ध छैन। प्रस्तुतिका दृष्टिले यसको कथावस्तु कथात्मक  प्रस्तुतियुक्त रहेको छ। यस उपन्यासको नायक रत्ने र नायिका शर्वतीमा केन्द्रित यो उपन्यास उनीहरूकै दीनचर्या वरीपरी सम्पूर्ण कथानक सङ्गठित भएको छ। यसमा प्रतिनायक कृष्णगेपाल र प्रतिनायिका नानीमैयासँग सम्बद्ध छ भने हीरे कुमार साहु, निदरीसँग सम्बद्ध सम्पूर्ण घटनाक्रम यस उपन्यासको प्रमुख कथावस्तु हो। यसमा मूल कथालाई सहयोग गर्ने अन्य स साना कथाहरू पनि आएका छन्। यस उपन्यासमा प्रेम प्रसङ्गका कथा र यौन विकृतिका यथार्थ परिणामले कथा अगाडि बढेको छ। उपन्यासको कथानकमा बाह्य र आन्तरिक दुबै प्रकारका द्वन्द्वको सिर्जना भएको छ।

प्रस्तुत उपन्यास वि.सं. २०३४ को पञ्चायती शासन कालमा रहेको नेपाली समाजमा देखिएको दारूण आर्थिक अवस्थाको चित्रण गरिएको छ। दिनभर काम गरेर साँझ बिहान पेट भरि खान नपाउने गरिब नेपाली जनताको यथार्थ जीवन चित्रण गरिएको छ। समाजमा हुने खानेहरूको दमनबाट त्रस्त हुँदा खानेहरूको मनस्थितिको चित्रण पनि

उपन्यासमा गरिएको छ ।  सहरिया  समाजका शिक्षित र सक्षम मानिसहरूले स्वस्थ समाज निर्माण गर्नुको सट्टा नैतिकतालाई कुल्चिएर समाजमा विकृति र विसङ्गति ल्याएको देखिन्छ । यो उपन्यास बहुपात्रीय उपन्यास हो । यसमा रत्ने, शर्वती, कृष्णगोपाल, नानीमैया, हिरे, कुमार साहु, निदरी, नाराने, किस्ने, जसोदा, सेते बुढा, काने सार्की, बलवीरे, चन्द्रकान्त, हर्कध्वज, विसनदेवी जस्ता धेरै पात्रहरू आएका छन् । यस उपन्यासमा आएका पात्रहरूलाई आ आफ्नो भूमिका बमोजिम स्वाभाविक रूपमा चित्रण गरिएको छ ।  यस उपन्यासमा गाउँ समाज र  सहरिया  समाजमा देखिएको उच्च वर्ग र निम्न वर्ग वीचको असमानता वा वर्गीय द्वन्द्व प्रस्तुत गर्नको साथै समाजमा भएको थिचोमिचो, श्रमशोषण , यौनशोषण , दमन, विकृति र विसङ्गतिलाई निराकरण गरि स्वस्थ समाजको निर्माण गर्नु यसको उद्देश्य रहेको छ ।  त्यस्तैगरि समयावधिको राजनीति, आर्थिक, सामजिक, साँस्कृतिक अवस्थाको चित्रण गर्नु यस उपन्यासको उद्देश्य रहेको छ ।

यस उपन्यासले नेपाली समाजको गाउँ र सहरलाई परिवेश बनाएको छ । नेपाली समाजका सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक जगतका विविध पक्षमाथि प्रकाश पारिएको छ । उपन्यासका सम्पूर्ण घटना जलवीरे गाउँघर र काठमाडौं सहरका विभिन्न ठाउँहरूमा घटेका छन् । उपन्यासमा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरिएको छ । संवादात्मक शैली प्रयोग पनि भएको छ । वर्णनात्मक शैलीमा उपन्यासको संरचना गरिएको छ । उपन्यासमा उखान टुक्का प्रशस्त मात्रामा प्रयोग गरिएको छ । उपन्यासमा प्रयोग गरिएका संस्कृत भाषा, अङ्ग्रेजी भाषा, तथा नेपाली उखान टुक्काले भाषालाई स्वाभाविक बनाए तापनि उपन्यासमा प्रयोग गरिएका अश्लील शब्दका साथै निम्न स्तरका बोलीचाली गाली गौलजका भाषाले नेपाली समाजमा अपाच्य बनाएको छ । त्यसकारण *आलोपालो* उपन्यास अलि अश्लील मान्न सकिन्छ । प्रस्तुत उपन्यास औपन्यासिक तत्त्वका आधारमा हेर्दा  सफल रहेको छ ।

# चौथौ परिच्छेद

# *आलोपालो* उपन्यासका प्रवृत्तिहरू

## ४.१ विषय प्रवेश

कुनै पनि साहित्यिक कृतिमा कृतिकारको आफ्नै अनुभूति, भाव र विचार प्रस्तुत गरिएको हुन्छ । कृतिमा लेखकको आफ्नै प्रकारको रूचि, विशेषता र जीवनदर्शन हुन्छ । तिनै आधारमा कृतिको प्रवृत्तिगत अध्ययन गर्न सकिन्छ । यस परिचछेदमा *आलोपालो* उपन्यासको प्रवृतिगत अध्ययन गरिएको छ ।

## ४.२ सामाजिक यथार्थवादी

शङ्कर कोइराला काल्पनिक कथनप्रदान उपन्यासकारमा भन्दा भिन्न समाजको विकासक्रमलाई प्राथमिकताका साथ उपन्यास सिर्जना गर्ने उपन्यासकार हुन् । सामाजिक यथार्थवादी उपन्यासकार कोइरालाले अतीत मात्र होइन वर्तमान र भविष्यको समाजको खाका चित्रण समेत गरेका छन् । उनका सबै उपन्यासमा सामाजिक जीवनको यथार्थ चित्रण छ । *आलोपालो* उपन्यासमा जलवीरे गाउँसमाज र काठमाडौं सहरिया समाजमा घटित घटनामा आधारित छ । गाउँ समाजमा साहु वा ठुलाठालु र गरिब वर्गमा भेदभाव रहेको छ । त्यस्तै सहरमा मालिक र नोकर वीचको कठोर भेदभावयुक्त समाजको पनि जीवन्त चित्रण छ । यस उपन्यासमा नेपाली समाजको आर्थिक, राजनीतिक, सामाजिक यथार्थलाई समेटिएको छ । उपन्यासमा नेपाली समाजको यथार्थ अवस्थालाई प्रस्तुत गर्दै द्विवर्गीय सामाजिक अवस्थालाई प्रस्तुत गरिएको छ । यसले उच्च वर्गले निम्न वर्गमाथि गरेको श्रमशोषण र यौन शोषणलाई प्रस्तुत गरेको देखिन्छ । यस उपन्यासका पात्र कृष्णगोपाल र उनकी श्रीमती नानीमैयाबिच आत्मिक सम्बन्ध बलियो नहुनु, यी लोग्नेस्वास्नीले आफ्नो यौन आवश्यकता नोकर रत्ने र नोकर्नी शर्वतीबाट पुरा गरेको देखिन्छ । यसरी गाउँ र सहरका सामाजिक जीवनमा देखिएका समस्या तथा घटनाहरूलाई उल्लेख गर्दै उज्वल सामाजिक भविष्यमा यौन विकृति या छाडाप्रवृत्ति निराकरण होस् भन्ने सन्देश दिन खोजिएको छ ।

उपन्यासकार शङ्कर कोइरालाले यस उपन्यासमा मानवीय जीवनका वैयक्तिक दिनचर्यालाई जस्ताको तस्तै देखाउन खोजिएको छ । जीवनको ययार्थ चित्रण गर्दा उनलाई कुनै आदर्शता र नैतिकताले बाँधेको देखिदैन । मानव विकासका क्रममा ज्ञान वृद्धि र विवेकको प्रचुर विकास भैसके पनि प्रोफेसर कृष्णगोपालका आदिम प्रवृति यथावत छन् । जसलाई अश्लील भाषा र उदाङ्गो पाराले प्रस्तुत गरेको पाइन्छ । शिक्षित परिवारका मालिक र मालिक्नीले नोकर र नोकर्नीसित यौन क्रिडा आलोपालो गरेका खुल्ला चर्चा गर्दा प्रसङ्गमा आउने निम्न स्तरका भाषा गालीगलौच जस्ताको तस्तै प्रस्तुत गर्दा अपाच्य देखिन्छ । त्यसैले यो उपन्यास अश्लील र अनैतिक भएको देखिन्छ । सहरिया समाजमा देखिएका यौन विकृतिलाई उपन्यासमा नग्न रूपले प्रस्तुत गर्नु कोइरालाको औपन्यासिक प्रवृति हो । यस उपन्यासमा यथार्थको नग्न चित्रणले उत्कर्ष चरणमा पुगेको देखिन्छ । उपन्यासमा यथार्थको नग्न चित्रणले अश्लीलता थप्नको साथै अपाच्य समेत बनेको छ ।

### ४.३ स्थानीयता र ग्रामीण परिवेशको चित्रण

उनको *आलोपालो* उपन्यासमा स्थानीयताको रङ्ग बढी पाइन्छ । स्थानीय चालचलन, संस्कृति र परम्पराको राम्रो चित्रण उनले गरेका छन् । जलवीरे गाउँमा साहुको खेताला जानु, साहुले नै गरिबहरूलाई आर्थिक सहयोग गर्नु, वनजङ्गलमा दाउरा घाँसपात गर्नु, खेतबारी उकास्नु, अन्न घट्टामा पिस्न जानु, विरामी भएपछि झारफुक गर्नु जस्ता स्थानीय बोलिचालीको भाषा प्रयोगले ग्रामीण जनजीवनको राम्रो चित्रण भएको छ । सहरमा रहने शङ्कर कोइरालाको अनुराग अधिकांश गाउँनै गाउँले भरिएको नेपालप्रति छ र उनी ग्रामीण परिवेशको चित्रण मात्र गर्दैनन् । सफल चित्रकारीको नमुना पनि प्रस्तुत गर्छन् ।

### ४.४ मनोवैज्ञानिकता

शङ्कर कोइराला पूर्णतः मनोविश्लेषणवादी उपन्यासकार होइनन् तापनि उनका सामाजिक उपन्यासमा पात्र पात्राको मनोविश्लेषणको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा सामान्य तथा यौन दुबै प्रकारको मनको विश्लेषण गरिएको छ । यसको चरित्र कृष्णगोपाल मनोविज्ञानका प्रोफेसर भए पनि आफ्नो श्रीमती नानीमैयालाई श्रीमतीको रूपमा नहेरी स्वास्नीमान्छेको रूपमा हेर्नु, यी दुबै लाग्नेस्वास्नी वैवाहिक जीवनमा बाँधिएतापनि नैतिकतामा बाँधिन नसकेको देखाइएको छ । यस उपन्यासमा प्रसङ्गवश

आएका केही अंश यस प्रकार रहेका छन् : प्रोफेसर कृष्णगोपाल कसैसँग बोलिरहेको थियो ठुलो स्वरमा–प्रेमीले प्रेमीकालाई दिइने सुख आनन्द दिने काम हो । अनि प्रेमिकालाई अत्यन्त सन्तुष्ट र परितृप्तिको अनुभव हुन्छ । लिइनुमा होइन दिनुमा एक तर्फी स्वार्थी निष्काम सेक्स एकदम रूखी हुन्छ (कोइराला, २०३४: ५९) । कलेजमा फ्रायड र एडलरको कोटेशन भनी व्याख्या गर्नु, विवाह नै प्रर्याप्त कुरो होइन । विवाहको उद्देश्य चरित्र, मन र मनोभावहरूको विकासमा सहायता गर्ने हुन्छ । विवाह पश्चात लोग्ने स्वास्नी बिचमा समझदारी पर्याप्त छैन भने विवाह गरेको महत्व हुँदैन भनिएको छ । उसले कलेजमा अध्यापन गराउँदा विद्याथीहरूले आफ्ना जिज्ञाशा प्रश्नहरूका रूपमा राखेको देखिन्छ, “सर तपाइलाई जुनेली रात मन पर्छ कि अँधेरी रात ?” फेरि अर्को विद्यार्थीले बेन्चबाट उठेर सोध्छ, “सर प्रेमिकाहरूलाई कस्तो चिज प्रेजेन्ट गरे खुसी हुन्छन् ?”(पृ.४२) यी विद्यार्थीहरूको प्रश्नले उसको आफ्नो जीवनमा घटेका घटनालाई मनमनै अनुभव गर्छ । उसले अँधेरी रातलाई शर्वती सम्झिन पुग्छ भने प्रेजेन्ट भन्नाले शर्वतीलाई दिएको साडी उसको मनमा आउँछ । यसरी मन भित्र कुण्ठित भएका भावहरूलाई मनोवैज्ञानिकताका दृष्टिले यस उपन्यासमा स्थान लिन पुगेको छ ।

## ४.५ सरलता

उनी व्यक्तिगत जीवनमा जति सरल छन् लेखनमा पनि त्यतिकै सरल छन् । उनका भाषाशैली सरल कथाले गर्दा उपन्यासहरू दुर्बोध्य छैनन् । उनको यस उपन्यासको पात्रहरूमा हाम्रा दैनिक जीवनमा देखिने सरल, साझा र निष्कपट व्यवहार देखिन्छ ।

## ४.६ निष्कर्ष

शङ्कर कोइरालाका उपन्यास मूल रूपमा सामाजिकतामा आधारित छन् । उनको यो उपन्यासमा सामाजिक यथार्थवादी, स्थानीयता र ग्रामीण परिवेशको चित्रण, मनोवैज्ञानिकता र सरलता जस्ता प्रवृत्ति रहेको छ । यो उपन्यास समाजमा देखिएका विकृति र विसङ्गति समस्याको रूपमा देखिएको छ । सामाजिक, साँस्कृतिक एवम् राजनीतिक परिवर्तनका प्रमुख आवश्यकताका रूपमा उनको *आलोपालो* उपन्यास प्रस्तुत गरिएको छ ।

## पाँचौ परिच्छेद

# उपसंहार

उपन्यासकार शङ्कर कोइरालाको *आलोपालो* उपन्यासको अध्ययन चार परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेद शोध परिचयमा आधारित रहेको छ । यसमा *आलोपालो* उपन्यासको अध्ययनको लागि सोध शीर्षक, शोधपरिचय, शोधप्रयोजन, शोधसमस्या, शोधको औचित्य, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधपत्रको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा जस्ता शीर्षक चयन गरी शङ्कर कोइराला र *आलोपालो* उपन्यासको अध्ययन कसरी गर्ने भनी उल्लेख गरिएको छ । यस अध्ययनमा शङ्कर कोइरालाको सङ्क्षिप्त जीवनी, औपन्यासिक यात्रा र प्रवृत्तिहरू के कस्ता छन् ? औपन्यासिक तत्त्वका आधारमा यो कृति कस्तो रहेको छ ? जस्ता समस्याहरूलाई पहिल्याएर अध्ययन गरिएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत शङ्कर कोइरालाको सङ्क्षिप्त परिचय र औपन्यासिक यात्राको चर्चा गरिएको छ । शङ्कर कोइराला नेपाली साहित्यमा  धेरै विधामा कलम चलाउने बहुमुखी प्रतिभा हुन् । उनी पिता इश्वरीप्रसाद र माता मित्रप्रियाका कोखबाट वि.सं. १९८७ कार्तिक २७ गते  काठमाडौमा जन्मेका हुन् । साहित्यका क्षेत्रमा शङ्कर कोइराला र आधाबाटे कान्छा उपनामले परिचित भएपनि उनको न्वारानको नाम ढाकर प्रसाद कोइराला हो । उनका पिता इश्वरीप्रसाद कोइराला जागिरे भएकाले शङ्कर कोइरालाको बाल्यकाल सुखमय रहेको र शिक्षाराम्भ घरबाटै भएको हो । औपचारिक रूपमा वि.ए. सम्मको अध्ययन गरेका छन्  । उनको देहवासन वि.सं. २०५४ साउन २६ गते काठमाडौँमा भएको हो ।

शङ्कर कोइरालाको प्रथम लेख *बुढो* नामक कथा वि.सं. २००३ मा *शारदा* पत्रिकामा छापिएको हो । कथाका माध्यमबाट साहित्यिक यात्रा थाल्ने शङ्कर कोइरालाको प्रतिभा कथा, उपन्यास निबन्ध, कविता र नाटक विधाहरूमा मुखरित भएको छ । उनले नेपाली साहित्यलाई जे जति कृतिहरू दिएका छन् । तिनका आफ्नै प्रकारको मूल्य, स्थान र महत्त्व रहेको छ । कुनै कृति समस्यामूलक रूपमा, कतै सुधारवादी रूपमा र कतै आदर्शवादी रूपमा अंकित भएको पाइन्छ ।

उनलाई *खैरिनीघाट*  (२०१८) ले उपन्यासकारका रूपमा प्रतिष्ठापित गराएको पहिलो उपन्यास हो । यस पछि  उनका  धेरै उपन्यास कृतिहरू प्रकाशित भएका छन्

जसमध्ये *आलोपालो* उपन्यास वि.सं. २०३४मा नवीन प्रकाशन वाराणसीबाट प्रथम पटक प्रकाशित भएको कृति हो । उनका सबै उपन्यास सामाजिक यथार्थवादी धाराअन्तर्गत रहेका छन् । यी उपन्यास कृतिहरू यस प्रकार रहेका छन् :

*खैरिनीघाट, कलाकार, नाठो, कौसीको फर्सी, दुई ड्राइभर, दुर्दमनीय, म पिउन अखबारको, दोसाँध, नदी गीत गाउँछ , भट्टी पसल, कलेज गर्ल, नदुखेको टाउको, हकवाला, तरूनी छोरी, आलोपालो, सन्तानको रहर, एक अञ्जुली श्रद्धाञ्जली, हेलम्बु, मेरो गाउँ, पिसाच, डाक्टर , एक हुल गाउँले, श्रीमती हिरोइन, रातभरी, तिन पल्ट, आसुको खहरे, म फेला पर्दिन आदि रहेका छन् ।*

शङ्कर कोइरालाका उपन्यासमा सामाजिक विषय मूल विषयको रूपमा आएको छ । र समाजमा घटेका घटनाहरू र घट्न सक्ने घटनालाई आधार बनाइएको छ । यसरी सामाजिक विषयवस्तुमा नै आधारित भएर उपन्यास रचना गरेको हुनाले उनलाई सामाजिक उपन्यासकार मानिन्छ ।

तेस्रो परिच्छेद अन्तर्गत शङ्कर कोइरालाको उपन्यासलाई परम्परागत तत्त्वका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा कथाको वर्णन नभएर मानव जगतमा घट्न सक्ने वा घटेको घटनाका आधारमा कार्यकारण सम्बन्धका आधारमा स्वाभाविक र जीवन्त तुल्याइएको छ । कार्यकारण शृङ्खला नमिले पनि कथानकले पूर्णता प्राप्त गरेको छ । कौतुहल पक्ष सशक्त बन्न पुगेको छ । यस उपन्यासमा बाह्य र आन्तरिक दुबै प्रकारका द्वन्द्व रहेका छन् । उपन्यास विश्लेषणका सैद्धान्तिक तत्त्वहरूको तय गरिएको छ । उपन्यास भनेको मानव जीवनकै सम्पूर्ण घटनाहरूको अभिव्यक्ति गर्ने बृहत गद्य आख्यानात्मक रचना हो । जसमा यथातथ्यको उद्घाटन मात्र नभएर कल्पनाको कलात्मक मिश्रण पनि भएको हुन्छ । कुनै पनि वस्तुले पूर्ण संरचना प्राप्त गर्नका लागि विभिन्न संरचनात्मक घटकहरूको समायोजन गरे जस्तै उपन्यास निर्माणका लागि पनि विभिन्न संरचनात्मक घटकहरूको आवश्यकता पर्दछ । जसलाई उपन्यासका तत्त्व भनिन्छ । उपन्यासका तत्त्वहरू यति नै हुन् भनेर किटान गर्ने क्रममा विद्धवानहरूको मत एउटै हुन नसके पनि अधिकांशले कथानक, पात्र, परिवेश, भाषाशैली, उद्देश्य, र दृष्टिविन्दुलाई यसका तत्त्व मान्दै आएका छन् । उपन्यासको अध्ययन पनि यिनै तत्त्वका आधारमा गर्दा सहज र सरल हुनुका साथै स्पष्ट हुने पनि देखिन्छ ।

विधातत्त्वको आधारमा *आलोपालो* उपन्यास गाउँ र सहरिया समाजको पृष्ठभूमिमा लेखिएको सामाजिक उपन्यास हो । यस उपन्यासको कथावस्तुमा गाउँका वडा अध्यक्ष कुमार साहुले सोझासिधा मानिसहरूलाई अन्याय, अत्याचार शोषण र दमन गरेको छ । निम्नवर्गका मानिसहरूले केही विरोध गर्न सकेका छैनन् । निम्न वर्गमध्ये रत्नेकी प्रेमिकालाई कुमार साहुले कान्छी श्रीमतीको दर्जामा विहे गरेपछि रत्नेले साहुसित बदला लिन उसकी प्रेमिका शर्वतीलाई भगाई काठमाडौं सहर ल्याएको छ । सहरमा घरधन्दा र गोठधन्दा गर्ने काम आलोपालो गर्छन् । घरधन्दा गर्ने क्रममा यी दुबै प्रेमी प्रेमिका मालिक र मालिक्नीबाट यौन शोषण र श्रमशोषणमा परेका छन् । त्यसैले समाजमा उच्च वर्गबाट निम्न वर्गका मानिसहरूले भोग्नुपरेका बाध्यता र विवशतालाई कथाका प्रसङ्गमा जोडिएर आएका छन् । समाजमा घटेका घटनाहरू मूल कथानकमा जोडिएर आएका छन् । समाजमा देखिएको द्विवर्गीय असमानता, विकृति र विसङ्गतिहरू यस उपन्यासमा समेटिएको छ । यस उपन्यासमा गाउँ समाज र सहरीय समाजका यथार्थ परिवेश चित्रण गरिएको हुनाले आलोपालो उपन्यास सामाजिक उपन्यास हो । यस उपन्यासको पृष्ठभूमिमा समाज रहेको छ । यस उपन्यासको कथानक तृतीय पुरूष दृष्टिविन्दुमा अगाडि बढेको छ । यस उपन्यासको कथानक बनोट प्रस्तुतियुक्त रहेको छ । यो उपन्यास बहुपात्रीय उपन्यास हो । यसमा धेरै पात्रहरूको सहभागिता रहेको छ । रत्ने, शर्वती र कुमार साहु उपन्यासका मुख्य पात्र हुन् त्यस्तै हीरे, निदरी, कृष्णगोपाल र नानीमैया उपन्यासका सहायक पात्र हुन् भने नाराने, किस्ने, जसोदा, सेते बुढा, बलवीर, चन्द्रकान्त, प्रभुनाथ, शिवे, विसनदेवी आदि गौण पात्र हुन् । यति पात्रहरू सहभागी भएको यस उपन्यासको नायक नायिका रत्ने र शर्वती हुन् । उनीहरू उपन्यासको आदिदेखि अन्त्यसम्म सहभागि भएका छन् । यस उपन्यासमा दुःखान्तीय वातावरणको सिर्जना गरेर कथानक दुःखान्त परिणतिमा टुङ्गिएको छ । उपन्यासकारले उपन्यासमा भूमिका अनुसार पात्रको सफल चयन गरेर उपन्यासलाई सफल बनाएका छन् ।

यस उपन्यासको भाषा सरल भएतापनि समाजमा अपाच्य खालको अश्लील शब्दहरूको प्रयोग भएको हुनाले उपन्यास अश्लील खालको रहेको छ । उपन्यासमा तत्सम् तथा आगन्तुक शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । उपन्यासमा नेपाली समाजमा चलनचल्तीमा रहेका उखान टुक्काहरू प्रयोग गरिएको छ । मुख्य रूपमा वर्णनात्मक शैली रहे पनि कतै कतै संवादात्मक शैली रहेको छ ।

नेपाली समाज मूल परिवेश रहेको यस उपन्यासमा जलवीरे गाउँ, पानी पधँरो, वनजङ्गल, मेलापात आदि रहेको छ । त्यस्तै काठमाडौं सहर, रत्नपार्क, घण्टाघर, वागबजार, धरहरा, सहिदगेट, सडकपेटी, बजार कृष्णमन्दिर र कृष्णगोपालको घर जस्ता ठाउँहरूमा उपन्यासको घटना घटेको छ । यस उपन्यासमा नेपालको सामाजिक, आथिक, राजनीतिक तथा साँस्कृतिक पक्षलाई चित्रण गरिएको छ । गाउँ समाज र सहरिया समाजमा देखिएका समस्या द्विवर्गीय असमानता, विकृति र विसङ्गति निराकरण गरी एउटा आदर्श र स्वस्थ समाज निर्माण गर्नु यस उपन्यासको औचित्य र उद्देश्य रहेको छ ।

यसरी उपन्यास तत्त्वको आधारबाट हेर्दा *आलोपालो* उपन्यास सफल उपन्यासको रूपमा रहेको छ ।

चौथो परिच्छेद अन्तर्गत *आलोपालो* उपन्यासको प्रवृत्ति रहेको छ । सामाजिक यथार्थवादी, स्थानीयता र ग्रामीण परिवेशको चित्रण, मनोवैज्ञानिकता र सरलता यस उपन्यासको प्रवृत्ति हुन् । यस उपन्यासमा देखिएका प्रवृत्तिहहरूले सामाजिक जीवनको यथार्थ चित्रण गरेको पाइन्छ । सामाजिक, आर्थिक, साँस्कृतिक एवम् राजनीतिक परिवर्तनको खाँचो पनि यस उपन्यासमा औँल्याइएको छ ।

अन्तमा, नेपाली साहित्यका बहुमुखी प्रतिभा शङ्कर कोइराला उपन्यासकारका रूपमा प्रसिद्ध रहेका छन् । समाज नै उनको उपन्यासको केन्द्र हो । उनका उपन्यासले परम्परागत प्रवृत्तिहरूलाइ केलाउँदै नयाँ दृष्टि र मान्यतातर्फ उन्मुख भएका छन् । परम्परागत रूढी र गलत मान्यताप्रति विद्रोह तथा नवीनतम मूल्य र मान्यता प्रतिको आस्था मूल स्वरका रूपमा ध्वनित भएको पाइन्छ । समग्रमा भन्नु पर्दा शङ्कर कोइराला नेपाली साहित्यका सफल उपन्यासकार हुन् । *आलोपालो* उपन्यासमा गाउँले जीवन र सहरिया जनजीवनको रहनसहन, रीतिरिवाज, संस्कृति आदिको चर्चा गरिएको छ । सहरमा रहने शङ्कर कोइरालाको अनुराग अधिकांश गाउँ नै गाउँले भरिएको नेपालप्रति छ । उनको उपन्यसमा ग्रामीण परिवेशको चित्रण पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


कडन, जे.ए. (१९९९), *द पेन्गुइन डिक्सनरी अफ लिटररी टर्म्स,* लन्डनः पेन्गुइ बुक्स ।

कोरङ्गी, पवित्रा (२०७०), *एउटा पुरानो घर उपन्यासको विधातात्विक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

खवास, केशरबहादुर (२०५५) *शङ्कर कोइरालाको जीवनी व्यक्तित्व र कृतित्व,* अप्रकाशित स्नात्तकोतर शोधपत्र, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

घर्ती, दुर्गाबहादुर (२०६८) *विजय मल्लका उपन्यासः सन्दर्भ र विमर्श,* काठमाडौंः विजय मल्ल स्मृति प्रतिष्ठान ।

*नेपाली बृहत शब्दकोष* (२०५०) काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), *नेपाली उपन्यास र उपन्यासकार,* ललितपुरः साझा प्रकाशन ।

बराल तथा अन्य, सम्पा. (१०५५), *नेपाली साहित्यकोश,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि र एटम नेत्र (२०६६) *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुरः साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५१) *प्रतिभै प्रतिभा नेपाली साहित्य,* काठमाडौंः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भट्टराई, राधाकृष्ण (२०६१) *खैरिनीघाट उपन्यासको कृतिपरक अध्ययन* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लुइटेल, खगेन्द्र (२०६९) *नेपाली उपन्यासको इतिहास,* काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५९) *शैली विज्ञान,* काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम सम्पा.(२०६७) *नेपाली कथा,* ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५९) *नेपाली उपन्यस परम्परा र प्रवृत्ति,* वाराणसीः भूमिका प्रकाशन ।

ह्डसन, डब्लु.एच (१९९४) *एन एन्टोडक्सन टु द स्टडी अफ लिट्रेचर,* न्यू दिल्ली : कल्याणी पब्लिसर्स ।